शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

(२०८० साउनदेखि २०८१ असार मसान्तसम्म)



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर



केन्द्रको वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराई

२०८१/८/७

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

(२०८० साउनदेखि २०८१ असार मसान्तसम्म)



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय

## शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर

## शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

## (२०८० साउनदेखि २०८१ असार मसान्तसम्म)

प्रकाशकः

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र,
सानोठिमी, भक्तपुर

**सर्वाधिकारः शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

फोन नम्बर : ०१-६६३४३६२

वेबसाइट : www.ero.gov.np

इमेल : eronasa@gmail.com

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर

**पत्र सङ्ख्या ०८१/०८२**
**चलानी न. ११५**

मिति : २०८१।०८।७

विषय: वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा ।

माननीय मन्त्रीज्यू,
शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ को दफा ११ बमोजिम यस केन्द्रले आर्थिक वर्ष २०८०।८१ मा सम्पादन गरेका कार्यहरू समेटी तयार पारिएको वार्षिक प्रतिवेदन मिति २०८१।०८।७ को निर्णयअनुसार पेस गरिएको व्यहोरा सादर अनुरोध छ ।

२०८१।८।६

जयराम अधिकारी
महानिर्देशक

# प्राक्कथन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही सम्पन्न गरेका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय कार्यसम्पादन परीक्षण, बालबालिकाको सिकाइ र विकासस्तर परीक्षणलगायत अन्य विभिन्न परीक्षण एवम् लघु अनुसन्धानलगायत कार्यहरू, तिनको प्राप्ति, अनुभव तथा सुझावहरूसहित प्रतिवेदन तयार पारिएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ को दफा ११ बमोजिम राष्ट्रिय शिक्षा परिषद्मार्फत नेपाल सरकारसमक्ष पेस गर्ने व्यवस्थाबमोजिम परिषद्का अध्यक्ष माननीय शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रीज्यूसमक्ष पेस हुन यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको माध्यमबाट शिक्षाका सरोकारवालालाई केन्द्रले सम्पादन गरेका अध्ययन तथा परीक्षणबारे जानकारी प्राप्त हुने छ । यसबाट सरोकारवालालाई शिक्षाको गुणस्तर सुधारका उपाय पहिचान गर्न सहयोग पुग्नाका साथै केन्द्रले आगामी आर्थिक वर्षहरूमा सम्पादन गर्ने कार्यका लागि पृष्ठपोषणसमेत प्राप्त हुने विश्वास गरिएको छ ।

यस वार्षिक प्रतिवेदन तयार गर्ने क्रममा केन्द्रसँग सहकार्य गर्ने र पृष्ठपोषण प्रदान गर्ने सबै संस्था तथा व्यक्तिको योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु । कार्यसम्पादनमा निरन्तर सहजीकरण गर्नुहुने माननीय शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रीज्यूहरू, श्रीमान् सचिवज्यूहरू, प्रदेशका सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, सामाजिक विकास मन्त्रालयका सचिवज्यूहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइहरूलगायत सबैको सहयोगका लागि आभार व्यक्त गर्दछु । यसका साथै परीक्षण तथा अध्ययन ढाँचा विकास, सञ्चालन र नतिजा विश्लेषणका विभिन्न चरणमा योगदान गर्ने परीक्षण समिति, सबै विषय समितिका अध्यक्ष तथा सदस्यहरू, विज्ञहरू तथा विषय शिक्षकहरूलाई हार्दिक धन्यवाद दिन्छु । परीक्षण तथा अध्ययनमा सहभागी हुने विद्यार्थी, प्रधानाध्यापकहरू तथा शिक्षकहरू धन्यवादका पात्र हुनुहुन्छ । विभिन्न किसिमका परीक्षण तथा अध्ययन अनुसन्धानमा संलग्न हुनुभएका विश्वविद्यालयका प्राध्यापक तथा विज्ञहरूलाई हार्दिक धन्यवाद छ ।

प्राविधिक सहयोग उपलब्ध गराउने र केन्द्रसँग सहकार्य गर्ने सबै विकास साझेदारहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । नतिजा प्रबोधीकरणमा सहभागी भई आफ्ना प्रकाशन तथा प्रसारणमार्फत प्रचारप्रसार तथा विश्लेषण गर्ने पत्रकारहरू, यस केन्द्रका साविक महानिर्देशक, कर्मचारीहरू तथा यस विषयमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै रचनात्मक सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा गर्दछु ।

जयराम अधिकारी
महानिर्देशक

**Abbreviations**

| | |
|---|---|
| EDCU: | Education Development and Coordination Unit |
| CDC: | Curriculum Development Centre |
| CEHRD: | Centre for Education and Human Resource Development |
| ELDS: | Early Learning and Development Standards |
| ERO: | Education Review Office |
| GPF: | Global Proficiency Framework |
| MOEST: | Ministry of Education, Science and Technology |
| NARN: | National Assessments of Reading and Numeracy |
| NASA: | National Assessments of Student Achievement |
| NEB: | National Educations Board |
| PA: | Performance Audit |

# प्रतिवेदनको सारांश

१. यस केन्द्रको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रममध्ये कक्षा ५ र १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को प्रतिवेदन विकास गर्नु प्रमुख कार्य रहेको थियो । NASA अन्तर्गत आ.व. २०७८/७९ मा सम्पन्न कक्षा ५ को र २०७९/०८० मा सम्पन्न कक्षा १० को परीक्षणबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी प्रतिवेदन विकास गरिएको हो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गत आर्थिक वर्षमा प्रकाशित कक्षा ५ र १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण प्रतिवेदनका मुख्य प्राप्ति र निष्कर्ष देहायबमोजिम रहेका छन् :

- कक्षा ५ को नतिजाको सन्दर्भमा सन् २०१८ को तुलनामा सन् २०२२ मा गणित विषयको सिकाइ उपलब्धि घटेको (५०० बाट ४८४.६) छ भने नेपालीको सिकाइ उपलब्धिमा खासै फरक परेको छैन (५०० बाट ४९८.९) । सन् २०१८ मा अङ्ग्रेजी र विज्ञान तथा प्रविधि तथा प्रविधि विषयको परीक्षण सञ्चालन नभएकाले यी विषयको नतिजा तुलना गरिएको छैन ।
- कक्षा ५ को सिकाइ सक्षमतालाई चार तह (Pre-Basic, Basic, Proficient and Advanced) र कक्षा १० को सक्षमतालाई ६ तह (Below-Basic, Basic, Proficient 1, Proficient 2, Proficient 3 and Advanced) मा विभाजन गरी विश्लेषण गरिएको छ । सिकाइस्तरका हिसाबले विषयगत रूपमा नतिजा फरक फरक रहेको छ ।
- धेरै विद्यार्थी न्यूनतम सिकाइ हासिल गर्नका लागि पनि सङ्घर्षरत छन् । कक्षा ५ का विद्यार्थीमध्ये गणितमा २२ प्रतिशतले, नेपालीमा ५१ प्रतिशतले, विज्ञान तथा प्रविधि तथा प्रविधिमा ५३ प्रतिशतले र अङ्ग्रेजीमा ४४ प्रतिशतले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका छन् ।
- कक्षा १० को सन् २०१९ सँग सन् २०२३ को नतिजा तुलना गर्दा विषयगत राष्ट्रिय औषत विज्ञान तथा प्रविधि तथा प्रविधिमा ५०० बाट ५०५, अङ्ग्रेजीमा ५०० बाट ५१५ र नेपालीमा ५०० बाट ४९९ पुगेको छ । सन् २०२३ मा गणित विषयको राष्ट्रिय औसत ५०० रहेको छ ।
- बागमती, गण्डकी, लुम्बिनी र कोशी प्रदेशका विद्यार्थीको विषयगत सिकाइ उपलब्धि अन्य प्रदेशको तुलनामा राम्रो देखिएको छ । गाउँपालिकाको तुलनामा नगरपालिकाको र सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विषयगत सिकाइ उपलब्धि राम्रो

देखिएको छ । दलित र जनजातिका तुलनामा ब्राह्मण/क्षेत्री समुदायका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो देखिएको छ । घरदेखि विद्यालयसम्मको दुरीले सिकाइमा प्रत्यक्ष प्रभाव पारेको देखिएको छ । सामाजिक सञ्जाल तथा अन्य सूचना प्रविधिमा दैनिक २ घण्टाभन्दा बढी समय बिताउने विद्यार्थीको सिकाइमा नकारात्मक प्रभाव परेको देखिएको छ ।

- समूह कार्य गर्ने र फुर्सदमा अतिरिक्त क्रियाकलापमा सहभागी हुने विद्यार्थीको सिकाइ उपलब्धि उच्च रहेको देखिएको छ । अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिएको छ । विद्यालय र शिक्षकप्रति सकारात्मक अभिवृत्ति भएका विद्यार्थीको उपलब्धि उच्च रहेको देखिएको छ । अझै पनि एक तिहाइ विद्यार्थीले दुर्व्यवहार भोग्नुपरेको देखिएको छ । दुर्व्यवहार सामना गर्ने विद्यार्थीको सिकाइ कमजोर रहेको देखिएको छ ।

२. शैक्षिक सत्र २०८० मा कक्षा ३ पूरा गरेका विद्यार्थीको पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि प्रयोग गरिने परीक्षण साधनलाई स्तरीकरण गर्ने उद्देश्यले सातओटै प्रदेशको प्रतिनिधित्व हुने गरी १० ओटा जिल्लाका ८० ओटा वद्यिालयका १२०० विद्यार्थीमा पूर्व परीक्षण सञ्चालन गरिएको थियो ।

३. कक्षा ३ को पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण ३३ जिल्लाका ५७९ ओटा सामुदायिक विद्यालयका ८००० विद्यार्थीमा २०८१ जेठमा सञ्चालन गरिएको थियो । उक्त परीक्षणको प्रतिवेदन चालु आर्थिक वर्षमा तयार गरिने कार्यक्रम रहेको छ ।

४. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SEE) मा विद्यार्थीको विषयगत प्राप्ताङ्कका आधारमा प्रश्न विश्लेषण, पाठ्यक्रम र विशिष्टीकरण तालिका तथा प्रश्नबिचको तालमेल, विद्यार्थीको उपलब्धिस्तरको अवस्था जस्ता पक्षहरूको अध्ययन गरी प्रतिवेदन तयार गरियो । उक्त विश्लेषणबाट अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयको केही प्रश्न सुधार गर्नुपर्ने देखिएको छ ।

५. पाठ्यक्रमका निर्दिष्ट सिकाइ उपलब्धि तथा सक्षमताहरूको उपलब्धिको अवस्था पहिचान गर्न विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) गर्ने कार्यका लागि परिवर्तित पाठ्यक्रमअनुसार कक्षा १० को गणित, विज्ञान तथा प्रविधि, नेपाली र अङ्ग्रेजी गरी मुख्य ४ विषयको परीक्षण कार्य ढाँचा (Assessment Framework) विकास गरिएको छ ।

६. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को विगतका नतिजाहरूलाई सङ्क्षेपीकरण गरी अङ्ग्रेजी विषयको कक्षा ५, ८ र १० को सन् २०१२, २०१५, २०१९ र

२०२२ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) का प्रतिवेदनहरूलाई संश्लेषण गरी क्याप्सुल प्रतिवेदन विकास गरिएको छ ।

७. स्थानीय तहको शिक्षा सेवा प्रवाहसम्बन्धी सेवाग्राही सन्तुष्टि लेखाजोखा गर्ने कार्यक्रमअनुसार १२ जिल्लाका ३५ ओटा स्थानीय तहका सेवाग्राहीहरूसँग सेवाग्राही सन्तुष्टि लेखाजोखा गरियो । यसको प्रतिवेदन आ.व.२०८१/८२ मा तयार गरी प्रकाशन गरिने छ ।

८. स्थानीय तह शिक्षा शाखा/महाशाखाको कार्यसम्पादन परीक्षणसम्बन्धी कार्यक्रम रहेकोमा सेवाग्राहीहरूको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति कार्यसम्पादनको स्तरबारे नियमित जानकारी गराउने, नागरिकप्रति सरकारको जवाफदेहिता अभिवृद्धि गराई सार्वजनिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने, स्थानीय तहको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले १२ जिल्लाका ३५ ओटा स्थानीय तहको शैक्षिक सेवाप्रवाहको कार्यसम्पादन परीक्षण गरिएको थियो । यसको प्रतिवेदन आ.व.२०८१/८२ मा तयार गरी प्रकाशन गरिने छ ।

९. गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण विज्ञ परीक्षकहरूद्वारा गराइएको थियो । यसको तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन कार्य बाँकी रहेको छ ।

१०. सातओटै प्रदेशका शिक्षा तालिम केन्द्रहरूका कार्यक्रमको कार्यसम्पादन परीक्षणमार्फत शिक्षा तालिम केन्द्रको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले शैक्षिक सेवा प्रवाहसम्बन्धी उक्त केन्द्रहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो ।

११. प्रारम्भिक कक्षाहरूमा बालबालिकाको पठन र गणितीय सिप परीक्षण गर्नका लागि उपयुक्त प्रक्रिया र साधन विकास र परिमार्जन गर्न आवश्यक देखिएकाले विज्ञ, शिक्षक तथा अन्य सम्बन्धित सरोकारवालासँग छलफल तथा कार्यशाला सञ्चालन गरी Early Grade Reading Assessment (EGRA), Early Grade Mathematics Assessment (EGMA) and Classroom Based Early Grade Reading Assessment (CB-EGRA) को परीक्षण ढाँचा विकास गरी Item Bank तयार गरिएको थियो ।

१२. यस केन्द्रबाट सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA) तथा कार्यसम्पादन परीक्षण (Performance Audit-PA) अध्ययनका प्राप्ति एवम् सिफारिस सारांश र सिफारिस कार्यान्वयनका ठोस सुझावसमेत समेटिएको आ व २०७९/०८० को वार्षिक प्रतिवेदनलाई माननीय शिक्षा, विज्ञान तथा

प्रविधि तथा प्रविधि मन्त्रीज्यूसमक्ष एक सार्वजनिक समारोहका बिच हस्तान्तरण कार्यक्रम सम्पन्न भयो ।

१३. यस केन्द्रबाट वार्षिकरूपमा सम्पादन गरिएका कार्यहरूको प्रतिवेदनमा समाविष्ट प्राप्ति र सिफारिसका सम्बन्धमा सरोकारवालालाई जानकारी दिने उद्देश्यले कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको दाङ, बागमती प्रदेशको काभ्रेपलान्चोक, मधेश प्रदेशको धनुषा र सुदुरपश्चिम प्रदेशको धनगढीमा प्रदेशस्तरीय प्रबोधीकरण गोष्ठी सञ्चालन गरियो ।

१४. यस केन्द्रका कार्यसम्पादनलाई स्वतन्त्र तवरबाट अनुगमन गरी लेखाजोखा गर्न र भावी दिनका लागि सुझाव तथा पृष्ठपोषण प्राप्त गर्न १४ जना सञ्चारकर्मीहरूको सहकार्यमा नमुनाका रूपमा १४ जिल्लाको स्थलगत अनुगमन गरी प्रतिवेदन लिने कार्य सम्पन्न भयो ।

१५. आ.व. २०७९/८० मा विद्यालय कार्यसम्पादन परीक्षण सम्पन्न भएका सुनसरी, रौतहट, सिन्धुपाल्चोक र प्युठान गरी ४ जिल्लाका ३९५ सामुदायिक माध्यमिक विद्यालयको तथ्याङ्क व्यवस्थापनको कार्य सम्पन्न भई स्थानीय तहका आधारमा जिल्लागत एवम् एकीकृत प्रतिवेदन तयार गरिएको थियो ।

१६. आर्थिक वर्ष २०८०/०८१ मा विद्यालय कार्यसम्पादन परीक्षण सम्पन्न भएका स्याङ्जा, गुल्मी, खोटाङ र दैलेख गरी ४ जिल्लाका ४५० सामुदायिक माध्यमिक विद्यालयको तथ्याङ्क व्यवस्थापनको कार्य सम्पन्न भई स्थानीय तहका आधारमा जिल्लागत एवम् एकीकृत प्रतिवेदन तयार गरिएको छ ।

१७. कार्यसम्पादन परीक्षणपश्चात सामुदायिक माध्यमिक विद्यालयलाई दिइएको पृष्ठपोषण तथा सुझावको कार्यान्वयन र सुधारको अवस्था पहिचान गर्ने तथा विद्यालय तथा सम्बन्धित निकायलाई थप सुधारका लागि सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने प्रयोजनार्थ ७ प्रदेशका ७ जिल्लाका १४ ओटा स्थानीय तहअन्तर्गतका ८८ ओटा विद्यालयको कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम सम्पन्न गरिएको छ ।

१८. प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण साधनलाई परिमार्जन गरी वस्तुपरक बनाउने र साधनमा सूचकको सङ्ख्यासमेत थप गरिएको छ ।

१९. कक्षा एकमा बालबालिका विद्यालय शिक्षाको लागि कत्तिको तयार अवस्थामा आउने गर्दछन् भन्ने विषयमा केन्द्रित रहेर सातै प्रदेश समेटिने गरी २९ जिल्लाका २७४ ओटा विद्यालयका ३९७८ विद्यार्थीबाट तथ्याङ्क सङ्कलन गरी प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) को प्रतिवेदन तयार गरिएको छ ।

# विषयसूची


शीर्षक पृष्ठ सङ्ख्या

**परिच्छेद १**

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार ........ २

१.३ प्रतिवेदन पेस गर्ने दायित्व ........ ५

**परिच्छेद २**

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनसँग सम्बन्धित कानुन तथा नीतिगत आधार ........ ६**

२.१ नेपालको संविधान ........ ६

२.२ शिक्षा ऐन, २०२८ ........ ६

२.३ नीति तथा योजना ........ ६

२.३.१ राष्ट्रिय शिक्षा नीति, २०७६ ........ ६

२.३.२ विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ........ ७

२.३.३ विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) ........ ७

२.३.४ विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ........ ८

२.४ निर्देशिका, कार्यविधि तथा मुख्य मार्गदर्शनहरू ........ ८

२.४.१ शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ........ ८

२.४.२ विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०८० र विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०८० ........ ८

२.४.३ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण नीति मार्गदर्शन, २०२२ ........ ९

२.४.४ स्थानीय तह (शिक्षा महाशाखा/शाखा) को कार्यसम्पादन परीक्षण साधन र मार्गदर्शन, २०८० ........ ९

२.५ सङ्गठनात्मक संरचना ........ ९

**परिच्छेद ३**

**शैक्षिक गुणस्तर परीक्षणसम्बन्धी सैद्धान्तिक पक्ष ........ ११**

३.१ बृहत् स्तरमा गरिने परीक्षण ........ ११

३.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनका क्षेत्रहरू ........ १३

३.२.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण ........ १३

३.२.२ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण ........ १३

३.२.३ प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण ........ १३
३.२.४ कार्यसम्पादन परीक्षण ........ १४
३.२.५ सेवाग्राही सन्तुष्टि सर्वेक्षण ........ २१
३.२.६ कार्यक्रम परीक्षण ........ २१
३.२.७ अनुसन्धान तथा विकास ........ २१
३.३ कार्यसम्पादनका सिद्धान्तहरू ........ २२
**परिच्छेद ४**
**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सम्पादन ........ २३**
४.१ विद्यार्थी उपलब्धि परीक्षण ........ २३
४.१.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण ........ २३
४.१.२ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) को पूर्व परीक्षण ........ ३८
४.१.३ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण ........ ३९
४.१.४ माध्यमिक शिक्षा परीक्षाको स्तरीकरण अङ्कको विश्लेषण ........ ४१
४.१.५ परिवर्तित पाठ्यक्रममा आधारित कक्षा १० को NASA Framework विकास ........ ४२
४.१.६ अङ्ग्रेजी विषयको क्याप्सुल विकास ........ ४३
४.१.७ कक्षा ८ का विद्यार्थीको NASA पूर्वपरीक्षण सञ्चालन ........ ४६
४.१.८ कक्षा १० को परीक्षण भएका उत्तर पुस्तिका परीक्षण, तथ्याङ्क प्रविष्टि ........ ४६
४.१.९ कक्षा १० र ५ को NASA परीक्षणको तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन, प्रकाशन ........ ४६
४.२ कार्यसम्पादन परीक्षणहरू ........ ४७
४.२.१ सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यालयको स्तरीकरण ........ ४७
४.२.२ विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम ........ ५८
४.२.३ नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता परीक्षण ........ ६९
४.२.४ स्थानीय तहको शिक्षा सेवा प्रवाहसम्बन्धी सेवाग्राही सन्तुष्टि लेखाजोखा ........ ६९
४.२.५ स्थानीय तह शिक्षा शाखा/महाशाखाको कार्यसम्पादन परीक्षण ........ ७७
४.२.६ विभिन्न गैससबाट सञ्चालित शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण ........ ८२
४.२.७ सातओटै प्रदेशका शिक्षा तालिम केन्द्रहरूका कार्यक्रमको कार्यसम्पादन परीक्षण .. ८७
४.२.८ EGRA, EGMA and CB-EGRA साधन विकास र Item Bank तयारी ........ ९३
४.२.९ बागमती र मधेश प्रदेशका शिक्षा विकास निर्देशनालयहरूको शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण ........ ९७
४.३ प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standard) ........ १०२

४.४ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन हस्तान्तरण ........ १०७
४.५ प्रदेश स्तरीय प्रबोधीकरण गोष्ठी सञ्चालन ........ १०८
४.६ सञ्चार संस्थासँग सहकार्य ........ ११०
४.७ जर्नल, ब्रुसियर र बुलेटिन प्रकाशन ........ ११२
**परिच्छेद ५**
**वित्तीय अवस्था ........ ११३**
५.१ वार्षिक बजेट विनियोजनको अवस्था र प्रगति ........ ११३
५.२ लेखापरीक्षण तथा बेरूजुको अवस्था ........ ११४
**परिच्छेद ६**
**समस्या, चुनौती र अवसर ........ ११५**
६.१ समस्या ........ ११५
६.२ चुनौती ........ ११६
६.३ अवसर ........ ११८
**परिच्छेद ७**
**भावी कार्यदिशा ........ १२०**
सन्दर्भ सामग्री ........ १२३
अनुसूची-१ ........ १२४
शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठन संरचना ........ १२४
अनुसूची-२ ........ १२५
शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषयगत समितिहरूको विवरण ........ १२५

# परिच्छेद १

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय

## १.१ पृष्ठभूमि

विश्वका विभिन्न देशहरूमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्ने अभ्यास रहेको छ। यस प्रकारको परीक्षण कतिपय देशमा कानुनद्वारा स्थापित स्वायत्त निकायबाट हुने गर्छ भने कतिपय देशमा सरकार मातहतका निकायबाट हुने गर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित मूल्यमान्यता एवम् सिद्धान्तका आधारमा विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र शैक्षिक संस्था एवम् निकायको कार्यसम्पादन परीक्षण गरी प्राप्त नतिजालाई वस्तुगत ढङ्गले विश्लेषण गरी दिइने सुझाबहरूले शैक्षिक क्षेत्रका सुधारका लागि मार्गदर्शन प्रदान गर्छ।

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ। गुणस्तरीय शिक्षा प्राप्त गर्नु सबै नागरिकको मौलिक हक हो। त्यसै गरी नेपालको संविधानको धारा ५१ को राज्यका नीतिअन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने विषय उल्लेख छ। संवैधानिक व्यवस्थाअनुरूप नागरिकलाई गुणस्तरीय शिक्षा उपलव्ध गराउन शिक्षासम्बन्धी नीति तथा कार्यक्रममा निरन्तर सुधार गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ। यसका लागि विद्यार्थीको उपलब्धि परीक्षण, शैक्षिक कार्यक्रमहरूको परीक्षण तथा विद्यालय एवम् शैक्षिक निकायको कार्यसम्पादन परीक्षण गरी वस्तुगत ढङ्गले विश्लेषणमार्फत सुधारका क्षेत्र तथा विषय पहिचान गर्नुपर्ने देखिन्छ।

नेपालमा विद्यार्थीको सिकाइ उपलब्धिस्तरको परीक्षण तथा शैक्षिक निकाय एवम् शिक्षण संस्थाको कार्यसम्पादन परीक्षण गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले अलग्गै निकायको परिकल्पना गरेको थियो। यसै परिकल्पनाअनुसार शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयअन्तरगत रहने गरी वि.सं. २०६६ साल कार्तिकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको थियो। स्थापनाको समयमा कार्यविधि तथा मार्गदर्शनमार्फत आफ्नो काम कारवाही अगाडि बढाएको यस केन्द्रलाई वि.सं. २०७३ सालको शिक्षा ऐनको आठौं संशोधनले कानुनी आधार प्रदान गरेको थियो। शिक्षा ऐन २०२८ को दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने

कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भनी स्पष्ट व्यवस्था छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयबाट मिति २०७४ भदौ २७ गते शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी गरी यसै निर्देशिकाअनुसार केन्द्रले आफ्नो काम कारवाही सञ्चालन गर्दै आएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ५, ८ र १० को अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान तथा प्रविधि गरी ४ विषयको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessments of Student Achievement, NASA), कक्षा ३ का विद्यार्थीको पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessments of Reading and Numeracy, NARN), बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण (Early Learning and Development Standards based Assessment), विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (Performance Audit, PA) र स्थानीय तहको शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण एवम् कार्यसम्पादन परीक्षण जस्ता कार्यहरू गर्दै आएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ को दफा ११ ले केन्द्रले परीक्षणसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रिय शिक्षा परिषद्मार्फत नेपाल सरकारसमक्ष पेस गर्ने उल्लेख गरेको छ। यसै सन्दर्भमा पृष्ठभूमि, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार, कार्यसम्पादनको कानुन तथा नीतिगत आधार, कार्यसम्पादनको सैद्धान्तिक पक्ष, वि.सं.२०८० साउनदेखि वि.सं.२०८१ असारसम्म सम्पादन गरिएका कार्यको प्रतिवेदन, वित्तीय अवस्था, समस्या, चुनौती, अवसर र भावी कार्यदिशा समेटी आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गरिएको छ।

## १.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले ऐनको दफा ७ख. मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ।त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने व्यवस्था छ। शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार एवम् सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकार तथा मातहतका शैक्षिक निकाय तथा विद्यालयहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू देहायका क्षेत्रहरूसँग सम्बन्धित रहेका छन् :

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण
- विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण र
- शैक्षिक मुद्दाहरूमा अध्ययन अनुसन्धान

माथि उल्लिखित कार्यक्षेत्रहरूलाई आधार मानी शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरेको छः

(क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने

(ख) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने

(ग) जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने

(घ) शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने

(ङ) शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने

(च) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझाबहरू उपलब्ध गराउने

(छ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने

(ज) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानका लागि मानवीय तथा संस्थागत क्षमता विकास गर्ने गराउने

(झ) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

यसका साथै निजामती सेवाअन्तर्गत नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई केन्द्रको महानिर्देशक हुने प्रावधान रहेको छ। महानिर्देशकको काम कर्तव्य र अधिकारलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ले देहायअनुसार उल्लेख गरेको छ :

१. केन्द्रको वार्षिक योजना, कार्यक्रम, बजेट तयार गर्ने गराउने
२. निकायगत, विद्यालयगत कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिस्तर परीक्षण सम्बन्धी कार्य योजना तथा रणनीति निर्माण गर्ने गराउने
३. निकायगत, विद्यालयगत कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिस्तर परीक्षण तथा विद्यार्थी सिकाइस्तर परीक्षणका लागि आवश्यक कार्यविधि तथा कार्य निर्देशिका विकास गर्ने गराउने
४. स्वीकृत योजना तथा कार्यविधिअनुसार शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र पदाधिकारीको सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने गराउने
५. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने गराउने
६. निकायगत तथा विद्यालयगत कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलव्धि परीक्षणका लागि ढाँचा, साधन, सूचक तथा मापदण्ड विकास गर्ने गराउने
७. परीक्षण गरिएका निकाय र विद्यालयहरूको प्रतिवेदन तयार गर्ने गराउने
८. गुणात्मक सुधारका लागि विद्यार्थीको सिकाइस्तरको आवधिक रूपमा परीक्षण गर्ने गराउने
९. मन्त्रालय अन्तर्गतका निकायहरू र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबिच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाब दिने
१०. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गराई सुझाबहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने, गराउने
११. परीक्षण समितिको निर्णयअनुसार परीक्षणहरूका अन्तिम प्रतिवेदन तयार गर्ने गराउने, परीक्षण समितिमा छलफल गराउने र राष्ट्रिय शिक्षा परिषदमा पेस गरी सार्वजनिक गर्ने गराउने
१२. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजालाई अन्तर्राष्ट्रिय अभ्यास तथा अवस्थासँग तुलना गर्ने गराउने र सरोकारवालाहरूलाई उपलब्धिको जानकारी गराउने
१३. केन्द्रको वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गर्ने
१४. विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षणसम्बन्धी रणनीति र कार्यनीति, ढाँचा, कार्ययोजना निर्माण गर्ने गराउने

१५. उपलब्धि परीक्षण र कार्यसम्पादन परीक्षणको विकास र गुणस्तर विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत सम्बन्ध र सम्पर्क विस्तार गर्ने गराउने

१६. विद्यार्थी उपलब्धि तथा कार्यसम्पादन परीक्षणसम्बन्धी नीति तथा कार्यनीति तयार गर्ने र परीक्षण समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने

१७. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुखका रूपमा केन्द्रको दैनिक प्रशासन, आर्थिक प्रशासन, खरिद र कर्मचारी प्रशासनसम्बन्धी सम्पूर्ण निर्णय गर्ने र कार्यान्वयन गर्ने गराउने।

## १.३ प्रतिवेदन पेस गर्ने दायित्व

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ को दफा ११ ले "केन्द्रले परीक्षणसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी गराई राष्ट्रिय शिक्षा परिषद्मार्फत नेपाल सरकार समक्ष पेस गर्ने छ" भन्ने व्यवस्था गरेको छ। यसका साथै निर्देशिकाले प्रतिवेदनमा परीक्षणको विधि र प्रक्रिया, परीक्षण गरिएका विद्यालय, निकाय, विषय, विद्यार्थी आदिको सङ्ख्यासहितको विवरण, परीक्षणबाट पाइएको नतिजाका प्रमुख अंश, समस्या देखिएका भए सो र समाधानका उपायहरू साथै आवश्यकतानुसार शैक्षिक नीति तर्जुमा र सेवा प्रवाहमा सुधारका लागि मन्त्रालय तथा सम्बद्ध निकायहरूका लागि सुझाव एवम् पृष्ठपोषण उल्लेख गर्नुपर्ने व्यवस्था गरेको र त्यसै गरी केन्द्रको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा "शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट वार्षिक रूपमा सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा कार्यसम्पादन परीक्षण अध्ययनका प्राप्ति एवम् सिफारिस सारांश र सिफारिस कार्यान्वयनका ठोस सुझावसमेत समेटिएको वार्षिक प्रतिवेदन तयारी तथा माननीय शिक्षा मन्त्रीसमक्ष प्रतिवेदन हस्तान्तरण समारोह व्यवस्थापन" भन्ने व्यवस्थाअनुसार शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नेपाल सरकारका माननीय शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रीज्यू समक्ष पेस गर्न आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार पारेको छ ।

# परिच्छेद २

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनसँग सम्बन्धित कानुन तथा नीतिगत आधार

नेपालको संविधान र कानुमा रहेका शैक्षिक हक एवम् प्रावधान तय भएका शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूसँग आबद्ध छन्। यस परिच्छेदमा सोसम्बन्धी सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ।

## २.१ नेपालको संविधान

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ। त्यसै गरी संविधानको धारा ५१ को राज्यका नीतिहरूअन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने विषय उल्लेख छ। संवैधानिक व्यवस्था अनुरूप नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन शिक्षासम्बन्धी नीति तथा कार्यक्रममा निरन्तर सुधार गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ।

## २.२ शिक्षा ऐन, २०२८

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने, केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने तथा केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने भन्ने व्यवस्था गरिएको छ।

## २.३ नीति तथा योजना

### २.३.१ राष्ट्रिय शिक्षा नीति, २०७६

प्रस्तुत नीतिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु राष्ट्रिय शिक्षा नीतिको उद्देश्य रहेको छ। सो नीतिमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आफ्नो क्षेत्राधिकारमा रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने विषयसमेत उल्लेख छ। त्यस्तै दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन

गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने नीति एवम् परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिने छ भन्ने कार्यनीति रहेको छ।

## २.३.२ विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)

मानक र मापदण्डका आधारमा विभिन्न तहका निकायहरूको बाह्य मूल्याङ्कन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना हुने कुरा विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भएको थियो। यसका साथै उक्त योजनामा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वार्षिक प्रगति प्रतिवेदन शिक्षा नीति निर्धारण समितिमा प्रस्तुत गर्ने र त्यसलाई अन्त्यमा सार्वजनिकसमेत गरिने उल्लेख भएको थियो।

## २.३.३ विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९)

विद्यालय क्षेत्र विकास योजनाको अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रको रणनीतिमा विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्याङ्कन तथा प्रारम्भिक कक्षा पढाइको मूल्याङ्कन नियमित सञ्चालन गर्ने लगायत शिक्षा प्रणालीको स्वतन्त्र समीक्षा तथा मूल्याङ्कन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमता सुदृढ गराउने तथा शैक्षिक व्यवस्थापन सूचना प्रणाली, वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्यक्रम तथा बजेटलगायत अन्य सूचना प्रणालीसँग विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा मूल्याङ्कन र अनुगमनका नतिजा र नीति निर्माण एवम् योजना तर्जुमा प्रक्रियालाई आबद्ध गराउने भन्ने रहेको थियो।

त्यसैगरी यसै योजनाको परीक्षा तथा मूल्याङ्कन उपक्षेत्रको रणनीतिमा "प्रारम्भिक कक्षामा पढाइको मूल्याङ्कन (EGRA) र विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई शिक्षा प्रणालीको अभिन्न अङ्ग बनाइने छ र यसलाई कक्षा १० सम्म विस्तार गरिने छ" भन्ने व्यवस्था उल्लेख गरिएको थियो। यस्ता परीक्षणका नतिजा निर्धारित समयको अन्तरालमा अपेक्षा गरिएका सिकाइ उपलब्धि बढे नबढेको पत्ता लगाउन र सबल तथा कमजोर पक्षको पहिचान गर्नमा उपयोग गरिने व्यस्थासमेत उल्लेख भएको थियो। परीक्षणको नतिजा पाठ्यक्रम विकास तथा शिक्षकको पेसागत विकासका पाठ्यक्रम तर्जुमा गर्न संलग्न निकायहरूको उपयोगका लागि पनि पठाइने तथा त्यस्ता नतिजाहरूलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रअन्तर्गत संस्थागत गरिने व्यवस्था उक्त योजनाको दस्ताबेजमा रहेको थियो।

### २.३.४ विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८)

विद्यालय शिक्षा क्षेत्र योजनाले निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चत गर्ने र सुधारका क्षेत्र पहिचान गर्ने रणनीति लिएको छ। यो योजनामा पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी क्रमशः पाठ्यक्रम तथा परीक्षणसम्बन्धी निर्धारित कार्यक्रम सञ्चालन गर्ने तथा क्रियाकलापहरूको कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहलाई अधिकार क्षेत्रभित्र रही प्राविधिक सहयोग उपलब्ध गराउने भन्ने विषय उल्लेख गरिएको छ।

## २.४ निर्देशिका, कार्यविधि तथा मुख्य मार्गदर्शनहरू

### २.४.१ शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि मिति २०७४ भाद्र २७ मा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ। यसले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार, केन्द्रका महानिर्देशकको (कार्यकारी निर्देशक) काम, कर्तव्य र अधिकार, परीक्षण समिति र त्यसका कार्यहरू, विषय समिति, केन्द्रको संरचना र व्यवस्थापन एवम् परीक्षण सञ्चालन प्रक्रियालगायतका विषयहरूलाई समेटेको छ।

### २.४.२ विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०८० र विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०८०

विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्यलाई व्यवस्थित रूपमा सञ्चालन र बाह्य परीक्षण तथा स्वमूल्याङ्कन प्रयोजनमा मार्गदर्शन प्रदानका लागि विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०८० र विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०८० विकास गरी कार्यान्वयनमा ल्याइएको छ। यसलाई प्रत्येक वर्ष अद्यावधिक गर्ने व्यवस्था रहेको छ। विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०८० ले विद्यालयहरूको कार्यसम्पादन परीक्षण तथा स्तरनिर्धारणका लागि ८९ ओटा सूचकहरू (लगानीको २७ ओटा, प्रक्रियाको ४६ ओटा र उपलब्धिका १५ ओटा र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको १ ओटा) र चारओटै क्षेत्रको लागि २६९ पूर्णाङ्क (लगानीको ८१, प्रक्रियाको १३८, उपलब्धिको ४५ र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको ५) को व्यवस्था गरेको छ।

### २.४.३ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण नीति मार्गदर्शन, २०२२

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कार्यलाई बृहत्तर रूपमा नीतिगत मार्गदर्शन प्रदान गर्न विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण नीति मार्गदर्शन, २०२२ (NASA Policy Guidelines, 2022) तयार गरी कार्यान्वयनमा ल्याइएको छ। यस नीति मार्गदर्शनले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका लागि परीक्षण ढाँचासम्बन्धी व्यवस्थालगायत परीक्षण सञ्चालन तथा प्रतिवेदन प्रकाशन र प्रबोधीकरणसम्बन्धी नीतिगत बुँदाहरू उल्लेख गरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको योजना, व्यवस्थापन र प्रतिवेदनसम्बन्धी नीतिगत व्यवस्था गरेको छ। यसका साथै गाइडलाइनले दिगो विकासको लक्ष्य (SDG) ४.१ को प्रगति Global Profeciency Framework (GPF) सँग तालमेल हुने गरी प्रतिवेदन गर्ने व्यवस्थासमेत उल्लेख गरेको छ। यसको अलावा मार्गदर्शनले विद्यालय शिक्षा क्षेत्र योजना अवधि २०७८/७९ देखि २०८६/०८७ सम्मको NASA तथा NARN सञ्चालनसम्बन्धी वार्षिक समय तालिका उल्लेख गरेको छ।

### २.४.४ स्थानीय तह (शिक्षा महाशाखा/शाखा) को कार्यसम्पादन परीक्षण साधन र मार्गदर्शन, २०८०

प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्दै स्थानीय तहको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले स्थानीय तहको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादनको लेखाजोखाका लागि स्थानीय तह (शिक्षा महाशाखा/शाखा) को कार्यसम्पादन परीक्षण साधन मार्गदर्शन, २०८० विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

## २.५ सङ्गठनात्मक संरचना

नेपालमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण तथा शैक्षिक निकाय एवम् शिक्षण संस्थाको कार्यसम्पादन परीक्षण गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले अलग्गै निकायको परिकल्पना गरेको थियो। यसै परिकल्पनाअनुसार नेपाल सरकारबाट शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयअन्तर्गतको वि.सं. २०६६ साल कार्तिकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको थियो। वि.स. २०७३ सालको शिक्षा ऐनको आठौं संशोधनले ऐनको दफा ७ख मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भनी स्पष्ट व्यवस्था गरेको छ। त्यसैगरी केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने ऐनमा व्यवस्था गरिएको छ।

केन्द्रको काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि मिति २०७४ भाद्र २७ मा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ। यसले केन्द्रको काम, कर्तव्य र अधिकार, केन्द्रका कार्यकारी प्रमुख (महानिर्देशक) को काम, कर्तव्य र अधिकार, परीक्षण समिति र त्यसका कार्यहरू, विषय समिति, केन्द्रको संरचना र व्यवस्थापन एवम् परीक्षण सञ्चालन प्रक्रियालगायत विषयहरूलाई समेटेको छ। केन्द्रको सङ्गठन संरचनाको विवरण अनुसूची-१ मा राखिएको छ।

## शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषय समिति

परीक्षण विधि तथा प्रक्रिया निर्धारण गर्न पृष्ठपोषण प्रदान गर्ने, परीक्षणका लागि आवश्यक प्रश्नपत्र, प्रश्नावलीलगायतका परीक्षण साधनहरूलाई अन्तिम रूप प्रदान गर्ने, सम्बन्धित विषयमा परीक्षण तथा अध्ययन अनुसन्धान सञ्चालनका लागि केन्द्रलाई आवश्यक प्राविधिक सहयोग गर्नेलगायत कार्य लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ले दिएको अधिकार प्रयोग गरी विषयगत रूपमा विभिन्न विषयगत समिति गठन गरिएका छन्। यसको विस्तृत विवरण अनुसूची - २ मा दिइएको छ।

# परिच्छेद ३

# शैक्षिक गुणस्तर परीक्षणसम्बन्धी सैद्धान्तिक पक्ष

यस परिच्छेदमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने र गर्दै आएका केही सैद्धान्तिक पक्षहरूको बारेमा उल्लेख गरिएको छ।

## ३.१ बृहत् स्तरमा गरिने परीक्षण

शिक्षा क्षेत्रमा विभिन्न निकाय, संस्था र व्यक्तिहरूको सहभागिता र लगानी रहेको हुन्छ। यी सहभागिता तथा लगानीको केन्द्रमा विद्यार्थी रहेको हुन्छ। विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन विविध उद्देश्यका लागि गरिने गरिन्छ। विषयगत र कक्षागत रूपमा सिकाइ अभिवृद्धिका लागि परीक्षण (Assessment for Learning), विद्यार्थीको सिकाइ उपलब्धि तय गर्न अथवा प्रमाणीकरण गर्नका लागि (Assessment of Learning) तथा विद्यार्थी आफैंले सिकाइको स्वमूल्याङ्कनबाट सिकाइ अभिवृद्धि (Assessment as Learning) आदि प्रकारले परीक्षण गर्ने र यसका प्राप्तिलाई उपयोगमा ल्याउन गरिन्छ (Manitoba Education, Citizenship and Youth 2006)।

विद्यार्थीको सिकाइ उपलब्धि स्तर निर्धारण गर्न गरिने परीक्षणमा विद्यालयमा गरिने परीक्षाअन्तर्गत वार्षिक परीक्षा, बाह्य परीक्षा जस्तै माध्यमिक शिक्षा परीक्षालगायत बृहत् स्तरमा गरिने परीक्षण (Large Scale Assessment) पर्छन्। विद्यालयमा लिइने अन्तिम परीक्षा, बाह्य परीक्षाको उद्देश्य विद्यार्थीको उपलब्धि स्तर पत्ता लगाउने र प्रमाणीकरण गर्ने हुन्छ। बृहत् स्तरमा गरिने परीक्षणमा परीक्षणका लागि नमुना लिएर सिकाइ उपलब्धि पत्ता लगाउने भएकाले यसमा विद्यार्थीको व्यक्तिगत रूपमा सिकाइ उपलब्धि निर्धारण गर्ने उद्देश्य हुँदैन।

बृहत् स्तरमा गरिने परीक्षण अथवा नेपालको सन्दर्भमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement) ले निश्चित पाठयक्रममा कुनै उमेर समूह वा कक्षाको उपलब्धिस्तर पत्ता लगाउँछ। यसका लागि राष्ट्रिय स्तरको बृहत् नमुनामा पाठ्यक्रममा आधारित परीक्षण तथा सान्दर्भिक विविध सूचनाहरू सङ्कलन गरिन्छ। तथ्याङ्क र सूचनाहरूको विश्लेषणका आधारमा विद्यार्थीको उपलब्धिमा सुधार भए नभएको वा फरक परे नपरेको र विद्यार्थीको सिकाइमा असर पार्न सक्ने विभिन्न तत्त्वहरूले कसरी काम गरेका छन् र तिनको के कस्तो प्रभाव परेको छ पत्ता लगाउन विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले मदत पुर्‍याउँछ। यसबाट मुख्यतः योजना निर्माण, नीति निर्माण, कार्यान्वयन आदि विविध पक्षमा सुझाब दिने काम हुन्छ। यसका साथै

राष्ट्रिय परीक्षणले पाठ्यक्रम, शिक्षक तालिम, शिक्षक, अभिभावक, विद्यालय, विद्यार्थी आदिका लागि विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न विविध सुझाब सम्प्रेषण गर्ने काम पनि गर्छ (Clarke and Luna Zaldua, 2021)। राष्ट्रिय परीक्षणबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनुका साथसाथै शिक्षाको गुणस्तरमा पनि सुधार ल्याउन सकिने कुरा विभिन्न अभ्यासहरूले देखाएका छन् (Ra, Kim, Rhee, 2019)।

राष्ट्रिय परीक्षणमा निम्न कुराहरू विद्यमान हुनुपर्छ (Tobin, Lietz, Nugroho, Vivekanandan and Nyamkhuu, 2015)।

१. परीक्षणलाई स्तरीकृत गरिएको हुन्छ जसले गर्दा विद्यार्थी, विद्यालय, क्षेत्र आदिका आधारमा उपलब्धि तुलना गर्न सकिन्छ।

२. परीक्षणले विद्यमान शिक्षा पद्धतिको प्रतिनिधित्व गर्न सक्नुपर्छ जुन क्षेत्र, प्रदेश वा राष्ट्रिय तहको हुन सक्छ।

३. परीक्षण केन्द्रित वा विकेन्द्रित जुनमा पनि लागु गर्न सकिन्छ।

४. यसले राष्ट्रभित्र क्षेत्र/प्रदेश बिचमा दाँजेर हेर्ने गर्छ भने यसरी उपलब्धि तुलना गर्ने काम अन्तर्राष्ट्रिय स्तरमा पनि हुन सक्छ।

५. यस्तो परीक्षणको उद्देश्य विद्यार्थीको व्यक्तिगत रूपमा सिकाइ उपलब्धिको प्रमाणीकरण गर्ने हुँदैन।

राष्ट्रिय परीक्षणले व्यक्तिगत रूपमा प्रमाणीकरण नगरे पनि यस परीक्षणका आधारमा राष्ट्रिय स्तरमा विद्यार्थीको उपलब्धिस्तर के कस्तो छ र विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने उपायहरू सुझाउने काम गर्छ।

राष्ट्रिय परीक्षणमा विद्यार्थीको सिकाइ उपलब्धि पत्ता लगाउन उपलब्धि परीक्षणका साथसाथै अन्य साधनहरू प्रयोग गरी विद्यार्थीको पृष्ठभूमि, विद्यार्थीको घरायसी अवस्था, शिक्षकको पृष्ठभूमि, विद्यालयको अवस्था, विद्यार्थीको बानी व्यवहारलगायत विविध पक्षका बारेमा सूचना सङ्कलन गरिन्छ। यसका लागि विद्यालय सर्वेक्षण, घरधुरी सर्वेक्षण तथा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी प्रश्नावली अवलोकन, विद्यालय आँकडा सङ्कलन आदि साधनहरू उपयोग गरिन्छ (Creswell, Schwanter and Waters, 2015)। राष्ट्रिय परीक्षणका लागि परीक्षण प्रारूप तयार पार्ने, प्रश्न निर्माण गर्ने, प्रश्नपत्र निर्माण गर्ने, सूचना सङ्कलन साधनहरू तयार पार्ने, सूचना सङ्कलनका विधि र प्रक्रिया तय गर्ने, फिल्ड नमुना छनोट कार्यको तयारी, पूर्व परीक्षण, परीक्षण तथा अन्य साधनहरूलाई अन्तिम रूप दिने कार्य हुन्छ। उपलब्धि तथा विविध सूचनाहरूको विभिन्न तरिकाले

विश्लेषण गरेर राष्ट्रिय परीक्षणको प्रतिवेदन तयार गर्ने काम हुन्छ। यस्तो प्रतिवेदनले विद्यार्थीको तत्कालीन उपलब्धि स्तरको अवस्था, विभिन्न तत्त्वले विद्यार्थीको उपलब्धिमा पारेको असर तथा विद्यार्थीको उपलब्धिमा सुधार ल्याउन र शिक्षाको गुणस्तर अभिवृद्धिका लागि गर्नुपर्ने उपायबारे सुझाव प्रदान गर्छ। यस परिप्रेक्ष्यमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको पूर्वपरीक्षण तथा अन्तिम परीक्षण कार्यहरू सञ्चालन तथा व्यवस्थापन गर्छ।

## ३.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनका क्षेत्रहरू

### ३.२.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निश्चित चक्रमा कक्षा ३, ५, ८ र १० का विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessments of Student Achievement, NASA) गर्ने कार्य गर्छ। पाठ्यक्रम विकास केन्द्रले विकास गरेको पाठ्यक्रमका आधारमा स्तरीकृत परीक्षाको माध्यमबाट कक्षा ५, ८ र १० का विद्यार्थीको राष्ट्रिय नमुना लिई अङ्ग्रेजी, नेपाली, विज्ञान तथा प्रविधि र गणित गरी ४ विषयको उपलब्धि परीक्षण गरी प्रतिवेदन प्रकाशन गर्ने कार्य यस केन्द्रको कार्यक्षेत्रमा रहेको छ भने कक्षा ३ का विद्यार्थीका लागि पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy (NARN) सञ्चालन गर्छ।

### ३.२.२ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण

केन्द्रबाट साविकमा कक्षा ३ का विद्यार्थीको समेत विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने गरिएकामा सन् २०२० देखि यस कक्षाको हकमा पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy (NARN) सञ्चालन सुरु गरिएको छ।

### ३.२.३ प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकास स्तर (Early Learning and Development Standards based Assessment) तथा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण गर्दै आएको छ।

## ३.२.४ कार्यसम्पादन परीक्षण

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय, प्रारम्भिक बालविकास केन्द्र, शैक्षिक निकायहरू र स्थानीय तहको शिक्षा सेवा प्रवाहको कार्यसम्पादन परीक्षण (Performance Audit, PA) गर्ने र सोको नतिजा सार्वजनिक गर्ने कार्य यस केन्द्रको कार्यसम्पादनको क्षेत्र रहेको छ । यसका साथै केन्द्रले प्रधानाध्यापकको नेतृत्व कार्य सम्पादन परीक्षण समेत गर्दै आएको छ ।

### चित्र १

*विद्यालय कार्यसम्पादन परीक्षण प्रक्रियाको अवधारणा चित्र*




माथिको चित्रमा विद्यालय कार्यसम्पादन परीक्षण कार्यसम्बन्धी क्रियाकलाप चरणगत रूपमा प्रस्तुत गरिएको छ। खास गरी विद्यालय कार्यसम्पादन परीक्षणलाई परीक्षण पूर्वको चरण, परीक्षणको चरण र परीक्षणपश्चातको चरण गरी तीनओटा चरणमा बाँडेर हेर्न सकिन्छ। परीक्षण पूर्वको चरणअन्तर्गत परीक्षण साधनको विकास, विज्ञ परीक्षकको छनोट र उनीहरूको क्षमता विकास जस्ता कार्यहरू पर्छन् भने परीक्षणको चरणअन्तर्गत विद्यालयमा अभिमुखीकरण सञ्चालन, तथ्याङ्क/सूचनाहरू सङ्कलन, रुजु र विद्यालयलाई तत्काल पृष्ठपोषण प्रदान गर्ने कार्य पर्छन्। त्यसै गरी सङ्कलित तथ्याङ्कको विश्लेषण, सुझाबसहितको प्रतिवेदन तयारी र

आवश्यक सुधारका लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकारलाई सुझाब दिने कार्य परीक्षणपश्चातको चरणअन्तर्गत पर्छ।

## कार्यसम्पादन परीक्षणको उद्देश्य

विद्यालयले बालबालिकालाई पाठ्यक्रममा तोकिएका ज्ञान, सिप र अभिवृत्तिको विकास गराई राष्ट्रनिर्माणका लागि आवश्यक मानव संसाधन विकास गर्न योगदान पुर्‍याउँछन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि तथा विषयवस्तुलाई कक्षा शिक्षण र सिकाइका थप अवसर प्रदान गरेर विद्यार्थीको ज्ञान, सिप, व्यवहार र आचरणमा अपेक्षित रूपान्तरण गर्ने थलोका रूपमा विद्यालय रहेको हुन्छ । विद्यालय एक सामाजिक संस्था भएकाले समाजको अगुवाइ र लगानीमा नै यसको स्थापना भएको हुन्छ । यसले समाजमा रहेका बालबालिकालाई विद्यालयसम्म ल्याई औपचारिक शिक्षा दिलाउने उत्तरदायित्व बोकेको हुन्छ । विद्यालयको कार्यसम्पादनमा एउटा मात्र पक्षको भूमिका रहँदैन । यसमा राज्य, समुदाय, अभिभावक, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवाला सबैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शैक्षिक संस्थाहरूले प्रदान गर्ने सेवासँग सम्बन्धित कार्यहरूको पनि स्वतन्त्र कार्यसम्पादन परीक्षण गरी कार्यक्रमको स्तर निर्धारण गरी सुधारका उपाय अवलम्बन गर्नुपर्ने हुन्छ । शैक्षिक संस्थाहरू मूलतः दुई किसिमका हुन्छन् । पहिलो किसिमको संस्थाअन्तर्गत नीति निर्माण गर्ने, समन्वय र सुपरिवेक्षण गर्ने, कार्यक्रम कार्यान्वयन गराउन सहयोग गर्ने र नियमन गर्ने निकाय पर्छन् जसअन्तर्गत सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय, प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह पर्छन् भने दोस्रो प्रकारको संस्थामा शिक्षा प्रदान गर्ने निकाय जस्तै; विद्यालय पर्छन् । विद्यालयले सबै बालबालिकालाई सर्वसुलभ र गुणस्तरीय शिक्षाको पहुँच पुर्‍याउने प्रमुख जिम्मेवारी लिएको हुन्छ ।

कार्यसम्पादन परीक्षणको मुख्य उद्देश्य विद्यालयको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी शिक्षण सिकाइ प्रणालीमा सुधार गर्न प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने रहेको छ । लगानी, प्रक्रिया र उपलब्धिका सूचकका आधारमा विद्यालयको कार्यसम्पादन परीक्षणको अवस्था पहिचान गरी मन्त्रालय पद्धतिलगायतका सरोकारवालालाई सुधारका लागि पृष्ठपोषण प्रदान गर्नेसमेत यसको उद्देश्य रहेको छ ।

विद्यालयहरूले सम्पादन गरेका कार्यहरूको परीक्षण गरी राम्रा अभ्यासहरूको पहिचान गर्ने, सेवा प्रवाहमा भएका कार्यहरूको विश्लेषण गर्ने, सम्पादित कार्यबाट प्राप्त भएका सिकाइ उपलब्धिको अवस्थाको जानकारी हासिल गर्ने र कमजोर अवस्थाको पहिचान गरी सुधारका लागि सम्बन्धित निकायमा आवश्यक सुझाबहरूको सिफारिस गर्नु विद्यालय कार्यसम्पादन परीक्षणको महत्त्वपूर्ण पक्ष हो । परीक्षणबाट प्राप्त भएका निष्कर्षहरूको तुलना गरी सुधार गर्नुपर्ने पक्षहरूको पहिचान

गर्न आवश्यक हुन्छ। यस्ता पक्षहरूको पहिचानपश्चात् विद्यालयले सुधारका लागि ध्यान दिनुपर्ने पक्षको खोजी गर्न सहयोग गर्नु पनि कार्यसम्पादन परीक्षणको महत्त्वपूर्ण पाटो हो। परीक्षणपश्चात नै लगानी, प्रक्रिया र उपलब्धिमध्ये कुन कुन पक्षमा प्राथमिकता दिनपुर्ने भन्ने कुरोको पत्ता लाग्छ। कार्यसम्पादन परीक्षणपछि नै सुधारका क्षेत्रहरूको पहिचान हुन सक्छ र सो अवस्थाका आधारमा पृष्ठपोषण दिन सकिन्छ। विद्यालयको कार्यसम्पादन परीक्षणका देहायअनुसारका उद्देश्यहरू रहेका छन् :

क) तोकिएका शैक्षिक संस्थाहरूले निर्दिष्ट नीति तथा कार्यक्रमहरू, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने

ख) शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाहरूको कार्य प्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गर्ने

ग) कार्यसम्पादन सुधारको क्षेत्रहरू पहिचान गर्ने

घ) विद्यालय तथा निकायहरूको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध गराउने

ङ) उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग गर्ने

उल्लिखित उद्देश्यहरूमा आधारित यस परीक्षणका यस प्रकारका विशिष्ट उद्देश्यहरू रहेका छन् :

क) विद्यालयहरूको विकासका लागि गरिएको लगानीको अवस्थाको पहिचान गर्ने, विद्यालयको भौतिक अवस्था, उपयोगमा रहको मानव संसाधन र समुदाय एवम सरकारी लगानीका अवस्थाको लेखाजोखा गरी विद्यालयको स्तर निर्धारण गर्ने

ख) गुणस्तर अभिवृद्धिका लागि विद्यालयले सम्पादन गरेका कार्यहरूको प्रक्रिया, शिक्षण विधि तथा प्रक्रिया, उपलब्धि मापन गर्न उपयोग गरिने विद्यार्थीको मूल्याङ्कन, शिक्षकहरूको अवस्था तथा पेसागत उन्नयनका अवसरहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका सङ्घ एवम् विद्यालयका शिक्षकहरूको नेतृत्व र सह तथा अतिरिक्त क्रियाकलापको अवस्थाको लेखाजोखा गर्ने

ग) विद्यालयमा भएको लगानी र शिक्षण सिकाइ प्रक्रियाका लागि अपनाइएका विधिका आधारमा भएको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने

घ) विद्यालयले प्रवाह गरेको सेवाबाट लाभग्राहीको सन्तुष्टिका आधारमा विद्यालयका कार्यक्रम तथा क्रियाकलापहरूको मूल्याङ्कन गर्ने

ङ) विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयको कार्यसञ्चालन प्रक्रियामा अपनाइएका कार्य पद्धतिको प्रभावकारिताको लेखाजोखा गर्ने

च) कार्यसम्पादन परीक्षणबाट प्राप्त भएका नतिजाहरूका आधारमा विद्यालयहरूले गर्नुपर्ने सुधारमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने विद्यालय र यसको व्यवस्थापन समिति, कार्यक्रम र नीतिगत रूपमा गर्नु पर्ने सुधारका लागि गाउँपालिका वा नगरपालिकाहरू, प्रदेश र सङ्घीय सरकारका विभिन्न मन्त्रालय र तहलाई पृष्ठपोषण प्रदान गर्ने

छ) विद्यालय, स्थानीय तह र जिल्लाहरूको कार्यसम्पादनको नतिजाको तुलनात्मक अवस्था प्रस्तुत गरी सुधारका लागि प्रतिस्पर्धात्मक वातावरण तयार गर्ने

## कार्यसम्पादन परीक्षणको सैद्धान्तिक ढाँचा

कार्यसम्पादन परीक्षणले निर्धारित नीति नियम तथा व्यवस्थाबमोजिम निर्धारित कार्यविवरणका आधारमा सार्वजनिक सेवा प्रदायक निकायको काम कारबाही प्रभावकारी, मितव्ययी र छरितो ढङ्गले सञ्चालन भए नभएको बारे लेखाजोखा गर्ने कार्यलाई बुझाउँछ । कार्यसम्पादन परीक्षणले कुनै पनि कार्यको लागत, प्रक्रिया र प्रतिफल तीनओटै पक्षको सूक्ष्म रूपले आन्तरिक तथा बाह्य रूपमा परीक्षण गरी नतिजामुखी परिणाम निकाल्छ र परिणाम सार्वजनिक रूपमा सर्वस्वीकार्य हुनुपर्छ भन्ने मान्यता स्थापित गर्छ । कार्यसम्पादन परीक्षणका लागि निश्चित अवधारणात्मक ढाँचाको आवश्यकता पर्छ। यस्तो अवधारणात्मक ढाँचामा कार्यसम्पादन परीक्षणमा समावेश गरिने निश्चित सूचक र मापदण्ड तय गरिएको हुन्छ । कार्यसम्पादन परीक्षणमा समावेश गरिने प्राथमिकता, पक्ष र आधारलाई प्रस्ट्याउन यस प्रकारको ढाँचा निर्माण गरिन्छ । कार्यसम्पादन परीक्षण ढाँचा एउटा यस्तो नक्सा वा मार्गचित्र (Blue-Print) हो जसका आधारमा परीक्षण तथा मूल्याङ्कनका कामहरू अगि बढाइन्छ । यस्तो नक्सा वा मार्गचित्रले कार्यसम्पादन परीक्षणको साधन निर्माण गर्न, तथ्याङ्क सङ्कलन गर्न, विश्लेषण गर्न, निष्कर्ष निकाल्न र सोका आधारमा आवश्यक निर्णय लिन सहयोग पुऱ्याउँछ । यसप्रकारको ढाँचाले कार्यसम्पादन परीक्षणमा संलग्न व्यक्तिहरूलाई आफ्नो काममा एकरूपता ल्याउन सहयोग गर्नुका साथै मूल्याङ्कनको विश्वसनीयता र वैधता सुनिश्चित गर्नसमेत सहयोग पुऱ्याउँछ । संस्थाको उद्देश्य र कार्यक्रमअनुसार कार्यसम्पादन परीक्षण ढाँचाको संरचना फरक फरक हुन सक्छ ।

विद्यालयको कार्यसम्पादनमा राज्य, समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवाला सबैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयमा तोकिएको जिम्मेवारी के कसरी निर्वाह भएको छ ? विद्यालयले बालबालिकालाई तोकिएको ज्ञान, सिप र अभिवृत्तिको विकास गराई राष्ट्र निर्माणका लागि आवश्यक मानव संसाधन विकास गर्न सकेको छ कि छैन ? आदि विषयमा विद्यालय कार्यसम्पादन परीक्षणले वास्तविकता नियाल्ने गर्छ ।

विद्यालय कार्यसम्पादन परीक्षणको चर्चा गर्दा यसमा लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रअन्तर्गत सम्पादित विभिन्न कार्यकलापको प्रभावकारिता र तिनको परिणामको मूल्याङ्कन गर्ने गरिन्छ । यसमा लगानी क्षेत्रका उपक्षेत्रमा विद्यालयको भौतिक सुविधा, शिक्षण मानव संसाधन र स्थायित्व तथा समुदायको सहभागिता जस्ता कार्य सूचक पर्छन् । त्यस्तै प्रक्रियाका उपक्षेत्रमा कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व र व्यवस्थापन, अतिरिक्त तथा सह क्रियाकलाप जस्ता कार्य सूचक पर्छन् । यस्तै उपलब्धि उपक्षेत्रमा विद्यार्थी नियमितता, कक्षा दोहोऱ्याउने र छोड्ने दर, सिकाइ उपलब्धि, सेवाग्राहीको सन्तुष्टि, शिक्षकको पेसागत सन्तुष्टि जस्ता कार्य सूचक पर्छन् । यी कार्य सूचकहरूमा उद्देश्यपरकता, मितव्ययी, कार्यकुशलता, प्रभावकारी, पारदर्शी, सहभागितामूलक, निष्पक्षता र सेवाग्राही सन्तुष्टि जस्ता सिद्धान्तलाई दृष्टिगत गरी विद्यालयको परीक्षण गरिन्छ ।

विभिन्न देशका विद्यालयको कार्यसम्पादनको पुनरवलोकन गरी विद्यालय कार्यसम्पादन परीक्षणका पक्षहरू र नेपालका सामुदायिक विद्यालयहरूको यथार्थलाई मुख्य आधार बनाई कार्यसम्पादन परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण ढाँचा तयार पारेको छ । उक्त ढाँचाअनुसार विद्यालय तथा अन्य शैक्षिक निकायहरूमा लगानी, प्रक्रिया र उपलब्धिसँग सम्बन्धित सूचना तथा प्रमाणका आधारमा लेखाजोखा गरी कार्यसम्पादन परीक्षण सम्पन्न गरिन्छ। यस ढाँचाअनुसार संलग्न परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरूको विवरण निम्नलिखित तालिकामा उल्लेख गरिएको छः

## तालिका १

*विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्र*

| लगानी | प्रक्रिया | उपलब्धि |
|---|---|---|
| १. भौतिक संरचना<br>२. शिक्षण, मानव संशाधन र स्थायित्व<br>३. समुदायको सहभागिता र लगानी | १. कक्षा शिक्षण<br>२. विद्यार्थी मूल्याङ्कन<br>३. शिक्षकको पेसागत विकास<br>४. नेतृत्व र व्यवस्थापन<br>५. सह/अतिरिक्त क्रियाकलाप | १. नियमितता, कक्षा दोहोऱ्याउने तथा छाडने दर<br>२. सिकाइ उपलब्धि<br>३. सेवाग्राही सन्तुष्टि<br>४. शिक्षकको पेसागत सन्तुष्टि |

*स्रोतः विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७७*

उल्लिखित क्षेत्र र उपक्षेत्रलाई लगानी, प्रक्रिया र उत्पादनको शीर्षकसँग सम्बन्धित गराएर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको ढाँचालाई परीक्षणमा उपयोग गरिएको छ । उक्त १२ उपक्षेत्रबाट विभिन्न सङ्ख्यामा पर्ने गरी कार्यसम्पादन परीक्षणका ८८ ओटा सूचकहरू र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको १ सूचक गरी जम्मा ८९ सूचकहरू निर्धारण गरिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २**

*विद्यालय कार्यसम्पादन परीक्षणका सूचक*

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक र पूर्णाङ्क |
|---|---|---|
| भौतिक संरचना | १६ | विद्यालय हाताको क्षेत्रफल, खेलमैदान, कक्षाकोठाको उपलब्धता र प्रयोग, कक्षाकोठाको गुणस्तर/अवस्था, फर्निचर, बिजुली, कम्प्युटरको उपलब्धता, शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग, चमेनागृहको उपलब्धता र सेवा प्रवाह, पानी र साबुनको उपलब्धता, खेलकुद सामग्री, शौचालय, पुस्तकालय, बुक कर्नरको उपलब्धता र प्रयोग, विज्ञान तथा प्रविधि प्रयोगशालाको उपलब्धता र प्रयोग, घेराबारा (कम्पाउन्ड वाल), कक्षाकोठामा प्रयोग हुने पाटीः ४८ पूर्णाङ्क |
| शिक्षण मानव संसाधन र स्थायित्व | ७ | कक्षा र विषयको अनुपातमा तहगत रूपमा शिक्षक उपलब्धता, शिक्षकको योग्यता, लैङ्गिक अनुपात, नियुक्तिको प्रकार, शिक्षकमा सूचना प्रविधि (कम्प्युटर र इन्टरनेट/इमेल) सम्बन्धी क्षमता, शिक्षक उपस्थिति, प्रअद्वारा गरिएको शिक्षकको कार्यसम्पादन स्तरको मूल्याङ्कनः २१ पूर्णाङ्क |
| समुदायको सहभागिता र लगानी | ४ | जग्गा, भवन, आर्थिक सहयोग, समुदायको सहभागिताः १२ पूर्णाङ्क |
| कक्षा शिक्षण | १० | योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधि (कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सामग्री, मोबाइल) को प्रयोग, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण, गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्बल (प्रोत्साहन, हौसलासमेत), शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान, कक्षाकोठा व्यवस्थापनः ३० पूर्णाङ्क |
| विद्यार्थी | ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कनको प्रयोग, |

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक र पूर्णाङ्क |
|---|---|---|
| मूल्याङ्कन | | प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, परीक्षाफलको विश्लेषण र पृष्ठपोषणः १८ पूर्णाङ्क |
| शिक्षकको पेसागत विकास | ७ | पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय, शिक्षकको पेसागत विकास तालिममा सहभागिता, विद्यालयको आयोजनामा क्षमता विकास तालिम/स्रोत कक्षा सञ्चालन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, नियमित अध्ययन सामग्रीको व्यवस्था, प्रोत्साहन र सुविधाः २१ पूर्णाङ्क |
| नेतृत्व र व्यवस्थापन | १७ | विव्यसको गठन, विव्यसको बैठक र निर्णय, विव्यस निर्णय कार्यान्वयन, शिक्षक अभिभावक सङ्घको गठन र क्रियाशीलता, शिक्षक अभिभावक सङ्घको बैठक, शिअसंको निर्णय कार्यान्वयन, अभिभावक भेला र निर्णय, सामाजिक परीक्षण, शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय, महत्त्वपूर्ण विषयमा प्र.अ. को निर्णय, विव्यसको निर्णय प्रक्रिया, विद्यालय सुधार योजना, वार्षिक योजना र कार्यक्रम, तिनको कार्यान्वयन, स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग, सुशासन र पारदर्शिता, अभिलेख व्यवस्थापन, आर्थिक व्यवस्थापनः ५१ पूर्णाङ्क |
| सह/अतिरिक्त क्रियाकलाप | ६ | सह/अतिरिक्त क्रियाकलापको योजना, सह/अतिरिक्त क्रियाकलाप योजनाको कार्यान्वयन, सह/अतिरिक्त क्रियाकलाप सञ्चालन, प्रतियोगितामा विद्यालयको सहभागिता, सह/अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता, बाल क्लब, रेडक्रस, स्काउट, सदनको गठनः १८ पूर्णाङ्क |
| नियमितता, कक्षा दोहोऱ्याउने तथा छाड्ने दर | ६ | नियमितता कक्षा-५, नियमितता कक्षा-८, विद्यालय छाड्ने दर कक्षा-५, विद्यालय छाड्ने दर कक्षा-८, कक्षा दोहोऱ्याउने दर कक्षा-५, कक्षा दोहोऱ्याउने दर कक्षा-८: १८ पूर्णाङ्क |
| सिकाइ उपलब्धि | ५ | गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा-५ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा-५ गणित, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा-८ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा ८ गणित, SEE औसत GPA: १५ पूर्णाङ्क |
| सेवाग्राही सन्तुष्टि | २ | अभिभावक, विद्यार्थीः ६ पूर्णाङ्क |
| शिक्षकको | २ | विद्यालय कार्यप्रगतिका सम्बन्धमा सन्तुष्टि, आफ्नो पेसा सम्बन्धमा |

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक र पूर्णाङ्क |
|---|---|---|
| पेसागत सन्तुष्टि | | सन्तुष्टिः ६ पूर्णाङ्क |
| सेवाग्राही विद्यार्थी सङ्ख्या | १ | विद्यार्थी सङ्ख्याका आधारमा स्तर निर्धारण गरिने सेवा प्रदान गरिएकाः ५ पूर्णाङ्क |
| जम्मा | ८९ (२६९ पूर्णाङ्क) | |

*स्रोतः विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७७*

लगानी, प्रक्रिया र उपलब्धिका ३ क्षेत्रका १२ उपक्षेत्रमा पर्ने विभिन्न सूचकहरूमा प्रत्येक विद्यालयको वास्तविक अभिलेख र तथ्याङ्क अध्ययन गरेर, स्थलगत अवलोकन गरेर र सरोकारवालासँग अन्तरवार्ता लिएर निर्धारित मापदण्डका आधारमा ०-उपलब्ध नभएको, १-कमजोर, २-मध्यम र ३-उत्तममध्ये एकमा चिनो लगाई स्तर निर्धारण गरिएको हुन्छ । प्रत्येक विद्यालयले लगानी, प्रक्रिया र उपलब्धिका क्षेत्रमा प्राप्त गरेको कुल प्राप्ताङ्कका आधारमा लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्यालाई क्रमशः २५%, ३०%, ४०% र ५% अङ्कभार छुट्याई विद्यालयको कार्यसम्पादनको अन्तिम मूल्याङ्कन गरिएको हुन्छ ।

## ३.२.५ सेवाग्राही सन्तुष्टि सर्वेक्षण

स्थानीय तहहरूबाट प्रदान गरिएका शैक्षिक सेवाका सेवाग्राहीको सन्तुष्टिको लेखाजोखामार्फत स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्दै आएको छ ।

## ३.२.६ कार्यक्रम परीक्षण

शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयअन्तर्गतका केन्द्रीय निकाय, प्रदेशका शिक्षा तालिम केन्द्र र शिक्षा विकास निर्देशनालय तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित विभिन्न कार्यक्रमहरूको कार्यक्रम परीक्षण (Program Audit) गर्ने र कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा लेखाजोखा गर्ने कार्य पनि केन्द्रले गर्दै आएको छ ।

## ३.२.७ अनुसन्धान तथा विकास

शैक्षिक समसामयिक मुद्दा र विषयमा लघु अनुसन्धान कार्यसमेत शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्दै आएको छ । अनुसन्धान तथा विकास (Research and Development) यसअन्तर्गत

सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको सिकाइ अन्तरको विश्लेषण, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका प्राप्ति र सरकारले गरेका प्रयासहरूको तालमेल तथा NASA को प्रवृत्ति विश्लेषण, प्राविधिक धारका विद्यालयमा पठनपाठन भएका विषयहरूको प्रभावकारिता जस्ता विषयमा अध्ययन तथा अनुसन्धान गर्दै आएको छ ।

## ३.३ कार्यसम्पादनका सिद्धान्तहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालय तथा शैक्षिक निकाय र कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गर्ने सिलसिलामा देहायका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरेको छ :

(क) **स्वतन्त्रता** : विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, स्थानीय तहमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण एवम् विभिन्न प्रकारका लघु अनुसन्धानहरू गर्दा स्वतन्त्र संस्था वा व्यक्तिद्वारा गरिनुपर्छ ।

(ख) **वस्तुनिष्ठता** : शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गर्ने विभिन्न प्रकारका परीक्षण निष्पक्ष र व्यक्तिगत राय वा पूर्व धारणाभन्दा तथ्य र प्रमाणमा आधारित भई गर्नुपर्छ ।

(ग) **पारदर्शिता** : परीक्षणका प्रक्रिया र परिणामहरू पारदर्शी हुनुपर्छ । परीक्षण गरिएको विषयहरूको परिणाम यसका लाभग्राहीहरू, दाताहरू, कार्यान्वयन गर्ने साझेदार संस्थाहरू, स्थानीय निकाय र जनसाधारणलगायत सबै सरोकारवालालाई खुला रूपमा सञ्चार गरिनुपर्छ ।

(घ) **सहभागिता** : परीक्षण प्रक्रियामा लाभग्राहीहरू, कार्यान्वयन गर्ने संस्था तथा साझेदारहरू र स्थानीय निकायहरूसहित सबै सम्बन्धित सरोकारवालाहरूको सहभागिता समावेश हुनुपर्छ; साथै उनीहरूको दृष्टिकोणलाई ध्यान दिइनुपर्छ ।

(ङ) **वैधता** : निष्कर्षहरूको शुद्धता र विश्वसनीयता सुनिश्चित गर्न वैध विधिहरू (पद्धतिगत कठोरतासहित) र उपयुक्त उपकरणहरू प्रयोग गरी परीक्षण गर्ने कार्य गरिनुपर्छ ।

(च) **गोपनीयताको सिद्धान्त** (Principle of Confidentiality) : विभिन्न प्रकारका परीक्षण प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनका लागि प्रश्नपत्र निर्माण र परीक्षणसम्बन्धी प्रक्रियाका विभिन्न चरणहरूमा केन्द्रले गोपनीयता कायम राख्छ ।

(छ) **स्वच्छताको सिद्धान्त** (Principle of Fairness) : शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सम्पूर्ण काम कारबाहीमा इमान्दारी, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गर्ने प्रयत्न गरिन्छ । केन्द्रले लिने निर्णयहरू र गरिने क्रियाकलापलाई पूर्व निर्धारित मापदण्ड र कार्यविधिका आधारमा स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवम् कार्यविधिगत प्रबन्ध गरिएको छ ।

# परिच्छेद ४

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सम्पादन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत वार्षिक कार्यक्रमअनुसार सम्पादित कार्यक्रमको विषयमा यस खण्डमा उल्लेख गरिएको छ।

## ४.१ विद्यार्थी उपलब्धि परीक्षण

### ४.१.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण

नेपालमा विद्यार्थी उपलब्धि परीक्षणको इतिहास केलाउँदा सन् १९९७ सालदेखि प्रारम्भ भएको देखिन्छ । सन् २००८ सम्म १० वर्षको अवधिमा कक्षा ३, ४, ५, ६ र ८ मा अध्ययनरत विद्यार्थीका लागि १० ओटा परीक्षण भएको पाइन्छ । खास गरी Basic and Primary Education Program, Primary Education Development Project, Education for All जस्ता आवधिक शिक्षा आयोजनाहरूको प्रभावकारिता अध्ययन प्रयोजनका लागि यस्ता सिकाइ उपलब्धि परीक्षण गरिए । त्यस अवधिका परीक्षण कुनै आधिकारिक एवम् औपचारिक निकायबाट नभई तदर्थ हिसाबले परियोजनाका रूपमा खास खास परामर्श संस्थामार्फत परम्परागत विधिको अवलम्बन गरी अध्ययन गरिएका थिए ।

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले शिक्षा सुधारको महत्त्वपूर्ण अवयवका रूपमा प्रणालीगत उत्तरदायित्वलाई व्यवहारमा कार्यान्वयन गर्न विशेष प्रकारको सङ्गठनको आवश्यकता बोध गरी वि.स. २०६६ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office) को स्थापना भयो । यस केन्द्रको स्थापना कालदेखि नै शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयको संरचनागत प्रणालीमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण कार्यको व्यवस्थित र संस्थागत अभ्यास प्रारम्भ भयो । हालसम्मको १४ वर्षको अवधिमा कक्षा ३, ५, ८ र १० मा गरी चारओटा कक्षाका १४ ओटा परीक्षण सम्पन्न गरियो । परीक्षण भएका वर्षहरूको विवरण यसप्रकार तालिकामा दिइएको छ :

## तालिका ३

*हालसम्म सञ्चालित NASA र NARN परीक्षणहरू*

| विद्यालय क्षेत्र सुधार कार्यक्रम | | | | विद्यालय क्षेत्र विकास कार्यक्रम | | | | | विद्यालय शिक्षा क्षेत्र योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सन् २०११ | सन् २०१२ | सन् २०१३ | सन् २०१५ | सन् २०१७ | सन् २०१८ | सन् २०१९ | सन् २०२० | सन् २०२२ | सन् २०२३ | सन् २०२४ |
| कक्षा ८ | कक्षा ३ र ५ | कक्षा ८ | कक्षा ३ र ५ | कक्षा ८ | कक्षा ५ | कक्षा १० | कक्षा ३ र ८ | कक्षा ५ | कक्षा १० | कक्षा ३** |

*** डाटा इन्ट्री भई प्रतिवेदन लेखनको तयारी भएको*

NASA परीक्षण चक्र पूरा गर्न समान्यतः ३ वर्षको अवधि लाग्छ । पहिलो वर्ष परीक्षण ढाँचाको विकास गर्ने र विज्ञ शिक्षकबाट तयार भएका प्रश्नहरूलाई सम्बन्धित विषय समितिबाट अन्तिम रूप दिई पूर्व परीक्षण कार्य गरिन्छ । यसका साथै विद्यार्थीको पारिवारिक, आर्थिक तथा सामाजिक पृष्ठभूमिसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलनका लागि ढाँचा तयार गरिन्छ । दोस्रो वर्ष पूर्व परीक्षण गरिएका प्रश्नहरूको विश्लेषण गरी उपयुक्त प्रश्नहरू छनोट गरेर सोही आधारमा अन्तिम परीक्षणका लागि प्रश्नावली तयार गरी परीक्षण कार्य गरिन्छ । तेस्रो वर्ष प्रतिवेदन तयारी तथा नतिजा प्रकाशन र प्रबोधीकरणको कार्य गरिन्छ । NASA चक्र चित्रमा देखाइएको छः

## चित्र २

*NASA सञ्चालन चक्र*



उल्लिखित चक्रमा परीक्षणको योजना, डिजाइन, सञ्चालन र प्रतिवेदनका प्रमुख चरणहरू देखाइएको छ । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको प्रक्रिया चक्र आवश्यक बजेट र कार्यक्रमको स्वीकृतिबाट सुरु हुन्छ र परीक्षणका प्रक्रियाहरू अगाडि बढ्छन् । जस्तै, परीक्षण कार्यढाँचा विकास, विषयगत प्रश्नहरू र पृष्ठभूमि प्रश्नावलीको विकास, पूर्वपरीक्षण, प्रश्न विश्लेषण र चयन, परीक्षण सञ्चालन, उत्तरपुस्तिका परीक्षण र तथ्याङ्क प्रविष्टि, तथ्याङ्क विश्लेषण र प्रतिवेदन तयारी तथा नतिजा प्रबोधीकरणका कार्यहरू गरिन्छन् ।

NASA का उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) पाठ्यक्रममा आधारित भएर निश्चित कक्षामा अध्ययनरत विद्यार्थीको समग्र सिकाइ अवस्थाको पहिचान गर्नु

(ख) निश्चित कक्षाका विद्यार्थीको गणित, विज्ञान तथा प्रविधि, नेपाली र अङ्ग्रेजी विषयमा औसत शैक्षिक उपलब्धिको लेखाजोखा गर्नु

(ग) लिङ्ग, जनजाति, बोलिने भाषा, सामाजिक आर्थिक अवस्था, भौगोलिक अवस्थिति, विद्यालयको किसिमलगायत आधारमा विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएको अन्तरको अध्ययन गर्नु

(घ) विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्त्वहरूको पहिचान गर्नु

(ङ) भविष्यमा विद्यार्थीको शैक्षिक उपलब्धिको तुलना गर्ने आधार र मानक तयार पार्नु

(च) विद्यालय शिक्षामा गुणस्तर र समताको अभिवृद्धि र सुनिश्चितताका लागि सम्बन्धित पक्षलाई आवश्यक सुझाब उपलब्ध गराउनु ।

यस केन्द्रको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रममध्ये कक्षा ५ र कक्षा १० का विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको प्रतिवेदन तयार पार्ने प्रमुख कार्य रहेको थियो । आ.व. २०७८/०७९ मा सम्पन्न कक्षा ५ को NASA र आ.व.२०७९/०८० मा सम्पन्न कक्षा १० को NASA परीक्षणबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी प्रतिवेदन तयार पारिएको छ । तथ्याङ्क विश्लेषण र प्रतिवेदन विकासका लागि काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका विज्ञ, अनुसन्धानकर्ता तथा तथ्याङ्कशात्रीहरूको सहयोग प्राप्त भएको थियो ।

कक्षा ५ NASA प्रतिवेदन सन् २०२२ को तयार गर्ने क्रममा गणित र नेपाली विषयको नतिजालाई NASA सन् २०१८ को नतिजासँग तुलना गरिएको थियो भने यसअगि विज्ञान तथा प्रविधि र अङ्ग्रेजी विषयको परीक्षण नभएकाले तुलना गरिएको छैन ।

कक्षा १० को NASA प्रतिवेदन सन् २०२३ मा अङ्ग्रेजी, नेपाली र विज्ञान तथा प्रविधि विषयका नतिजालाई सन् २०१९ को नतिजासँग तुलना गरिएको छ । गणित विषयको हकमा भने तुलनायोग्य प्रश्नहरू पर्याप्त नभएकाले नतिजा तुलना गरिएको छैन ।

कक्षा ५ को NASA परीक्षण सन् २०२२ मा ७५ जिल्लाका १८०० विद्यालयबाट ३४,१७० विद्यार्थी र कक्षा १० को परीक्षण सन् २०२३ मा ७६ जिल्लाका १८०० विद्यालयबाट ४३,२१९ विद्यार्थी सहभागी भएका थिए । तथ्याङ्क विश्लेषण गर्न Item Response Theory (IRT) को प्रयोग गरिएको थियो । तथ्याङ्क विश्लेषणबाट प्राप्त नतिजालाई Descriptive Statistics (Mean and Standard Deviation) तथा Inferential statistics (independent sample t-test, ANOVA, and multiple linear regression) प्रयोग गरी विश्लेषण गरिएको थियो । NASA प्रतिवेदनका मसौदाउपर विज्ञहरूको पृष्ठपोषण सङ्कलन गरी अन्तिम प्रतिवेदन तयार गरिएको हो । कक्षा ५ NASA प्रतिवेदनको मसौदाका प्रारम्भिक नतिजा विद्यालय शिक्षा क्षेत्र योजनाको बजेट पुनरवलोकन बैठक (SESP Budget Review Meeting- BRM) मा समेत प्रस्तुत गरिएको थियो । प्रारम्भिक नतिजा प्रदेशगत रूपमा कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको दाङ, वागमती प्रदेशको काभ्रेपलान्चोक, मधेश प्रदेशको धनुषा गण्डकी प्रदेशको पोखरा र सुदुरपश्चिम प्रदेशको धनगढीमा प्रबोधीकरण गरिएको थियो ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गत आर्थिक वर्षमा प्रकाशित कक्षा ५ को NASA प्रतिवेदनका मुख्य प्राप्ति निष्कर्ष र सुझाबहरू देहायबमोजिम रहेका छन् :

- सन् २०१८ को तुलनामा गणित विषयको सिकाइ उपलब्धिमा ह्रास (५०० बाट ४८४.६) आएको छ भने नेपालीको सिकाइ उपलब्धिमा खासै फरक परेको छैन (५०० बाट ४९८.९) । अङ्ग्रेजी र विज्ञान तथा प्रविधि विषयको नतिजा सन् २०१८ मा यी विषयहरूमा परीक्षण सञ्चालन नभएकाले तुलना गरिएको छैन ।
- कक्षा ५ को सिकाइ सक्षमतालाई चार तहमा विभाजन गरी विश्लेषण गरिएको छ । धेरै विद्यार्थी न्यूनतम सिकाइ हासिल गर्नका लागि पनि सङ्घर्षरत छन् । जम्मा २२ प्रतिशत विद्यार्थीले गणितमा, ५१ प्रतिशतले नेपालीमा, ५३ प्रतिशतले विज्ञान तथा प्रविधिमा र ४४ प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका छन् । सन् २०१८ मा २८ प्रतिशतले गणितमा र ४५ प्रतिशतले नेपालीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका थिए । यसको विस्तृत विवरण तलको चार्टमा देखाइएको छ ।

**चित्र ३**

*NASA कक्षा ५ को सन् २०१८ र सन् २०२२ को सिकाइ उपलब्धि स्तरको तुलना*




नोटः Proficient र Advanced तहमा पर्ने विद्यार्थीले पाठ्यक्रमको न्यूनतम सिकाइ पूरा गरेको मानिन्छ।

- समग्रमा बागमती, गण्डकी, लुम्बिनी र कोशी प्रदेशका विद्यार्थीको सिकाइ अवस्था अन्य प्रदेशको तुलनामा राम्रो रहेको पाइएको छ । गाउँपालिकाको तुलनामा नगरपालिकाको र सामुदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयको सिकाइ अवस्था राम्रो पाइएको छ । दलित र जनजाति समुदायका तुलनामा ब्राह्मण/क्षेत्री समुदायका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो रहेको देखिएको छ । घरदेखि विद्यालयसम्मको दुरीले सिकाइमा प्रत्यक्ष प्रभाव पारेको देखिएको छ ।
- सामाजिक सञ्जाल तथा अन्य सूचना प्रविधिमा दैनिक २ घण्टाभन्दा बढी समय बिताउने विद्यार्थीको सिकाइमा नकारात्मक प्रभाव परेको देखिन्छ तर २ घण्टाभन्दा कम समय बिताउने विद्यार्थीको सिकाइ ती सुविधामा पहुँच नहुने विद्यार्थीको भन्दा उच्च रहेको पाइएको छ । समूह कार्य गर्ने र फुर्सदमा अतिरिक्त क्रियाकलापमा सहभागी हुने विद्यार्थीको सिकाइ उपलब्धि उच्च रहेको देखिएको छ । अभिभावकको शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिएको छ । विद्यालय र शिक्षकप्रति सकारात्मक अभिवृत्ति भएका विद्यार्थीको उपलब्धि उच्च रहेको देखिएको छ । दुर्व्यवहार सामना गर्ने विद्यार्थीको सिकाइ कमजोर रहेको देखिन्छ । अझै पनि कम्तीमा एक तिहाइ विद्यार्थीले दुर्व्यवहार भोग्नुपरेको देखिएको छ ।

कक्षा १० NASA प्रतिवेदन सन् २०२३ को कतिपय प्राप्ति तथा निष्कर्षहरू कक्षा ५ को NASA प्रतिवेदन सन् २०२२ सँग मिल्दोजुल्दो रहेको पाइएको छ ।

- कक्षा १० को सन् २०१९ सँग सन् २०२३ को नतिजा तुलना गर्दा विज्ञान तथा प्रविधि, अङ्ग्रेजी र नेपाली विषयका राष्ट्रिय औषत क्रमशः ५०० बाट ५०५, ५०० बाट ५१५ र ५०० बाट ४९९ पुगेको छ । गणितको हकमा तुलना गरिएको छैन ।
- कक्षा १० को सिकाइ उपलब्धिलाई ६ तहमा विभाजन गरी विश्लेषण गरिएको छ । सिकाइस्तरका हिसाबले विषयगत रूपमा नतिजा फरक फरक रहेको छ । समग्रमा कक्षा १० NASA सन् २०२३ को नतिजाअनुसार मधेश, बागमती र गण्डकी प्रदेशको उपलब्धि अन्य प्रदेशका तुलनामा उच्च रहेको छ ।

**तालिका ४**

*कक्षा १० को सिकाइ उपलब्धिको तह (Proficiency level) र विद्यार्थी प्रतिशत सन् २०२३*

| विषय | सिकाइ उपलब्धिको तह (Proficiency level) र विद्यार्थी प्रतिशत | | | | | |
|---|---|---|---|---|---|---|
| | Below basic | Basic | Proficient 1 | Proficient 2 | Proficient 3 | Advanced |
| गणित | ०.९ | १९.५ | ३९.६ | २७.१ | ११.५ | १.४ |
| विज्ञान तथा प्रविधि | १२ | १७.४ | २०.८ | १९.६ | १४.७ | १५.६ |
| नेपाली | ८.९ | १७ | २७.९ | २५.२ | १४.६ | ६.४ |
| अङ्ग्रेजी | ३.६ | ८.६ | १७.२ | २०.९ | १७.३ | ३२.४ |

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२२ र सन् २०२३ का निष्कर्षहरूबाट शिक्षण सिकाइका रणनीतिहरू, उपचारात्मक कार्यहरू र प्रधानाध्यापकहरूको भूमिकामा समस्याहरू रहेको देखिन्छ । औसतमा संस्थागत विद्यालयका विद्यार्थीको नतिजा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा राम्रो देखिन्छ । तथापि केही सामुदायिक विद्यालयका विद्यार्थीको औसत अङ्क सबै विषयहरूमा सबै विद्यालयहरूभन्दा उच्च देखिएकाले उनीहरूका सफलताको पछाडिको कारणको गहिरो अध्ययन विश्लेषण गरिनुपर्छ, थप अध्ययनबाट अन्य विद्यालय र नीति निर्माताहरूलाई समेत बहुमूल्य अनुभव एवम् सिकाइ हुन सक्ने छ ।

## वर्ग र चरहरूका आधारमा प्राप्तिहरूको सारांश

### प्रदेश

कक्षा ५ र कक्षा १० को प्रदेशगत नतिजाको तुलनात्मक अध्ययनले विद्यार्थीको उपलब्धिस्तरमा भिन्नता रहेको देखाउँछ । समग्रमा दुवै कक्षाको नतिजाले कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको उपलब्धि राष्ट्रिय औसतभन्दा उच्च रहेको र अन्य प्रदेशको उपलब्धि राष्ट्रिय औसतभन्दा कम रहेको देखिन्छ । प्रदेशगत रूपमा चारै विषयको उपलब्धि तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका ५

*कक्षा ५ को NASA (सन् २०२२) को सिकाइ अवस्थाको प्रदेशगत तुलना*

| प्रदेश | गणित | | नेपाली | | अङ्ग्रेजी | | विज्ञान तथा प्रविधि | |
|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि |
| कोशी | ४८५ | ४८६ | ४९९ | ५०२ | ५०० | ५१० | ५०० | ५०५ |
| मधेश | ४८५ | ४८७ | ४९९ | ४९२ | ५०० | ४८५ | ५०० | ४८७ |
| बागमती | ४८५ | ४८९ | ४९९ | ५०९ | ५०० | ५२४ | ५०० | ५१२ |
| गण्डकी | ४८५ | ४९० | ४९९ | ५०५ | ५०० | ५११ | ५०० | ५१८ |
| लुम्बिनी | ४८५ | ४८१ | ४९९ | ४९९ | ५०० | ४८८ | ५०० | ४९४ |
| कर्णाली | ४८५ | ४७५ | ४९९ | ४९० | ५०० | ४७४ | ५०० | ४८७ |
| सुदुरपश्चिम | ४८५ | ४८० | ४९९ | ४८७ | ५०० | ४९२ | ५०० | ५०० |

### तालिका ६

*कक्षा १० को NASA (सन् २०२३) को सिकाइ अवस्थाको प्रदेशगत तुलना*

| प्रदेश | गणित | | नेपाली | | अङ्ग्रेजी | | विज्ञान तथा प्रविधि | |
|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि |
| कोशी | ५०० | ४९९ | ४९९ | ४९९ | ५१५ | ५२० | ५०५ | ४९७ |
| मधेश | ५०० | ५०५ | ४९९ | ४९० | ५१५ | ५०४ | ५०५ | ४९६ |
| बागमती | ५०० | ५१७ | ४९९ | ५०५ | ५१५ | ५३६ | ५०५ | ५३० |
| गण्डकी | ५०० | ५११ | ४९९ | ५०२ | ५१५ | ५३४ | ५०५ | ५०८ |

| प्रदेश | गणित | | नेपाली | | अङ्ग्रेजी | | विज्ञान तथा प्रविधि | |
|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि | राष्ट्रिय औसत | उपलब्धि |
| लुम्बिनी | ५०० | ४९१ | ४९९ | ५०४ | ५१५ | ५१६ | ५०५ | ५०४ |
| कर्णाली | ५०० | ४७२ | ४९९ | ४८९ | ५१५ | ४९० | ५०५ | ४८७ |
| सुदुरपश्चिम | ५०० | ४९० | ४९९ | ४९६ | ५१५ | ४९२ | ५०५ | ४८८ |

## घरमा प्रयोग गरिने भाषा

घरमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीको उपलब्धि घरमा अन्य भाषा प्रयोग गर्ने विद्यार्थीको तुलनामा उल्लेख्य रूपमा राम्रो देखिन्छ । कक्षा ५ NASA सन् २०२२ अनुसार घरमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थी र घरमा अन्य भाषाहरू प्रयोग गर्ने विद्यार्थीको उपलब्धिबिचको फरक गणितमा ४, नेपालीमा १७, अङ्ग्रेजीमा २६ र विज्ञान तथा प्रविधिमा २२ स्केल स्कोरले बढी रहेको छ ।

कक्षा १० को NASA सन् २०२३ अनुसार घरमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थी र घरमा अन्य भाषाहरू प्रयोग गर्ने विद्यार्थीको उपलब्धिबिचको फरक गणितमा ९, नेपालीमा ८, अङ्ग्रेजीमा २२ र विज्ञान तथा प्रविधिमा १३ स्केल स्कोरले बढी रहेको छ ।

## चित्र ४

*कक्षा ५ को NASA (सन् २०२२) अनुसार नेपाली भाषी र अन्य भाषी विद्यार्थीबिचको उपलब्धि तुलना*



## चित्र ५

*कक्षा १० को NASA सन् २०२३ अनुसार नेपाली भाषी विद्यार्थी र अन्य भाषी विद्यार्थीबिचको उपलब्धि तुलना*




## विद्यालयको प्रकार

NASA कक्षा ५ र कक्षा १० का विद्यार्थी उपलब्धिको तुलनात्मक अध्ययनले सामुदायिक विद्यालयहरू र संस्थागत विद्यालयहरूबिच खाडल रहेको देखिएको छ । सबैजसो विषयका विद्यार्थी सिकाइ उपलब्धिमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयहरूको उपलब्धि औसतमा राम्रो देखिएको छ । कक्षा ५ र कक्षा १० को विद्यालयको प्रकारका आधारमा उपलब्धि तलका तालिकामा देखाइएको छ:

## चित्र ६

*कक्षा ५ को NASA (सन् २०२२) विद्यालयको प्रकारका आधारमा उपलब्धि*



कक्षा ५ को NASA प्रतिवेदनअनुसार सामुदायिक भन्दा संस्थागत विद्यालय गणितमा २० स्कोर, नेपालीमा ३८ स्कोर, अङ्ग्रेजीमा ६३ स्कोर र विज्ञान तथा प्रविधिमा २९ स्कोरले अगाडि रहेको पाइन्छ ।

## चित्र ७

*कक्षा १० को NASA (सन् २०२३) विद्यालयको प्रकारका आधारमा उपलब्धि*




कक्षा १० को NASA प्रतिवेदनअनुसार सामुदायिकभन्दा संस्थागत विद्यालय गणितमा ४९ स्कोर, नेपालीमा ७ स्कोर, अङ्ग्रेजीमा ५९ स्कोर र विज्ञान तथा प्रविधिमा ४४ स्कोरले अगाडि रहेको देखिन्छ । समग्रमा सामुदायिक विद्यालयहरूको उपलब्धि राष्ट्रिय औसतभन्दा कम रहेको र संस्थागत विद्यालयहरूको उपलब्धि राष्ट्रिय औसतभन्दा उल्लेख्य रूपमा बढी रहेको देखिएको छ ।

## लैङ्गिक आधार

कक्षा ५ को NASA सन् २०२२ को नतिजा लैङ्गिक आधारमा तुलना गर्दा नेपाली विषयबाहेक अन्य विषयको उपलब्धिमा खासै भिन्नता पाइएको छैन । यससम्बन्धी विवरण तलको चित्रमा देखाइएको छ :

**चित्र ८**

*कक्षा ५ को NASA २०२२ उपलब्धिको लैङ्गिक आधारमा तुलना*




**चित्र ९**

*कक्षा १० को NASA सन् २०२३ को उपलब्धिको लैङ्गिक आधारमा तुलना*




चित्रअनुसार छात्राको भन्दा छात्रको उपलब्धि गणितमा १४ स्कोर, अङ्ग्रेजीमा ७ स्कोर र विज्ञान तथा प्रविधिमा १३ स्कोर बढी रहेको देखिएको छ तर नेपाली विषयमा चाहिँ छात्रभन्दा छात्राहरू ५ स्कोरले अगाडि रहेको पाइएको छ।

## स्थानीय तह

स्थानीय तह नगरपालिका र गाउँपालिका गरी दुई वर्गमा तथ्याङ्क विश्लेषण गरिएको छ । कक्षा ५ को NASA सन् २०२२ र कक्षा १० को NASA सन् २०२३ दुबै परीक्षणमा नगरपालिकाको सिकाइ उपलब्धि गाउँपालिकाको भन्दा उच्च रहेको पाइएको छ ।

## चित्र १०

*कक्षा ५ को NASA (सन् २०२२) को उपलब्धि स्थानीय तहका आधारमा तुलना*




## चित्र ११

*कक्षा १० को NASA सन् २०२३ को उपलब्धि स्थानीय तहका आधारमा तुलना*




नगरपालिका र गाउँपालिकाबिचको विषयगत सिकाइ उपलब्धिको अन्तर कक्षा ५ मा भन्दा कक्षा १० मा बढी देखिएको छ ।

## अभिभावक शिक्षा

परीक्षण गरिएका कक्षा ५ र कक्षा १० का सबै विषयमा विद्यार्थीको उपलब्धिसँग अभिभावकको शैक्षिक स्तरको प्रत्यक्ष सम्बन्ध रहेको पाइएको छ । आमा वा बुबाको शैक्षिक योग्यता उच्च रहेका बालबालिकाहरूको उपलब्धि स्तर पनि राम्रो देखिएको छ । निरक्षर र साक्षर अभिभावकहरूका बालबालिकाको र न्यून शैक्षिक योग्यता भएका अभिभावकहरूका बालबालिकाको उपलब्धिमा उल्लेख्य भिन्नता छ । यो नतिजा Kainuwa & Yusuf (2013) ले गरेको अध्ययनसँग पनि मिल्दोजुल्दो छ, उनीहरूले विश्वविद्यालय डिग्री भएका बुबा वा आमाका

छोराछोरीहरूले विशेष रूपले राम्रो प्रदर्शन गर्छन् र उच्च स्तरको शिक्षा प्राप्त गर्छन् भन्ने कुरा उल्लेख गरेका थिए ।

## अभिभावकको पेसा

अभिभावकको पेसा र विद्यार्थीको सिकाइबिचको सम्बन्धको विश्लेषणले अभिभावकहरू शिक्षक रहेका विद्यार्थीको प्रदर्शन सबैभन्दा उच्च रहेको पाइएको छ । शिक्षक, सरकारी जागिर र व्यवसायमा संलग्न रहेका अभिभावक भएका विद्यार्थीले पनि उच्च अङ्क प्राप्त गरेको देखिएको छ । कृषि र घरपरिवारमा संलग्न, अरूको घरमा काम गर्ने वा घरपरिवार मात्रै सम्हाल्ने अभिभावक भएका बालबालिकाले औसतमा कम अङ्क प्राप्त गरेको दुवै कक्षाको नतिजाले देखाएको छ ।

## शिक्षकको नियमितता

कक्षाकोठामा शिक्षकको नियमित उपस्थितिले विद्यार्थीको उज्ज्वल भविष्य निर्धारण गर्नका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने कुराको महत्त्वप्रति समर्पण र जागरूकता दुबैलाई सङ्केत गर्छ । कक्षाकोठामा भरपर्दो उपस्थितिको अर्थ शिक्षकहरूले सम्बन्धित विषयको गहिरो ज्ञान दिन सक्छन् र उनीहरूलाई समयमै पाठ्यक्रम पूरा गर्न सजिलो हुन्छ भन्ने हो । त्यसकारण यो विद्यार्थीको उपलब्धिका सम्बन्धमा अनुमान गर्नका लागि सहयोग गर्ने एउटा महत्त्वपूर्ण तत्त्व हो। यसरी माथिका प्राप्तिहरूलाई अध्ययन गर्दा कक्षाकोठामा आफ्नो पूरै समय समर्पण गर्ने शिक्षकहरू विद्यार्थीको उपलब्धिमा सुधार गर्न सफल भएको र ढिलो आएर चाँडै गएका वा कक्षामा आउँदै नआउने शिक्षकका विद्यार्थीको प्रदर्शन कमजोर रहेको कुरा दुवै कक्षाको परीक्षणमा पाइएको छ ।

## परीक्षण गरिएका विषयहरूमा रुचि

कुनै विषयमा बलियो रूचिको विकासले विद्यार्थीलाई त्यस विषयमा अझ कडा परिश्रम गर्न प्रोत्साहित गर्छ जसले उनीहरूको उपलब्धि बढाउन मदत गर्छ । यस अध्ययनमा परीक्षण गरिएका विषयहरू मन पराउने अधिकांश विद्यार्थीले ती विषयहरूमा सिक्न र उत्कृष्ट बन्न चाहेको कुरा नतिजाहरूले देखाउँछन् ।

## गृहकार्य र पृष्ठपोषण

कक्षा ५ र कक्षा १० को तथ्याङ्कको विश्लेषण गर्दा गृहकार्यपछि दिइएको कुनै पनि पृष्ठपोषणले विद्यार्थीको उपलब्धि बढाएको र नियमित रूपमा दिइने पृष्ठपोषण थप उपयोगी भएको पाइएको छ । आफ्नो गृहकार्यमा नियमित पृष्ठपोषण प्राप्त गर्ने विद्यार्थीको उपलब्धि कहिल्यै पृष्ठपोषण नपाएका विद्यार्थीको तुलनामा उच्च पाइयो । नियमित गृहकार्य र पृष्ठपोषण

प्राप्त गर्ने विद्यार्थी र गृहकार्य पनि नपाएका र नियमित पृष्ठपोषण पनि नपाएका विद्यार्थीबिच उपलब्धिमा उल्लेख्य भिन्नता देखियो । यो भिन्नता कक्षा १० को गणितमा २७, विज्ञान तथा प्रविधिमा ३६, अङ्ग्रेजीमा २८ र नेपालीमा ३१ स्केल स्कोर रहेको छ । त्यसै गरी कक्षा ५ को हकमा गणितमा ११, विज्ञान तथा प्रविधिमा ३९, नेपालीमा ३० र अङ्ग्रेजीमा ४६ स्केल स्कोर भिन्नता रहेको पाइयो ।

## निष्कर्ष

विद्यार्थीको उपलब्धि स्कोरमा महत्त्वपूर्ण असमानताहरू देखिएका छन् । यस प्रकारको नतिजा आउनुमा विभिन्न कारक तत्त्वहरूको प्रभाव रहेको छ । प्रादेशिक तहमा भिन्नताहरू स्पष्ट रूपमा देखिएका छन्, जस्तै गण्डकी, बागमती, र कोशी प्रदेशको उपलब्धि अन्य प्रदेशका तुलनामा उच्च रहेको देखिन्छ । न्यून उपलब्धि हासिल गर्ने प्रदेशमा थप सहयोगको आवश्यकता देखिन्छ । भौगोलिक अवस्थाको कारण पनि सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव परेको छ । ग्रामीण भेगको तुलनामा सहरी भेगका विद्यार्थीले उच्च स्कोर हासिल गरेका छन् जसले स्रोत वितरणमा हुने सम्भावित भिन्नताहरूलाई जनाउँछ । संस्थागत विद्यालयहरूले सामुदायिक विद्यालयहरूको तुलनामा उच्च उपलब्धि हासिल गरेका छन् । जातीयता, प्रादेशिक असमानता, सांस्कृतिक र सामाजिक आर्थिक कारणहरूले शैक्षिक उपलब्धिमा असर पारेको देखिन्छ ।

एकल परिवारका विद्यार्थी र घरबाट विद्यालय जान छोटो दुरी पार गर्नुपर्ने विद्यार्थीको उपलब्धि उच्च देखिएको छ । विज्ञान तथा प्रविधि र गणित जस्ता प्राविधिक विषयमा अङ्ग्रेजी माध्यमको पढाइबाट सकारात्मक असर परेको देखिन्छ। अतिरिक्त क्रियाकलाप (ECA) र अभिभावकहरूको शैक्षिक पृष्ठभूमि उच्च उपलब्धि हासिल गर्नमा महत्त्वपूर्ण चरका रूपमा देखिएका छन् । अतिरिक्त क्रियाकलाप र अध्ययनको बिचमा सन्तुलन राख्ने विद्यार्थीले विशेष गरी अङ्ग्रेजी र गणितमा राम्रो उपलब्धि हासिल गरेका छन् । विशेष गरी उच्च शिक्षा भएका अभिभावकहरूको बालबालिकाहरूले सबैभन्दा राम्रो परिणाम प्राप्त गरेका छन् । यसबाट के स्पस्ट हुन्छ भने घरको शैक्षिक वातावरणले विद्यार्थीको उपलब्धिलाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

घर र विद्यालयमा सिकाइमा सहयोग प्राप्त गर्ने र नगर्ने विद्यार्थीबिचको सिकाइ उपलब्धिमा अन्तर देखिएको छ । परिवारका सदस्यहरू, विशेष गरी आमा र दाजुभाइहरूको सहयोग प्राप्त गर्ने विद्यार्थीले राष्ट्रिय उपलब्धि स्कोरलाई पार गरेको देखिन्छ । प्रविधिमा पहुँच, जस्तैः कम्प्युटर र इन्टरनेट पनि उच्च उपलब्धिसँग सम्बन्धित छ, जसले आधुनिक शिक्षामा डिजिटल स्रोतहरूको महत्त्वलाई उजागर गर्छ । शिक्षकहरू र विद्यालयप्रतिको सकारात्मक धारणाले उपलब्धिस्तर वृद्धि गराएको छ । प्रेरणा, विद्यार्थीलाई सिकाइ गतिविधिहरूमा संलग्न गराउने

कडी हो । प्रेरित विद्यार्थी र पाठ्यक्रममा सक्रिय रूपमा भाग लिने विद्यार्थीले विशेष गरी समूह कार्य र सिर्जनात्मक कार्यहरूमा उच्च स्कोर प्राप्त गरेका छन् । यी निष्कर्षहरूले सङ्केत गर्छ कि नेपालमा विद्यार्थी उपलब्धि सुधार गर्नका लागि एक समग्र दृष्टिकोण आवश्यक छ, जसमा अभिभावकको संलग्नता, स्रोतहरूको उपलब्धता, सकारात्मक सोच, विद्यालयको गतिशीलता र प्रेरणा आवश्यक छन् ।

## सुझावहरू

बागमती, गण्डकी, कोशी र लुम्बिनी प्रदेशहरू विगतदेखि हालसम्मको परीक्षणमा अन्य प्रदेशहरूले भन्दा राम्रो उपलब्धि स्तर हासिल गरेका छन् भने अन्य प्रदेशहरूले चुनौतीहरूको सामना गर्दै आएका छन् । कमजोर उपलब्धि भएका प्रदेशलाई थप स्रोतसाधन विनियोजन गरेर सबै विषयमा न्यून कार्यसम्पादन र उपलब्धिको असमानतालाई सम्बोधन गर्न सकिन्छ । यसमा पूर्वाधार, स्रोतसाधन, शिक्षक तालिम र सिकाइ सामग्रीमा लगानी समावेश गर्नुपर्ने देखिन्छ । धेरै विषयमा राष्ट्रिय औसतभन्दा कम अङ्क ल्याउने कर्णाली प्रदेशका लागि विद्यार्थीको नतिजा सुधार गर्न लक्षित शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नपर्ने देखिन्छ । नेपाली र अङ्ग्रेजी भाषामा कम अङ्क ल्याएका केही प्रदेशहरूमा भाषिक सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्न ध्यान दिनु पर्छ । भाषिक सिप विकास कार्यक्रम, पढाइ क्लब गठन र परिचालनलगायत कार्यहरू सञ्चालन गर्न उपयुक्त हुन्छ । विशेष गरी कम उपलब्धि हासिल गर्ने प्रदेशहरूमा शैक्षिक पूर्वाधार र तालिममा लगानी बढाउनुपर्ने देखिन्छ ।

- विद्यार्थीको कमजोर उपलब्धि स्तर भएका क्षेत्रहरू जस्तै कर्णाली र सुदूरपश्चिम प्रदेशको सिकाइ उपलब्धिको अन्तर कम गर्नका लागि थप स्रोतहरू तथा बजेटको व्यवस्था गर्नुका साथै स्थानीय चुनौतीहरूलाई सम्बोधन गर्ने गरी क्षेत्र विशेष शैक्षिक कार्यक्रमहरू एवम् शिक्षक तालिमको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- ग्रामीण क्षेत्रको सिकाइ सक्षमता र सहरी क्षेत्रको सिकाइ सक्षमतासँग समान बनाउन ग्रामीण क्षेत्रको विद्यालयको भौतिक संरचनाका साथै स्रोतहरू प्रवर्धनमा कार्य गर्नुपर्छ । Mobile learning unit एवम् digital कक्षाकोठाको अवधारणाको सुरुआत गर्नुपर्ने देखिन्छ ।
- सामुदायिक विद्यालय र संस्थागत विद्यालयबिचको सिकाइ उपलब्धिको खाडल कम गर्नको लागि सामुदायिक विद्यालयहरूका लागि स्रोतहरू तथा बजेटमा अभिवृद्धि गर्नुपर्छ । सामुदायिक विद्यालय र संस्थागत विद्यालयबिचमा संयुक्त कार्यक्रमहरू सञ्चालनका लागि साझेदारीलाई बढावा दिनुपर्छ ।
- नेपाली र अङ्ग्रेजी सक्षमतामा जोड दिई बृहत् भाषा कार्यक्रमहरूको विकास गर्नुपर्छ । नेपाली भाषा बोल्नेभन्दा अन्य पृष्ठभूमि भएका विद्यार्थीका लागि अतिरिक्त भाषिक सहयोग प्रदान गरिनुपर्छ ।

- छात्रवृत्ति कार्यक्रममार्फत छात्राहरूलाई STEAM (Science, Technology, Engineering, Arts and Mathamtics) विषयमा सहभागिताका लागि प्रोत्साहन गर्नुपर्छ । शिक्षण सामग्री एवम् कक्षाकोठा अभ्यासमा लैङ्गिक विभेदलाई सम्बोधन गर्नुपर्छ ।
- विद्यार्थीको विविधतापूर्ण पृष्ठभूमिलाई सम्मान एवम् समावेश गर्ने सांस्कृतिक रूपमा जवाफदेही शिक्षण अभ्यासहरूको कार्यान्वयन गर्नुपर्छ । सीमान्तकृत जातीय समूहका विद्यार्थीका लागि थप सहयोग र स्रोतहरू प्रदान गर्नुपर्छ ।
- कार्यशाला तथा सामुदायिक कार्यक्रममार्फत शिक्षामा अभिभावकलाई सहभागिताका लागि प्रोत्साहन गर्नुपर्छ । परिवारलाई अनुकूल सिकाइ वातावरण सिर्जना गर्नका लागि स्रोत र सहयोग प्रदान गर्नुपर्छ ।
- लामो समय लगाएर विद्यालय जानुपर्ने विद्यार्थीका लागि सुरक्षित र विश्वसनीय साधनहरूको विकल्प विकास गर्नुपर्छ । घरबाट विद्यालय पुग्न लाग्ने दुरी कम गर्नको लागि ग्रामीण क्षेत्रमा थप विद्यालय वा अस्थायी सिकाइ केन्द्रहरू स्थापना गर्नुपर्छ ।
- अतिरिक्त क्रियाकलापहरूमा समतुल्य उपागमलाई प्रोत्साहन, विद्यार्थीसँग शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरू दुवैमा समय भएको सुनिश्चित गर्नुपर्छ । शैक्षिक कार्यसम्पादनमा नकारात्मक असरलाई रोक्न विद्यार्थीको screen time को अनुगमन र व्यवस्थापन गर्नुपर्छ ।
- ग्रामीण तथा कम स्रोतहरू भएका क्षेत्रहरूमा डिजिटल स्रोतहरू जस्तै कम्प्युटर, इन्टरनेटको पहुँच वृद्धि गर्नुपर्छ । सिकाइ अनुभवलाई बढावा दिनका लागि पाठ्यक्रममा प्रविधिलाई एकीकृत गर्नुपर्छ ।
- सहयोगी एवम् दुर्व्यवहार (bullying) मुक्त समावेशी विद्यालय वातावरण बनाउनुपर्छ । शिक्षक विद्यार्थीको सकारात्मक सम्बन्धलाई प्रवर्धन गर्नुका साथै सिकाइमा विद्यार्थी संलग्नता अभिवृद्धि गर्ने विधिहरूमा शिक्षकहरू तालिम प्राप्त भएको सुनिश्चित गर्नुपर्छ ।
- विद्यार्थीलाई उत्प्रेरित गर्ने तथा संलग्नता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू जस्तै अन्तरक्रिया तथा समूह सिकाइ क्रियाकलापको कार्यान्वयन गर्नुपर्छ । सिकाइ उपलब्धिका आधारमा विद्यार्थीलाई पुरस्कृत गर्नुपर्छ ।

## ४.१.२ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) को पूर्व परीक्षण

कक्षा ३ पूरा गरेका विद्यार्थीको पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि प्रयोग गरिने परीक्षण साधनलाई स्तरीकरण गर्ने उद्देश्यका साथ NARN को पूर्व परीक्षण गर्ने कार्य २०८० फागुन महिनामा सम्पन्न गरियो । गत आ.व.मा तयार पारिएको Assessment Framework का आधारमा आधारभूत तह (कक्षा १-३) मा अध्यापनरत विज्ञ शिक्षकको सहभागितामा गणित र नेपाली गरी दुईओटा विषयका चार चार सेट नमुना प्रश्नावली तयार

पारियो । NARN मा मौखिक परीक्षण (One to One Assessment) पनि गरिने हुनाले सो प्रयोजनका लागि पनि परीक्षण साधन तयार पारियो । दुवै प्रकारका नमुना परीक्षण साधनमा विज्ञ समूहबाट प्राप्त सुझावलाई सम्बोधन गरी अन्तिम रूप दिनका लागि सम्बन्धित विषय समितिमा पेस गरियो । विषय समितिमा छलफल पश्चात आवश्यक परिमार्जनसहित गणित र नेपाली दुवै विषयको प्रश्नावलीलाई अन्तिम रूप दिएर छपाइ कार्य सम्पन्न गरियो ।

सातओटै प्रदेशको प्रतिनिधित्व हुने गरी पूर्व परीक्षण सञ्चालन गर्न १० ओटा जिल्ला (खोटाङ, भोजपुर, उदयपुर, बारा, सिन्धुली, ललितपुर, अर्घाखाँची, रुकुमपूर्व, जुम्ला र दार्चुला) लाई छनोट गरियो । प्रत्येक जिल्लाका ८ ओटा विद्यालयहरू पर्ने गरी ८० ओटा विद्यालयहरू छनोट गरिएका थिए । परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिकाको प्रावधानअनुसार भएका छनोट परीक्षण सञ्चालक (Test administrator) लाई सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइसँगको सहकार्यमा परीक्षण सञ्चालनसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यशाला सम्पन्न गरियो । उक्त कार्यशालामा अनुगमनकर्ताको पनि उपस्थिति रहेको थियो । कार्यशालाको पहिलो दिन परीक्षण सञ्चालन सम्बन्धमा सैद्धान्तिक पक्षका बारेमा छलफल गरियो भने दोस्रो दिन विद्यालयमा गएर नमुना परीक्षण कार्य सम्पन्न गरियो । सबै जिल्लामा केन्द्रबाट गएका प्रतिनिधिमार्फत अभिमुखीकरण कार्यशाला सञ्चालन भएको थियो । एउटा जिल्लामा नमुना छनोटमा सबै विद्यालयमा एकै दिन पूर्व परीक्षण सञ्चालन गरी उत्तरपुस्तिका सङ्कलन गरियो। केन्द्रका प्रतिनिधि र सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईबाट परीक्षण कार्यको अनुगमन भएको थियो । पूर्व परीक्षण सञ्चालन भएका सबै जिल्लाबाट सङ्कलन गरिएका उत्तरपुस्तिकाहरू परीक्षण कार्यमा एकरूपता ल्याउन विज्ञ शिक्षकहरूमार्फत दुवै विषयको रूब्रिक्स निर्माण गरियो । विभिन्न चरणको छलफलपछि रूब्रिक्सको अन्तिमीकरण गरेर उत्तरपुस्तिका परीक्षणका लागि केन्द्रको विज्ञ सूचीमा सूचीकृत शिक्षकलाई अभिमुखीकरण गरियो । उत्तरपुस्तिका परीक्षण गर्दा अपनाउनुपर्ने सावधानीका सम्बन्धमा केन्द्रका महानिर्देशक, निर्देशक र विषयगत अधिकृतबाट सैद्धान्तिक तथा व्यावहारिक पक्षमा स्पष्ट पार्ने कार्य भयो ।

परीक्षणबाट प्राप्त नतिजालाई सफ्टवेयरका माध्यमबाट प्रश्नहरूको वैधता, विश्वसनीयता र विभेदीकरण पक्षको विश्लेषणका आधारमा NARN सञ्चालनका लागि दुई सेट परीक्षण साधनलाई विज्ञ समूह र विषय समितिबाट अन्तिम रूप दिइयो ।

## ४.१.३ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०१५ मा कक्षा ३ मा पनि विद्यार्थीको सिकाइ उपलब्धि पत्ता लगाउन NASA परीक्षण गरेको थियो । सन् २०१५ मा NEGRP लागु भएपछि NASA बाट कक्षा ३ लाई अलग गरियो । EGRA ले केवल मौखिक परीक्षण मात्र गर्ने भएकाले कक्षा

३ मा कस्तो लेखन सिपका बालबालिकाहरू कक्षा ४ मा स्तरोन्नति हुन्छन् र कक्षा ५ मा गरिने NASA परीक्षणमा उनीहरूको उपलब्धिलाई जोड्न सकिन्छ भन्नेमा अन्योल थियो । त्यसैले कक्षा ३ मा NASA र EGRA को मिश्रित रूपरेखाको आवश्यकता महसुस भयो । यही आवश्यकतालाई पूरा गर्न National Assessments of Reading and Numeracy (NARN) को अवधारणा विकास भएको पाइन्छ ।

NARN को परीक्षण ढाँचा CB-EGRA र EGRA को मिश्रित रूप हो । नेपाली र गणित विषयलाई मिसाएर परीक्षण साधन निर्माण गर्नु NARN को अर्को विशेषता हो । प्रारम्भिक कक्षाको अन्त्यमा पढाइ र गणितीय सिपको न्यूनतम स्तर मापनका लागि NARN परीक्षण साधन उपयुक्त मानिएको छ ।

## पढाइ तथा गणितीय सिप परीक्षणको उद्देश्य निम्नानुसार रहेको छः

१. कक्षा ३ पूरा गरेका बालबालिकाको पढाइ तथा गणितीय सिपको वर्तमान उपलब्धि स्तर थाहा पाउनु
२. पढाइ तथा गणितीय सिपको न्यूनतम उपलब्धि हासिल गर्न विद्यार्थीको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाले पार्ने प्रभाव पत्ता लगाउनु
३. विद्यालय तथा प्रधानाध्यापकको पृष्ठभूमिका कारण पढाइ तथा गणितीय सिपको उपलब्धिमा पर्ने प्रभावको अध्ययन गर्नु
४. NARN 2020 को नतिजासँग तुलना गर्नु
५. उपलब्धि स्तरलाई सुधार गर्नका लागि नीति तथा कार्ययोजनामा परिमार्जन गर्न प्रमाणमा आधारित सुझाव प्रदान गर्नु

## पढाइ तथा गणितीय सिप परीक्षणका विशेषताहरू

१. कक्षा ३ पूरा गरेका विद्यार्थीमा नेपाली र गणित विषयको परीक्षण भएको
२. दुवै विषयका प्रश्नावलीहरू एउटै Booklet मा रहेको
३. समान कठिनाइ स्तरका दुई सेट प्रश्नावलीहरू परीक्षण गरिएको
४. दुवै विषयमा मौखिक परीक्षण पनि गरिएको
५. नेपाली विषयमा पठन प्रवाह परीक्षण भएको
६. परीक्षणमा सामुदायिक विद्यालय मात्र सहभागी गराइएको
७. कक्षा ३ मा कम्तीमा १० जना विद्यार्थी भएको विद्यालय मात्र नमुना छनोटमा परेका तर विद्यार्थी सङ्ख्या जति बढी भए पनि १५ जनाभन्दा बढी विद्यार्थीलाई परीक्षणमा सहभागी नगराएको ।

केन्द्रको आ.व.२०८०/०८१ मा स्वीकृत कार्यक्रममध्ये NARN सञ्चालन गर्नु प्रमुख कार्य थियो । यसका लागि Probability Proportional to Size (PPS) प्रणालीमार्फत देशभरबाट ३३ जिल्लाका ५७९ सामुदायिक विद्यालय नमुना छनोटमा परेका थिए । परीक्षण सञ्चालन प्रक्रियालाई स्तरीकृत, मर्यादित र वस्तुनिष्ठ बनाउन छनोट भएका जिल्लालाई ३ ओटा क्लस्टर (चितवन, विराटनगर, नेपालगन्ज) मा विभाजन गरी सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख र परीक्षण सञ्चालकलाई परीक्षण सञ्चालनसम्बन्धी तालिम सहजीकरण गर्न सक्ने कर्मचारी वा मा.वि.तहका एक जना शिक्षकलाई २ दिने अभिमुखीकरण कार्यशाला सञ्चालन गरियो । अभिमुखीकरण कार्यशाला पश्चात् जेठ महिनाको दोस्रो साताबाट सम्बन्धित जिल्लामा परीक्षण सञ्चालन गरिएको थियो । परीक्षण अवधिमा शिक्षा विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइबाट अनुगमन गरिएको थियो ।

परीक्षण सञ्चालन भएका सबै जिल्लाबाट सङ्कलन गरिएका उत्तरपुस्तिकाहरू परीक्षण कार्यमा एकरूपता ल्याउन विज्ञ शिक्षकहरूमार्फत दुवै विषयको रूब्रिक्स निर्माण भयो । विभिन्न चरणको छलफलपछि रूब्रिक्सको अन्तिमीकरण गरेर उत्तरपुस्तिका परीक्षणका लागि केन्द्रको विज्ञ सूचीमा सूचीकृत शिक्षकलाई अभिमुखीकरण गरियो। उत्तरपुस्तिका परीक्षण गर्दा अपनाउनुपर्ने सजगताको सम्बन्धमा केन्द्रका महानिर्देशक, निर्देशक र विषयगत अधिकृतबाट सैद्धान्तिक तथा व्यावहारिक पक्षमा प्रस्टयाउने कार्य सम्पन्न भयो ।

उत्तरपुस्तिका परीक्षणपश्चात प्राप्ताङ्कलाई प्रविष्टी गर्ने कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा डाटा क्लिनिङ, व्यवस्थापन र विश्लेषण गरी प्रतिवेदन लेखन कार्य सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

### ४.१.४ माध्यमिक शिक्षा परीक्षाको स्तरीकरण अङ्कको विश्लेषण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम २०८०।०८१ अनुसार माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SEE) को अङ्कको विश्लेषणबाट प्रश्न विश्लेषण, पाठ्यक्रम र विशिष्टीकरण तालिका तथा प्रश्न बिचको तालमेल, विद्यार्थीको उपलब्धिस्तरको अवस्था जस्ता पक्षहरूको अध्ययन गरी प्रतिवेदन तयारी गर्नुपर्ने कार्यक्रम (Analyzing the SEE standardization scores) रहेको थियो । यस कार्यका लागि राष्ट्रिय परीक्षा बोर्डसँगको सहकार्यमा सातओटै प्रदेशको प्रतिनिधित्व हुने गरी २०७९ सालको SEE परीक्षामा प्रयोग भएका गणित, विज्ञान तथा प्रविधि र अङ्ग्रेजी तीन विषयका करिब १०,००० उत्तरपुस्तिकाहरू सङ्कलन गरेर विषयगत प्राप्ताङ्कको डेटाबेस तयार गरिएको थियो । विद्यार्थीले प्राप्त गरेका अङ्कका आधारमा प्रत्येक प्रश्नको Item anlysis र विद्यार्थी उपलब्धिको प्रदेशगत रूपमा तुलनात्मक विश्लेषण गरी प्रतिवेदन

तयार गरिएको थियो । बाह्य विज्ञ परामर्शदाताबाट तथ्याङ्कको विश्लेषण र प्रतिवेदन लेखनको कार्य गरिएको थियो ।

**यस कार्यक्रमको उद्देश्यहरू:**

क) माध्यमिक शिक्षा परीक्षा, २०७९ का प्रश्नहरूको कठिनाइ स्तर, विभेदीकरण क्षमताको अध्ययन गर्नु

ख) प्रदेशगत समान्तरीय प्रश्नहरूको विश्वसनीयता मापन गर्नु

ग) SEE नतिजाका आधारमा प्रदेशहरूबिच तुलना एवम् संज्ञानात्मक तहअनुसार विद्यार्थीको अवस्था पहिचान गर्नु

घ) नतिजाका आधारमा राष्ट्रिय परीक्षा बोर्ड र अन्य सरोकारवालाहरूलाई प्रश्नपत्र सुधारका लागि सुझावहरू प्रदान गर्नु

## नतिजा र सुझाव

क) प्रश्नहरूको कठिनाइ स्तर एवम् विभेदीकरण क्षमताको अध्ययन गर्दा तीनओटै विषयका केही प्रश्नहरू revision गर्नुपर्ने पाइयो । परीक्षामा प्रयोग गर्नुपूर्व प्रश्नहरूको पूर्वपरीक्षण गरी विश्लेषण गर्नुपर्ने देखिन्छ ।

ख) परीक्षाका प्रश्नहरूको विश्वसनीयता ०.६ देखि ०.८ सम्म सन्तोषजनक र ०.८ देखि माथि राम्रो भन्ने आधारमा विश्लेषण गर्दा सबै विषयका प्रश्नहरूको विश्लेषण राम्रो रहेको रहेको देखिन्छ ।

ग) उच्च दक्षता (Higher ability) प्रश्नहरूमा विद्यार्थीको सम्पादनस्तर कमजोर रहेको पाइयो । शिक्षण सिकाइकै क्रममा सबै संज्ञानात्मक तहका प्रश्नहरूमा पर्याप्त छलफल तथा अभ्यास गराउनु पर्ने देखिन्छ ।

घ) गणित र विज्ञान तथा प्रविधि विषयमा अन्य प्रदेशका तुलनामा बागमती प्रदेशको विद्यार्थी सिकाइ उपलब्धि राम्रो रहेको पाइयो । विद्यार्थीको न्यून सिकाइ उपलब्धिस्तर देखिएका प्रदेशहरूमा सिकाइ उपलब्धिस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ४.१.५ परिवर्तित पाठ्यक्रममा आधारित कक्षा १० को NASA Framework विकास

शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई पाठ्यक्रमका सिकाइ उपलब्धि तथा सक्षमताहरू हासिलको अवस्था पहिचान गर्न विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) सञ्चालन गर्ने कार्यादेश रहेको छ । केन्द्रले NASA Framework विकास गरी परीक्षण सञ्चालन गर्ने गरेको छ । यस परिप्रेक्ष्यमा परिवर्तित माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा आधारित भई चारओटा विषयहरू अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान तथा प्रविधिको कक्षा १० को Assessment Framework

विकास गर्ने कार्य सम्पन्न भएको छ । यसबाट आगामी वर्षहरूमा सञ्चालन गरिने कक्षा १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणमा सैद्धान्तिक र प्रक्रियागत आधार तयार हुनुका साथै परीक्षणका साधनहरू निर्माण गर्न विश्वसनीय आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

**कार्यक्रमको उद्देश्य :**

क) कक्षा १० को NASA सञ्चालन गर्न सैद्धान्तिक र कार्यप्रक्रियागत आधार तयार गर्नु

ख) मुख्य चार विषयहरू (अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र नेपाली) मा विद्यार्थीको सिकाइ उपलब्धिस्तर र प्रभाव पार्ने जिम्मेवार तत्त्वहरू पहिचान गर्नु

ग) NASA परीक्षणका लागि प्रश्नहरू निर्माण गर्ने विश्वसनीय आधार प्रदान गर्नु

**कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धि**

- विषयगत रूपमा सम्बन्धित कक्षाका राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि तथा सक्षमताहरू अध्ययन तथा विश्लेषण भएको
- परिवर्तित पाठ्यक्रमअनुसार NASA फ्रेमवर्क विकास गर्दा थप गर्नुपर्ने वा परिवर्तन गर्नुपर्ने विषयवस्तुहरू पहिचान भएको
- कक्षा १० को नेपाली, अङ्ग्रेजी, विज्ञान तथा प्रविधि तथा गणित विषयको परीक्षण फ्रेमवर्क विकास भई नमुना प्रश्न तयार भएको

## ४.१.६ अङ्ग्रेजी विषयको क्याप्सुल विकास

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को विगतका नतिजाहरूलाई सङ्क्षेपीकरण गरी प्रतिवेदन पठनपाठनमा सहजीकरणका लागि अङ्ग्रेजी विषयको क्याप्सुल विकास गर्ने कार्यक्रम रहेको थियो । कक्षा ५, ८ र १० को सन् २०१२, २०१५, २०१९ र २०२० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को प्रतिवेदनहरूको व्यवस्थित रूपमा विज्ञहरूबाट अध्ययन विश्लेषण भई अङ्ग्रेजी विषयसँग सम्बन्धित तीनै कक्षा ५, ८ र १० को परीक्षण प्रतिवेदनबाट प्राप्त नतिजालाई एकीकृत र संश्लेषण गरी क्याप्सुल विकास गर्ने कार्य सम्पन्न गरिएको छ । यस कार्यमा सन् २०१२ र २०१५ को कक्षा ५ को NASA प्रतिवेदन, सन् २०१९ को कक्षा १० को NASA प्रतिवेदन र सन् २०२० को कक्षा ८ को NASA प्रतिवेदनलाई आधार लिएको थियो ।

## उद्देश्यहरू

- अङ्ग्रेजी विषयसँग सम्बन्धित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कक्षा ५, ८ र १० प्रतिवेदन (सन् २०१२, २०१५, २०१९ र २०२०) को व्यवस्थित अध्ययन गर्नु
- अङ्ग्रेजी विषयसँग सम्बन्धित कक्षा ५, ८ र १० को उपलब्धि परीक्षणका सूचकहरूमा आधारित भई प्रतिवेदनबाट प्राप्त नतिजालाई एकीकृत तथा संश्लेषित रूपमा सूत्रबद्ध गरी प्रस्तुत गर्नु
- शिक्षक तालिम तथा पेसागत विकासको नीति तथा योजना निर्माणको निम्ति तथ्यगत आधार प्रदान गर्नु

## उपलब्धि एवम् प्राप्तिहरू

- ५० प्रतिशत भन्दा बढी विद्यार्थीले अङ्ग्रेजी विषयको पाठ्यक्रमले तोकेका न्यूनतम सिकाइ सक्षमताहरू हासिल गर्न नसकेको पाइयो ।
- कक्षा ५ को अङ्ग्रेजी विषयको उपलब्धि स्तर सन् २०१२ को तुलनामा सन् २०१५ मा खस्कदो क्रममा रहेको पाइयो ।
- कक्षा ८ अङ्ग्रेजी विषयमा प्रादेशिक उपलब्धिमा धेरै फराकिलो असमानता रहेको पाइयो जसमा बागमती, गण्डकी र कोशी प्रदेशको उपलब्धि राष्ट्रिय औसतभन्दा माथि रहेको पाइयो भने अन्य प्रदेशको कमजोर रहेको पाइयो ।
- अङ्ग्रेजी माध्यममा शिक्षण सिकाइ सहजीकरण भएका सामुदायिक विद्यालयले नेपाली माध्यममा शिक्षण भएका सामुदायिक विद्यालयको तुलानामा राम्रो उपलब्धि हासिल गरेको पाइयो ।
- नेपाली भाषालाई आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीको उपलब्धि भन्दा अन्य भाषाहरूलाई आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीको उपलब्धिस्तर कमजोर रहेको पाइयो ।
- उपलब्धिको तुलनात्मक अध्ययनले सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरूबिच ठुलो अन्तर देखाएको छ । सामुदायिक विद्यालयहरू भन्दा संस्थागत विद्यालयहरू सबै कक्षाहरूमा उत्कृष्ठ उपलब्धि रहेको छ ।
- अभिभावकको शैक्षिक स्तरले बालबालिकाहरूको उपलब्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ । उपलब्धिका आधारमा बुबा वा आमाको शैक्षिक योग्यता जति उच्च हुन्छ, बालबालिकाको औसत अङ्क त्यति नै बढी हुन्छ भन्ने कुरा देखाएको छ ।
- अभिभावकको पेसाले पनि विद्यार्थी सिकाइ उपलब्धिमा अन्तर पार्ने अवस्था रहेको पाइयो जसमा अभिभावक शिक्षक, कर्मचारी र व्यवसायी भएकाका विद्यार्थीको उपलब्धिस्तर राम्रो रहेको पाइयो भने कृषक एवम् श्रमिक अभिभावक भएका विद्यार्थीको उपलब्धिस्तर कमजोर रहेको पाइयो ।

**अध्ययनको नतिजाबमोजिम सिकाइ उपलब्धिमा सुधार गर्न निम्नबमोजिम सुझावहरू प्रदान गरिएको छः**

- स्रोत विनियोजन तथा पूर्वाधार विकासमार्फत शिक्षाको सुधारका लागि नीति तर्जुमा र कार्यान्वयनमा जोड दिने
- अङ्ग्रेजी भाषा सिकाउनका लागि आधुनिक शिक्षण प्रविधिहरूमा केन्द्रित कार्यशाला तथा प्रशिक्षण सत्रहरूको व्यवस्था गर्नका साथै अन्तरक्रियात्मक तथा विद्यार्थी केन्द्रित सिकाइ विधिमा जोड दिने
- विद्यार्थीको जीवन तथा भविष्यको पेसासँग सान्दर्भिक हुने समकालीन पाठ, विविध विधा र सामग्री समावेश गरिएको पाठ्यक्रम निर्माण गर्ने
- पत्रपत्रिका, शैक्षिक जर्नल तथा अनलाइन सामग्री जस्ता पूरक स्रोतहरूमा पहुँच प्रदान गर्ने
- कक्षाकोठामा अङ्ग्रेजी भाषा प्रयोग गर्ने क्षमता तथा आत्मविश्वास बढाउन शिक्षकहरूलाई अङ्ग्रेजी भाषाका कोर्सहरू प्रदान गर्ने
- कम्प्युटर हेडफोन र भाषा सिकाउने सफ्टवेयरको साथ सुसज्जित भाषा प्रयोगशालाको स्थापना गर्ने
- प्रत्येक विद्यालयमा एउटा अङ्ग्रेजी क्लबको स्थापनामा जोड दिने
- विद्यार्थीलाई अङ्ग्रेजी सिपहरू सुधारको लागि उत्प्रेरित गर्न हिज्जे, निबन्ध प्रतियोगिता, सार्वजनिक रूपमा बोल्ने कला जस्ता कार्यक्रमको आयोजना गर्ने
- कक्षा ८ र १० का विद्यार्थीका लागि कक्षाशिक्षणलाई प्रभावकारी बनाउन अनलाइन प्लेटफर्महरू तथा अन्य स्रोतहरू जस्तै शैक्षिक वेबसाइटहरू, इपुस्तकहरूमार्फत भाषा सिक्ने सिपहरूको प्रयोग गर्ने
- कक्षाकोठाहरू आवश्यक सिकाइ सामग्रीहरू जस्तैः पुस्तक, चार्ट तथा श्रव्यदृश्य सामग्रीले सुसज्जित भएको सुनिश्चित गर्ने
- उमेरअनुसारका अङ्ग्रेजी पुस्तकहरू भएको पुस्तकालयको व्यवस्था गर्ने
- कक्षा ८ र १० का विद्यार्थीका लागि नियमित रूपमा विद्यार्थीको प्रगति मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधन र विधि प्रयोगमा ल्याउने
- विद्यार्थीको प्रगतिको अनुगमन र तत्काल पृष्ठपोषण प्रदान गर्न नियमित तथा अनौपचारिक मूल्याङ्कनका साधनहरूको प्रयोग गर्ने

### ४.१.७ कक्षा ८ का विद्यार्थीको NASA पूर्वपरीक्षण सञ्चालन

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ८ का लागि साधन विकास तथा अद्यावधिक गरी आगामी आर्थिक वर्षमा परीक्षण गर्नका लागि यस आर्थिक वर्ष २०८०/८१ मा २३ जिल्ला धनकुटा, खोटाङ, ओखलढुङ्गा, ताप्लेजुङ, पर्सा, सर्लाही, काठमाडौं, दोलखा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, गोरखा, लमजुङ, म्याग्दी, स्याङ्जा, बर्दिया, गुल्मी, नवलपरासी, रुकुमपश्चिम, रोल्पा, बझाङ, डडेलधुरा र कञ्चनपुरमा प्रत्येक जिल्लाका १३ ओटा विद्यालय र काठमाडौंमा १५ ओटा विद्यालय गरी जम्मा २८८ ओटा विद्यालयमा पूर्व परीक्षण सञ्चालन गरिएको थियो । प्रत्येक विद्यालयबाट कक्षा ८ का अधिकतम २५ जना विद्यार्थीको सहभागिता गराइएको थियो । परीक्षणको उत्तरपुस्तिका केन्द्रमा सङ्कलन भइसकेको र सङ्कलित उत्तरपुस्तिका परीक्षण गरी प्राप्ताङ्क प्रविष्टि गरी विश्लेषण गर्नेलगायत कार्य भएको छ ।

### ४.१.८ कक्षा १० को परीक्षण भएका उत्तर पुस्तिका परीक्षण, तथ्याङ्क प्रविष्टि

वि.स. २०७९ मा सञ्चालन भएको कक्षा १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट सङ्कलन गरिएका उत्तरपुस्तिकाका आधारमा विषयगत प्राप्ताङ्क र पृष्ठभूमि प्रश्नावलीको डाटाबेस तयार गर्न परीक्षण भएका उत्तर पुस्तिका प्रविष्टि/इन्ट्रिका लागि Kobo form विकास गरिएको थियो । यसरी विकास गरिएको फाराममा आधारित भई तथ्याङ्क प्रविष्टि, तथ्याङ्क सत्यापन (Data verification) र व्यवस्थापनको कार्य सम्पन्न भएको छ।

### ४.१.९ कक्षा १० र ५ को NASA परीक्षणको तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन, प्रकाशन

विद्यार्थीको सिकाइ उपलब्धिमा अभिवृद्धि गर्न राष्ट्रिय स्तरमा नीतिगत सुधार तथा सरोकारवालाहरूले गर्नुपर्ने विविध सुधारका सम्बन्धमा प्रमाणमा आधारित सुझाव दिने अभिप्रायले कक्षा ५ र कक्षा १० को अगिल्ला आर्थिक वर्षहरूमा सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को तथ्याङ्क विश्लेषण र विषयगत नतिजा सिर्जनामा आधारित प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न भएको छ।

### NASA /NARN परीक्षणका सन्दर्भमा देखिएका चुनौतीहरू

- परीक्षण फ्रेमवर्क विकासमा अन्तर्राष्ट्रिय परीक्षण एवम् अभ्यासहरूलाई सघन रूपमा समावेश गरी परीक्षणलाई थप विश्वसनीय र वैध बनाउनु
- परीक्षण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्नु
- परीक्षणको पृष्ठभूमि प्रश्नावली अद्यावधिक गरी समय सान्दर्भिक बनाउनु

- परीक्षण फ्रेमवर्कका आधारमा परीक्षण एवम् प्रतिवेदन विकासलाई थप प्रभावकारी बनाउनु
- केन्द्रले तोकिएको समयभित्र शिक्षा विकास तथा समन्वय इकाइमार्फत NASA र NARN परीक्षणको कार्य सम्पन्न गर्नु
- परीक्षणलाई नियमित लिइने परीक्षाका रूपमा मात्र बुझ्नु
- परीक्षण सञ्चालकहरूलाई केन्द्रले दिएको अभिमुखीकरणका आधारमा प्रभावकारी तवरले सहजीकरण गर्नु
- परीक्षण सञ्चालनपश्चात निर्धारित समयमा उत्तरपुस्तिका सङ्कलनको कार्य सम्पन्न गर्नु
- केन्द्रले गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अलग्गै नर्म्स स्वीकृत गर्नु

### सुधारका उपायहरू

- परीक्षण ढाँचा विकास गर्दा अन्तर्राष्ट्रिय नवीनतम प्रविधि एवम् अभ्यासहरूलाई अनुसरण गरी परीक्षण फ्रेमवर्क विकास गर्नुपर्ने
- परीक्षण कार्यलाई अन्तर्राष्ट्रिय रूपमा सञ्चालन हुने PIRLS, PISA, TIMSS एवम् GPF सँग तादात्म्य हुने गरी सञ्चालन गर्नुपर्ने
- इकाइले समग्र परीक्षण कार्यको Action Plan बनाई केन्द्रमा पठाउने र सोको अनिवार्य रूपमा पालना गर्नुपर्ने
- केन्द्रबाट सञ्चालन गरिने अभिमुखीकरण कार्यक्रमलाई उच्च प्राथमिकता दिनुपर्ने
- परीक्षण कार्यलाई नियमित लिइने परीक्षाको रूपमा मात्र बुझ्न नहुने
- परीक्षण सञ्चालक छनोटमा विशेष ध्यान पुऱ्याउनुपर्ने
- परीक्षण सञ्चालकहरूलाई केन्द्रले दिएको अभिमुखीकरणका आधारमा प्रभावकारी तवरले सहजीकरण गर्नुपर्ने
- केन्द्रले गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अलग्गै खर्चको दर हुनुपर्ने

## ४.२ कार्यसम्पादन परीक्षणहरू

### ४.२.१ सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यालयको स्तरीकरण

शैक्षिक निकायको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निमित्त सम्बद्ध निकायलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने, जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कार्यसम्पादन परीक्षण गर्ने कार्य गरिरहेको छ । यसका लागि विद्यालय तथा शैक्षिक निकायलाई आफ्नो कार्यसम्पादनस्तरको बाह्य तथा स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने, शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने, विद्यार्थीको सिकाइ उपलब्धि

परीक्षण र विद्यालय तथा निकायको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी एवम् प्रयोग गर्ने गराउनेलगायत जिम्मेवारीसमेत शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा रहेको छ । विद्यालय कार्यसम्पादन परीक्षणको मुख्य उद्देश्य विद्यालयको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी शिक्षण सिकाइ प्रणालीमा सुधार गर्न प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने रहेको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आ.व. २०७३/०७४ बाट नियमित रूपमा कार्यसम्पादन परीक्षण सुरु गरी आ.व. २०८०/८१ सम्म ७२ जिल्लाको ५९४० ओटा सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

विद्यालयको कार्यसम्पादनलाई मूलतः लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या गरी चार खण्डमा बाँडिएको छ । ती चारओटा खण्डअन्तर्गत जम्मा ८९ ओटा सूचक विकास गरी सूचकगतरूपमा जम्मा २६९ अङ्क कायम गरिएको छ । जसअनुसार लगानी (२५%), प्रक्रिया (३०%) उपलब्धि (४०%) ले ९५% भार ओगटेको छ भने सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको भार ५% छुट्याइएको छ ।

यसप्रकार परीक्षण गरेर अङ्क प्रदान गरेपछि कुल प्राप्ताङ्कका आधारमा विद्यालयको समग्र स्तर निर्धारण गर्ने व्यवस्था गरिएको छ । जसअनुसार, ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क भए *कमजोर*, ४० वा सोदेखि माथि ७०% भन्दा कम भए *सामान्य*, ७० वा सोभन्दा माथि ९०% भन्दा कम भए *मध्यम* र ९०% वा सोभन्दा माथि अङ्क पाएकोमा *उत्तम* स्तर तोक्ने व्यवस्था गरिएको छ । हरेक सूचकमा पाएको अङ्कले सुधारका निमित्त अति जरुरी क्षेत्रबारे जानकारी दिने र सोमार्फत् उत्तरदायित्वका साथै प्रक्रियागत सुधारका निमित्त सूचना उपलब्ध गराउने उद्देश्य राखेको छ । कार्यसम्पादन परीक्षण कार्यअन्तर्गत केन्द्रबाट हालसम्म समेटिएका विद्यालय तथा शैक्षिक संस्थाहरूको सङ्ख्यात्मक विवरण देहायअनुसार छ ।

## तालिका ७

*हालसम्म परीक्षण सम्पन्न सामुदायिक माध्यमिक विद्यालयको तथ्याङ्क विवरण*

| क्र.स. | आर्थिक वर्ष | जिल्ला सङ्ख्या | जिल्लाको नाम | विद्यालय सङ्ख्या |
|---|---|---|---|---|
| १ | २०७३/०७४ | ८ | ताप्लेजुङ, सिराहा, भक्तपुर, रसुवा, कपिलवस्तु, म्याग्दी, मुगु र डडेलधुरा | ४१३ |
| २ | २०७४/०७५ | २४ | संखुवासभा, भोजपुर, कञ्चनपुर, लमजुङ, महोत्तरी, पर्वत, झापा, धनकुटा, चितवन, बाजुरा, बझाङ, | १९६७ |

| | | | | |
|---|---|---|---|---|
| | | | पाँचथर, डोल्पा, सल्यान, रुकुम, बर्दिया, पाल्पा, नवलपरासी, अर्घाखाँची, दोलखा, काठमाडौं, सप्तरी, मनाङ र धादिङ | |
| ३ | २०७५/०७६ | १३ | अछाम, दार्चुला, धनुषा, गोरखा, हुम्ला, ललितपुर, मुस्ताङ, ओखलढुङ्गा, पर्सा, रामेछाप, रोल्पा, रूपन्देही र उदयपुर | ९९५ |
| ४ | २०७६/०७७ | ९ | दाङ, कैलाली, कालिकोट, कास्की, मकवानपुर, मोरङ, सर्लाही, सोलुखुम्बु र सुर्खेत | ८९९ |
| ५ | २०७७/०७८ | ६ | बाँके, बारा, काभ्रेपलान्चोक, नुवाकोट, तनहुँ र तेह्रथुम | ५९२ |
| ६ | २०७८/०७९ | २ | सिन्धुली र बाग्लुङ | २२९ |
| ७ | २०७९/०८० | ४ | सुनसरी, रौतहट, सिन्धुपाल्चोक र प्युठान | ३९५ |
| ८ | २०८०/०८१ | ४ | खोटाङ, स्याङ्जा, गुल्मी र दैलेख | ४५० |
| जम्मा | | ७२ | (७०+२) रुकुम र नवलपरासी टुक्रँदा ७२ जिल्ला | ५९४० |

यसरी केन्द्रले हालसम्म ७७ (साविक ७५) जिल्लाका माध्यमिक शिक्षा परीक्षा (SEE) दिएका विद्यालयहरूमध्ये ७२ जिल्लाका जम्मा ५९४० ओटा माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण सम्पन्न गरेको छ भने अब ५ ओटा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण कार्य बाँकी रहेको छ । यसका साथै आर्थिक वर्ष २०७९/०८० मा १० जिल्लाका ५० ओटा (प्रत्येक जिल्लाका ५/५ ओटा विद्यालय नमुनाका रूपमा) संस्थागत माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भइसकेको छ ।

## आ.व. २०८०।८१ मा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूको नतिजा

आर्थिक वर्ष २०८०।८१ मा चार जिल्लाः दैलेख, गुल्मी, स्याङ्जा र खोटाङका ४५० ओटा विद्यालयमा कार्यसम्पादन परीक्षण गरिएको थियो जसको नतिजालाई देहायअनुसार प्रस्तुत गरिएको छः

## तालिका ८

*खोटाङ जिल्लाका स्थानीय तहहरूको कार्यसम्पादनको समग्र स्तर र क्रम*

| स्थानीय तह | जम्मा प्राप्ताङ्क % | स्तर | क्रम |
|---|---|---|---|
| रावाबेसी गाउँपालिका | ६८.६७ | सामान्य | १ |
| रुपाकोट मझुवागढी नगरपालिका | ६८.०८ | सामान्य | २ |
| केपिलासगढी गाउँपालिका | ६२.८९ | सामान्य | ३ |
| ऐँसेलुखर्क गाउँपालिका | ६२.५२ | सामान्य | ४ |
| दिप्रुङ गाउँपालिका | ६१.७६ | सामान्य | ५ |
| बराह पोखरी गाउँपालिका | ५८.८४ | सामान्य | ६ |
| साकेला गाउँपालिका | ५६.४१ | सामान्य | ७ |
| खोटेहाङ गाउँपालिका | ५५.४२ | सामान्य | ८ |
| जन्तेढुङ्गा गाउँपालिका | ५१.५२ | सामान्य | ९ |
| हलेसी तुवाचुङ नगरपालिका | ४८.०७ | सामान्य | १० |
| **औसत अवस्था** | **६०.३६** | सामान्य | - |

## तालिका ९

*स्याङ्जा जिल्लाका स्थानीय तहहरूको कार्यसम्पादनको समग्र स्तर र क्रम*

| स्थानीय तह | जम्मा प्राप्ताङ्क % | स्तर | क्रम |
|---|---|---|---|
| बिरूवा गाउँपालिका | ७४.५२ | मध्यम | १ |
| आँधीखोला गाउँपालिका | ७४.२४ | मध्यम | २ |
| फेदीखोला गाउँपालिका | ७३.७५ | मध्यम | ३ |
| अर्जुनचौपारी गाउँपालिका | ७३.३० | मध्यम | ४ |
| वालिङ नगरपालिका | ७१.२४ | मध्यम | ५ |
| गल्याङ नगरपालिका | ६९.२९ | सामान्य | ६ |
| भिरकोट नगरपालिका | ६६.२३ | सामान्य | ७ |
| हरिनास गाउँपालिका | ६५.२३ | सामान्य | ८ |
| पुतलीबजार नगरपालिका | ६४.७९ | सामान्य | ९ |
| चापाकोट नगरपालिका | ६१.१५ | सामान्य | १० |
| कालीगण्डकी गाउँपालिका | ५७.८१ | सामान्य | ११ |
| **औसत** | ६७.७१ | सामान्य | - |

## तालिका १०

*गुल्मी जिल्लाका स्थानीय तहहरूको कार्यसम्पादनको समग्र स्तर र क्रम*

| स्थानीय तह | जम्मा प्राप्ताङ्क % | स्तर | क्रम |
|---|---|---|---|
| रुरु गाउँपालिका | ८२.०० | मध्यम | १ |
| इस्मा गाउँपालिका | ७६.३५ | मध्यम | २ |
| रेसुङ्गा नगरपालिका | ७१.८७ | मध्यम | ३ |
| धुर्कोट गाउँपालिका | ६९.१६ | सामान्य | ४ |
| छत्रकोट गाउँपालिका | ६८.८४ | सामान्य | ५ |
| गुल्मी दरबार गाउँपालिका | ६४.५१ | सामान्य | ७ |
| सत्यवती गाउँपालिका | ६५.४८ | सामान्य | ६ |
| कालीगण्डकी गाउँपालिका | ६३.७१ | सामान्य | ८ |
| चन्द्रकोट गाउँपालिका | ६३.१८ | सामान्य | ९ |
| मुसिकोट नगरपालिका | ६२.५२ | सामान्य | १० |
| मदाने गाउँपालिका | ६१.५१ | सामान्य | ११ |
| मालिका गाउँपालिका | ५९.०० | सामान्य | १२ |
| **औसत** | **६६.६२** | **सामान्य** | **-** |

## तालिका ११

*दैलेख जिल्लाका स्थानीय तहहरूको कार्यसम्पादनको समग्र स्तर र क्रम*

| स्थानीय तह | जम्मा प्राप्ताङ्क % | स्तर | क्रम |
|---|---|---|---|
| गुराँस गाउँपालिका | ६५.०० | सामान्य | १ |
| नारायण नगरपालिका | ६२.०५ | सामान्य | २ |
| नौमुले गाउँपालिका | ६१.४६ | सामान्य | ३ |
| भगवतीमाई गाउँपालिका | ५९.७५ | सामान्य | ४ |
| आठबीस नगरपालिका | ५९.३० | सामान्य | ५ |
| डुङ्गेश्वर गाउँपालिका | ५९.२९ | सामान्य | ६ |
| ठाँटीकाँध गाउँपालिका | ५८.४२ | सामान्य | ७ |
| दुल्लु नगरपालिका | ५६.२८ | सामान्य | ८ |
| भैरवी गाउँपालिका | ५६.०६ | सामान्य | ९ |
| चामुण्डा बिन्द्रासैनी नपा | ५२.९० | सामान्य | १० |

| स्थानीय तह | जम्मा प्राप्ताङ्क % | स्तर | क्रम |
|---|---|---|---|
| महाबु गाउँपालिका | ३५.१४ | कमजोर | ११ |
| औसत अवस्था | **५७.३१** | सामान्य | - |

## तालिका १२

*जिल्लाका विद्यालयहरूको क्षेत्रगत कार्यसम्पादनको औसत प्राप्ताङ्क*

| जिल्ला | लगानी (२५) | | प्रक्रिया (३०) | | उपलब्धि (४०) | | सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | प्राप्ताङ्क | प्रतिशत | प्राप्ताङ्क | प्रतिशत | प्राप्ताङ्क | प्रतिशत | प्राप्ताङ्क | प्रतिशत |
| स्याङ्जा | १७.१४ | ६८.५६ | २०.०२ | ६६.७३ | २९.४० | ७३.५० | १.१५ | २३.०० |
| गुल्मी | १६.६६ | ६६.६४ | २०.६५ | ६८.८३ | २७.३४ | ६८.३५ | १.९७ | ३९.४० |
| खोटाङ | १५.६२ | ६२.४८ | १८.२१ | ६०.७० | २५.०० | ६२.५० | १.५३ | ३०.६० |
| दैलेख | १३.६५ | ५४.६० | १६.६२ | ५५.४० | २३.९० | ५९.७५ | ३.१४ | ६२.८० |
| औसत | **१५.७७** | **६०.७८** | **१८.८८** | **६२.९२** | **२६.४१** | **६६.०३** | **१.९०** | **३८.९५** |

## तालिका १३

*खोटाङ जिल्लाका विद्यालयहरूको क्षेत्रगत कार्यसम्पादनको औसत प्राप्ताङ्क*

| क्र.स. | सूचक | औसत प्राप्ताङ्क | प्रतिशत | अवस्था |
|---|---|---|---|---|
| १ | लगानी (अङ्कभार २५) | १५.६२ | ६२.४८ | सामान्य |
| २ | प्रक्रिया (अङ्कभार ३०) | १८.२१ | ६०.७० | सामान्य |
| ३ | उपलब्धि (अङ्कभार ४०) | २५.०० | ६२.५० | सामान्य |
| ४ | सेवा प्रदान गरिएको विद्यार्थी संङ्ख्या (५) | १.५ | ३०.६० | सामान्य |
| **समष्टिगत नतिजा** | | **६०.३३%** | | - |

## तालिका १४

*स्याङ्जा जिल्लाका विद्यालयहरूको क्षेत्रगत कार्यसम्पादनको औसत प्राप्ताङ्क*

| क्र.स. | सूचक | प्राप्ताङ् औसत | प्रतिशत | स्तर |
|---|---|---|---|---|
| १ | लगानी अङ्कभार : २५ | १७.१४ | ६८.५६ | सामान्य |
| २ | प्रक्रिया अङ्कभार : ३० | २०.०२ | ६६.७३ | सामान्य |
| ३ | उपलब्धि अङ्कभार : ४० | २९.४० | ७३.५० | मध्यम |
| ४ | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या : ५ | १.१५ | २३.०० | सामान्य |
| **जिल्लाको समष्टिगत नतिजा** | | **६७.७१%** | | **सामान्य** |

## तालिका १५

*गुल्मी जिल्लाका विद्यालयहरूको क्षेत्रगत कार्यसम्पादनको औसत प्राप्ताङ्क*

| क्र.स. | सूचक | औसत प्राप्ताङ्क | प्रतिशत | अवस्था |
|---|---|---|---|---|
| १ | लगानी अङ्कभार २५ | १६.६६ | ६६.६४ | सामान्य |
| २ | प्रक्रिया अङ्कभार ३० | २०.६५ | ६८.८३ | सामान्य |
| ३ | उपलब्धि अङ्कभार ४० | २७.३४ | ६८.३५ | सामान्य |
| ४ | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या | १.९७ | ३९.४० | कमजोर |
| **जिल्लाको समष्टिगत नतिजा** | | **६६.६२%** | | - |

## तालिका १६

*दैलेख जिल्लाका विद्यालयहरूको क्षेत्रगत कार्यसम्पादनको औसत प्राप्ताङ्क*

| क्र.स. | सूचक | प्राप्ताङ्क औसत | प्रतिशत | अवस्था |
|---|---|---|---|---|
| १ | लगानी अङ्कभार २५ | १३.६५ | ५४.६० | सामान्य |
| २ | प्रक्रिया अङ्कभार ३० | १६.६२ | ५५.४० | सामान्य |
| ३ | उपलब्धि अङ्कभार ४० | २३.९० | ५९.७५ | सामान्य |
| ४ | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या | ३.१४ | ६२.८० | सामान्य |
| **जिल्लाको समष्टिगत नतिजा** | | **५७.३१%** | | - |

## कार्यसम्पादन परीक्षण प्रतिवेदनले दिएका सुझावहरू

### विद्यालय तह

- विद्यालयले तत्काल प्रत्यक्ष सरोकारवालाहरू सम्मिलित दुई दिने कार्यशाला आयोजना गरी परीक्षण प्रतिवेदनले औँल्याएका सुझावहरूका बारेमा व्यापक छलफल गरी विद्यालय सुधार योजनामार्फत् तत्काल गर्नुपर्ने एवम् बहुवर्षीय योजना बनाई गर्नुपर्ने कार्यहरू सुनिश्चित गरी यथाशीघ्र अगि बढ्नुपर्ने देखिन्छ ।
- विद्यालयले हरेक वर्षको वैशाख महिनामा अनिवार्य रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको कार्यसम्पादन परीक्षण साधन प्रयोग गरी अगिल्लो शैक्षिक वर्षको कार्यसम्पादन स्वपरीक्षण गरी त्यसभन्दा अगिल्लो वर्षको परीक्षण नतिजासँग तुलना गरेर आवश्यकताका आधारमा थप सुधारका योजनाहरू निर्माण गरी कार्यान्वयन गर्दै कार्यसम्पादन स्वपरीक्षणलाई आफ्नो विद्यालयको कार्य संस्कारका रूपमा विकास गर्नुपर्ने देखिन्छ ।
- विद्यालयहरूले विशेषत: विषयगत प्रयोगशाला व्यवस्थापन, कक्षा १-५ मा अनिवार्य बुक कर्नर निर्माण र प्रयोग एवम् सिकाइमा प्रविधिको प्रयोगको ५ वर्षे योजना बनाएर अगि बढ्नु जरुरी देखिन्छ ।
- अधिकांश विद्यालयहरूमा अभिभावकको सक्रियता ज्यादै न्यून देखिएकाले अभिभावकको सक्रियता बढाउन परम्परागत रूपमा बोलाइने सामान्य भेला तथा जमघटमा मात्र भर नपरी सान्दर्भिक विकल्पहरू जस्तैः आमा भेला, स्वास्थ्य शिविर सञ्चालन, समसामयिक विषयवस्तुमा छलफल, घरदैलो कार्यक्रम सञ्चालन गरी अभिभावक सक्रियता बढाउन जरुरी देखिन्छ ।
- विद्यालयहरूको प्रक्रिया क्षेत्रअन्तर्गत कमजोर रहेका कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन र शिक्षकको पेसागत विकासका लागि विद्यालयहरूले विशेष पहल गर्नुपर्ने देखिन्छ । विशेष गरी खोटाङ र दैलेख जिल्लाका विद्यालयहरूको प्रक्रियाको अवस्था तत्काल सुधार गर्नुपर्ने देखिन्छ ।
- शिक्षकको पेसागत विकासका लागि विद्यालय सुधार योजनामा नै निश्चित क्रियाकलापहरू जस्तैः विषयगत विभाग वा समितिहरूको गठन, क्षमता विकास र नियमित अन्तक्रियाको आयोजना, अन्य सफल विद्यालयहरूको भ्रमण, तालिम तथा गोष्ठीहरूमा सक्रियतापूर्वक सहभागिता एवम् तालिम तथा गोष्ठीहरूमा सिकेर आएका ज्ञान तथा सिपहरू अनिवार्य रूपमा सरोकारवाला शिक्षक समूहको बिचमा छलफल गर्ने संस्कारको विकास गर्न जरुरी देखिन्छ ।

- समग्रमा चारैओटा जिल्लामा उपलब्धि क्षेत्रका उपक्षेत्रहरू क्रमशः नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर, सिकाइ उपलब्धि, सेवाग्राही सन्तुष्टि र शिक्षकको पेसागत सन्तुष्टिको अवस्था पालिकाहरूको औसत उपलब्धिभन्दा कम देखिएकाले यसतर्फ सम्बन्धित पालिकाहरूका विद्यालयहरूले विद्यालयगत रूपमा उपयुक्त उपायहरूको पहिचान र प्रयोग गरी सुधार योजना बनाई लागु गर्न जरुरी देखिन्छ । विशेष गरी खोटाङ र दैलेख जिल्लाका विद्यालयहरूको उपलब्धिको अवस्था तत्काल सुधार गर्नुपर्ने देखिन्छ ।
- अधिकांश विद्यालयहरूमा प्रति कक्षा तोकिएको न्यूनतम सङ्ख्याभन्दा ज्यादै कम सङ्ख्यामा विद्यार्थी पाइएकाले विद्यार्थी सङ्ख्या कम हुनुका कारणहरू तत्काल पहिचान गरी विद्यार्थी सङ्ख्या बढाउन पहल थालनी गर्न जरुरी देखिन्छ ।
- विद्यालयहरूले आफूले सम्पादन गरेका कार्यहरूको व्यवस्थित एवम् वैज्ञानिक अभिलेख तयार गर्नुपर्ने देखिन्छ ।

## स्थानीय तह

- स्थानीय तहहरूले तत्काल सम्बन्धित विद्यालयका प्रअ एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सम्मिलित दुई दिने कार्यशाला आयोजना गरी विद्यालय कार्यसम्पादन परीक्षणले औँल्याएका समस्याहरू तथा सुधारका लागि सुझाएका उपायहरूका बारेमा व्यापक छलफल गरी विद्यालय सुधार योजनामार्फत तत्काल गर्नुपर्ने एवम् बहुवर्षीय योजना बनाई गर्नुपर्ने कार्यहरू सुनिश्चित गरी यथाशीघ्र अगि बढ्नुपर्ने देखिन्छ ।
- विद्यालयहरूको लगानी पक्षअन्तर्गत भौतिक संरचनातर्फ विशेष गरी कम्प्युटर/इन्टरनेट व्यवस्थापन, पुस्तकालय/बुक कर्नर, विषयगत प्रयोगशाला व्यवस्थापन, सफा खानेपानी, चमेनागृह, खेलमैदान एवम् सुविधा सम्पन्न शौचालय आदिको व्यवस्थापनका लागि आफूसँग भएका पूर्वाधारहरूलाई पूर्णरूपमा उपयोग गर्दै आगामी पाँच वर्षभित्र विद्यालयको सबलीकरणका लागि गुरुयोजना निर्माण गरेर अगि बढ्न विद्यालयहरूलाई स्थानीय तहहरूले सहजीकरण, अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने देखिन्छ ।
- शिक्षक व्यवस्थापनको अवस्था कमजोर पाइएका स्थानीय तहहरूले विशेष गरी विषयगत शिक्षकको दरबन्दी मिलानमा विशेष पहल गर्नु जरुरी देखिन्छ ।
- विद्यालयहरूमा अभिभावकको सक्रियता बढाउनका लागि स्थानीय तहले आयोजना गर्ने आयआर्जन, जनचेतना, स्वास्थ्य शिविर, आमा भेला आदि जस्ता कार्यक्रमहरू विद्यालयहरूको सहजीकरणमा गर्न लगाई एकीकृत अभिभावक शिक्षा कार्यक्रमलाई प्रोत्साहन गर्न स्थानीय परिवेशअनुरूप नीतिगत निर्णयहरू गरी अगि बढ्नुपर्ने खाँचो देखिन्छ ।

- स्थानीय तहहरूले कक्षा ८ को स्थानीय तहको परीक्षालाई व्यवस्थित गर्न तत्काल कदम चाल्न जरुरी छ । साथै परीक्षाको नतिजा विश्लेषणका आधारमा सुधारका प्रयासहरू कार्यान्वयन गराउन जरुरी देखिन्छ ।
- सामुदायिक माध्यमिक विद्यालयहरूमा प्रतिकक्षा तोकिएको न्यूनतम सङ्ख्याभन्दा ज्यादै कम सङ्ख्यामा विद्यार्थी हुनुका कारणहरू तत्काल पहिचान गरी विद्यार्थी सङ्ख्या बढाउन पहल थालनी गर्न वा अन्य सान्दर्भिक विकल्पहरूको खोजीका लागि सहजीकरण गर्न जरुरी देखिन्छ ।
- विद्यालयहरूलाई आफूले सम्पादन गरेका कार्यहरूको व्यवस्थित एवम् वैज्ञानिक अभिलेख राख्न प्रोत्साहन तथा आवश्यक सहयोग गर्न जरुरी देखिन्छ ।
- सबै सामुदायिक माध्यमिक विद्यालयहरूलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सम्पन्न गरिएको कार्यसम्पादन परीक्षणको नतिजालाई आधार मानेर आफ्ना विद्यालयको बहुवर्षीय भौतिक, शैक्षिक तथा व्यवस्थापकीय सुधार योजना निर्माणका लागि प्रोत्साहन एवम् सहजीकरण गर्न जरुरी देखिन्छ ।
- स्थानीय तहहरूले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी कार्यसम्पादन स्तरमा सुधार गरेका विद्यालयहरूलाई प्रोत्साहन र तुलनात्मक रूपमा कमजोर देखिएका विद्यालयहरूलाई सुधारका निम्ति निरन्तर सहयोग तथा आवश्यक निर्देशनको खाँचो देखिन्छ ।

## जिल्ला तह

- जिल्ला स्तरका पालिकाहरूको कार्यसम्पादन परीक्षणको नतिजाको आधारमा समताको सिद्धान्तअनुसार पालिकाका विद्यालयहरूको लगानी क्षेत्रअन्तर्गतको भौतिक पक्ष सुधार एवम् शिक्षकको न्यूनतम दरबन्दी र विषय शिक्षक व्यवस्थापनका लागि प्रदेश सरकार तथा सङ्घीय सरकारसँग समन्वय गर्न आवश्यक देखिएको छ ।
- स्थानीय तहहरूको प्रक्रिया क्षेत्रमा थप प्रभावकारिता ल्याउनका लागि विशेष गरी शैक्षिक योजनाहरू, विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन तयार गरिएका निर्देशिकाहरू, आवश्यकताका आधारमा शिक्षकको पेसागत विकास, प्रधानाध्यापकको नेतृत्व र विकास एवम् अतिरिक्त क्रियाकलाप व्यवस्थापनका लागि जिल्ला तहबाट गर्नुपर्ने सहयोग गर्न र प्रदेश तथा सङ्घीय सरकारसँग थप स्रोत तथा सशक्तीकरणका लागि पहल गर्न आवश्यक छ।
- उपलब्धिका आधारमा जिल्लाभित्र कमजोर देखिएका स्थानीय तहका विद्यालयहरूको अवस्था सुधार गर्नका लागि जिल्ला तहबाट गर्नुपर्ने सहयोग गर्न र प्रदेश तथा सङ्घीय सरकारसँग थप स्रोत तथा सशक्तीकरण लागि पहल गर्न आवश्यक छ ।

- विद्यालयहरूमा प्रतिकक्षा तोकिएको न्यूनतम सङ्ख्याभन्दा ज्यादै कम सङ्ख्यामा विद्यार्थी हुनुका कारणहरू तत्काल पहिचान गरी विद्यार्थी सङ्ख्या बढाउन पहल थालनी गर्न वा अन्य सान्दर्भिक विकल्पहरूको खोजी गरी सीमित स्रोत साधनको अधिकतम उपयोगका साथ सामुदायिक विद्यालयहरूको स्तरोन्नतिमा सहजीकरण गर्न जरुरी देखिन्छ।

## शैक्षिक गुणस्तर परीक्षण केन्द्र

- जिल्लागत रूपमा बनेका प्रतिवेदनहरूलाई सम्बन्धित जिल्ला र जिल्लाअन्तर्गतका स्थानीय तहहरूमा पुऱ्याउने कुराको सुनिश्चित गरी जिल्ला र सम्बन्धित स्थानीय तहहरूलाई आफ्नो तहका विद्यालयहरूका कार्यसम्पादन परीक्षणको नतिजाका बारेमा जानकार भई तथ्याङ्कमा आधारित सुधार योजना निर्माणमा सहयोग पुऱ्याउन जरुरी देखिन्छ ।
- विद्यालयहरूका कार्यसम्पादन परीक्षणको नतिजासँग प्रत्यक्ष सम्बन्ध भएका जिम्मेवार निकायहरूलाई विद्यालयहरूका कार्यसम्पादन परीक्षणको नतिजाका बारेमा अवगत गराई आवश्यक नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुपर्ने देखिन्छ ।
- विद्यालयहरूका कार्यसम्पादन परीक्षण प्राप्त नतिजालाई विश्लेषण गर्दा विद्यालयरूले कार्यसम्पादन परीक्षणलाई आफ्नो विद्यालयको यथार्थ अवस्था चित्रण गरी सुधारका लागि सघाउने सहकार्यात्मक प्रयासका रूपमा लिने वातावरण निर्माणका लागि यो कार्य निर्माणात्मक एवम् विद्यालयहरूलाई स्वमूल्याङ्कनमा सहयोग गर्ने परीक्षण भएको वास्तविकता बुझाउन जरुरी देखिन्छ ।
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले जिल्लागत एवम् समष्टिगत रूपमा प्राप्त गरेको प्रतिवेदनहरूको विश्लेषण गरी आवश्यक नीति निर्माण तथा परिमार्जनका लागि वस्तुपरक एवम् व्यवहारिक सुझाव सम्बन्धित निकायहरूलाई प्रदान गर्न जरुरी देखिन्छ ।
- बाह्य विज्ञद्वारा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयको प्रगति, समस्या तथा चुनौती र भावी कार्ययोजनाका सम्बन्धमा नियमित रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम सञ्चालन गरी सुधारका लागि पृष्ठपोषण तथा सुझाव दिन जरुरी देखिन्छ ।

## सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरू

- विद्यालयको कार्यसम्पादन परीक्षणमा छनोट भएकामध्ये केही विज्ञहरू परीक्षण अभिमुखीकरणमा अनुपश्थित हुँदा अन्य विज्ञ परीक्षकहरूलाई अनुरोध गरी पुनः अभिमुखीकरण गरी परीक्षण कार्यमा पठाउनु परेको
- विद्यालयको कार्यसम्पादन परीक्षण साधनमा भएका सूचकहरू भर्ने क्रममा केही विज्ञहरूले वास्तविक तथ्याङ्कको विवरण उपलब्ध गराउन नसकेको

- दुर्गम ठाउँका विद्यालयको कार्यसम्पादन परीक्षणका लागि आवश्यक पर्ने पारिश्रमिक कम भएकाले विज्ञ परीक्षकहरूले चासो कम देखाएको
- कार्यसम्पादन परीक्षणका सूचकलाई अद्यावधिक गर्ने
- कार्यसम्पादन परीक्षणबाट प्राप्त तथ्याङ्क र जानकारी प्रविष्टि गर्नका लागि पुरानै सफ्टवेयर केही सूचक र आवश्यक जानकारी थप तथा अद्यावधिक गरिएकामा समयमा सफ्टवेयर अद्यावधिक गरी इन्ट्री गर्न समस्या देखिएको

**विद्यालयको कार्यसम्पादन परीक्षणमा देखिएका समस्या समाधानका उपायहरू**

- विद्यालयको कार्यसम्पादन परीक्षणमा छनोट भएका विज्ञहरूसँग परीक्षण सम्झौता गर्ने
- कार्यसम्पादन परीक्षण साधनमा भएका सूचकहरूलाई अद्यावधिक गर्ने
- विद्यालयको कार्यसम्पादन परीक्षण साधनमा भएका सूचकहरू वास्तविक भरे नभरेको यकिन गर्न अनुगमन गर्ने
- दुर्गम ठाउँका विद्यालयको कार्यसम्पादन परीक्षणका लागि आवश्यक पर्ने पारिश्रमिक बढाउने
- एउटा विद्यालयबाट अर्को विद्यालयमा जानआउनका लागि आवश्यक थप यातायात खर्चको व्यवस्थापन गर्ने
- कार्यसम्पादन परीक्षणबाट प्राप्त तथ्याङ्क र जानकारी प्रविष्टि गर्नका लागि समयमै सफ्टवेयर अद्यावधिक गर्ने
- समयमै विज्ञ परीक्षकको छनोट गरी समयमै तोकिएको ढाँचामा प्रतिवेदन लेखन कार्य गर्न लगाउने र मसौदा प्रतिवेदनमा सुधारका लागि आवश्यक पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने

## ४.२.२ विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम

विद्यालयले निर्दिष्ट नीति तथा कार्यक्रम, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको लेखाजोखा गर्दै शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाको कार्य प्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तरको अवस्था विश्लेषण गरी कार्यसम्पादन सुधारका क्षेत्र पहिचान गर्न आवश्यक भएकाले विद्यालय तथा निकायको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्य उपलब्ध गराउँदै उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्ने कार्यलाई विद्यालय कार्यसम्पादन परीक्षणले जोड दिन्छ । कार्यसम्पादन परीक्षणलाई प्रभावकारी बनाउन बाह्य विज्ञबाट विद्यालयको कार्यसम्पादन परीक्षण गर्दा दिइएका सुझाव तथा कार्यान्वयनको अवस्था कस्तो छ ? सुझाव कार्यान्वयनका लागि के कस्ता प्रयास गरिएका रहेछन् ? सुझाव कार्यान्वयनको नतिजा तथा उपलब्धि के रहेछ ? सुझाव कार्यान्वयनका क्रममा के कस्ता समस्या तथा चुनौतीहरू सामना

गर्नुपर्‍यो र ती समस्याको सामाधान तथा चुनौतीको सामना गर्न के कस्तो योजना तथा कार्यक्रम तयार गरिएको रहेछ ? भनी जानकारी लिन र सुधारका लागि सुझाव प्रदान गर्न नियमित रूपमा स्वमूल्याङ्कन र फलोअप गर्ने कार्यक्रमअनुसार आ.व. २०८०।०८१ मा कार्यसम्पादन परीक्षणका समयमा विज्ञद्वारा दिइएका पृष्ठपोषण तथा सुझावको कार्यान्वयन र सुधारको अवस्था पहिचान गर्ने तथा विद्यालय तथा सम्बन्धित निकायलाई थप सुधारका लागि सुझाव तथा पृष्ठपोषण प्रदान गने प्रयोजनार्थ निम्न प्रदेश, जिल्ला र पालिकाका विद्यालयमा कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम सम्पन्न भएको छ ।

## तालिका १७

*प्रदेश, जिल्ला र पालिकाका विद्यालयमा कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम*

| प्रदेश | जिल्ला | स्थानीय तह | फलोअप परीक्षण कार्यक्रम गरिएका विद्यालयको सङ्ख्या |
|---|---|---|---|
| कोशी | सोलुखुम्बु | सोलुदुधकुण्ड | ७ |
| | | माप्या दुधकोशी | ५ |
| मधेश | सर्लाही | कौडेना गाउँपालिका | ३ |
| | | मलङ्गवा नगरपालिका | ६ |
| बागमती | मकवानपुर | मनहरी गाउँपालिका | ७ |
| | | हेटौंडा उपमहानगरपालिका | ७ |
| गण्डकी | कास्की | माछापुच्छ्रे गाउँपालिका | ७ |
| | | पोखरा महानगरपालिका | ७ |
| लुम्बिनी | दाङ | दङ्गीशरण गाउँपालिका | ४ |
| | | तुलसीपुर उपमहानगरपालिका | ७ |
| कर्णाली | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका | ७ |
| | | भेरीगङ्गा नगरपालिका | ७ |
| सुदूरपश्चिम | कैलाली | गौरीगङ्गा नगरपालिका | ७ |
| | | धनगढी उपमहानगरपालिका | ७ |
| **जम्मा** | | | **८८** |

## कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रमका प्राप्तिहरू

### १. कार्यसम्पादन परीक्षण फलोअप गरिएका विद्यालयले गरेका समग्र प्रयासहरू

### भौतिक र शैक्षिक सामग्री व्यवस्थापन

- विज्ञान तथा प्रविधि तथा प्रविधि विषयका लागि आवश्यक पर्ने प्रयोगात्मक सामग्री व्यवस्थापन गरी प्रयोगात्मक क्रियाकलाप सञ्चालन गर्ने गरिएको
- पुराना भौतिक संरचना विस्थापित गरी नयाँ भौतिक संरचना तयार गरिएको
- विद्यालयमा कम्प्युटर तथा ल्यापटप खरिद गरिएको साथै आधुनिक शैक्षिक सामग्रीका रूपमा Smart Board खरिद गरी कक्षाकोठामा प्रयोग गर्न सुरुआत गरिएको
- चमेना गृहको व्यवस्था नभएकोमा हाल चमेनागृह निर्माण गरिएको
- समुदायको लगानी र सहभागिता बढाउने प्रयास गरिएको (समुदायका दानवीर श्री लाल बहादुर साउदबाट २ (दुई) तले भवन निर्माण गरी विद्यालयलाई हस्तान्तरण गर्ने कार्य भएको: त्रिभुवन मावि धनगढी)

### क्षमता विकास र उत्प्रेरणा

- शिक्षक तथा कर्मचारीहरूको प्रोत्साहनका लागि पुरस्कारको व्यवस्था गरेको
- शिक्षकहरूलाई ICT मैत्री गराउन ICT ल्याब तयार गरी शिक्षकलाई तालिम दिइएको
- सह तथा अतिरिक्त क्रियाकलापमा स्थान हासिल गरेका विद्यार्थीलाई तत्काल पुरस्कारको व्यवस्था गर्ने गरेको
- शिक्षकको पेसागत विकासका लागि विभिन्न निकायहरूबाट प्रदान गर्ने शिक्षकको पेसागत कार्यक्रममा सहभागी गराउने गरेको, मासिक बैठकमा छलफल तथा अन्तरक्रिया गर्ने र विषयगत रूपमा अनुभवी शिक्षकहरूलाई सहजकर्ताका रूपमा परिचालन गर्ने गरेको
- सिकाइ उपलब्धि र अभिभावकको सहभागिता बढाउन शिक्षकहरूलाई अतिरिक्त समयमा समेत परिचालन गराई विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्था गरेको
- शिक्षकको पेसागत सन्तुष्टिलाई थप वृद्धि गर्न वार्षिक रूपमा प्रमाणपत्रसहित अभिभावक भेलामा सम्मान गर्ने गरेको
- चाडपर्व तथा भैपरी विदा बचत रहेमा स्केलअनुसारको रकम भुक्तानी गर्ने गरिएको
- बिहान नियमित प्रार्थना हुने तथा सो समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारहरू एवम् मोटिभेसनल समाचारहरू सुनाउने गरेको

### आचारसंहिता र परिपालना, अतिरिक्त तथा सहक्रियाकलाप

- विद्यालयमा विद्यार्थीको अनुशासन कायम गर्न कक्षा नेता/अनुशासन फोकल शिक्षकको व्यवस्था गरेको

- अतिरिक्त क्रियाकलापहरूलाई व्यवस्थित गर्नका लागि वार्षिक रूपमा सञ्चालन गरिने क्रियाकलापहरूलाई शैक्षिक क्यालेन्डरमै उल्लेख गर्ने गरेको साथै विशेष जिम्मेवारीको समिति गठन गरी जिम्मेवारी प्रदान गरिएको
- अनुपस्थित विद्यार्थीलाई फोन गर्नका लागि अभिभावकहरूमध्येबाट १ जना कर्मचारीको व्यवस्थापन गरिएको

## शैक्षिक उपलब्धि बढाउने प्रयास

- अभिभावकहरूसँग निरन्तर भेटघाट तथा छलफल गर्ने गरेको र बालबालिकाको सिकाइमा अभिभावकको जिम्मेवारी हुन्छ भन्ने कुराको बोध गराउने प्रयास गरिएको
- कक्षा दोहोऱ्याउने र छोड्ने दरमा कमी ल्याउने कार्यक्रम सञ्चालन गरिएको
- SEE को GPA बढाउन अभिभावकहरूको सल्लाहबमोजिम कोचिङ कक्षाहरू (अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि विषयहरूको) सञ्चालन गर्ने गरिएको
- इन्टरनेटको माध्यमबाट श्रव्य, दृश्य सामग्रीको प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्ने प्रयास गरिएको
- विद्यार्थी मूल्याङ्कनलाई अझ व्यवस्थित गरिएको IEMIS द्वारा नतिजा प्रकाशन गर्ने गरेको
- शिक्षकको पेसागत विकासका लागि इन्टरनेट प्रयोग, स्मार्ट बोर्डबाट शिक्षकलाई शिक्षण गर्ने कलाको विकास गरिएको
- अतिरिक्त क्रियाकलापको वार्षिक योजनासहित शिक्षकहरूलाई विशेष जिम्मेवारी प्रदान गरी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने कार्य भइरहेको
- विद्यालयको शैक्षिक अवस्थामा सुधार गर्न अङ्ग्रेजी माध्यममा पनि सञ्चालन गरिएको
- विद्यार्थी मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कनको नतिजा विश्लेषण र आन्तरिक मूल्याङ्कन मापदण्डअनुसार मूल्याङ्कन गर्ने कार्य सुरुआत गरिएको
- परीक्षाफल तथा नतिजा विश्लेषण गरी विद्यार्थी उपलब्धि सुधारका लागि छलफल गर्ने प्रयास गरिएको

## सिकाइ समय व्यवस्थापन

- विद्यालय समय बिहान १० बजे देखि ४:१५ सम्म दैनिक ७ पिरियडको व्यवस्थापन गरी पठनपाठन गरिएको
- शिक्षक अनुपस्थित हुँदा खाली हुन गएको कक्षामा खाली रहनु भएका शिक्षकहरूबाट कक्षा व्यवस्थापन (पारिश्रमिकको पनि व्यवस्था) गरिएको
- कक्षा ११ र कक्षा १२ मा छात्रवृत्ति पाएर अध्ययनरत छात्रछात्राहरूलाई स्वयम् सेवक शिक्षकको रूपमा अध्यापन गर्न लगाइएको

## सुझाव कार्यान्वयनको नतिजा

### भौतिक व्यवस्थापन

- नयाँ भवन निर्माण भएपछि कक्षा कोठाहरू व्यवस्थित भएको
- चमेना गृह निर्माण भएको कारण बालबालिकाहरूका लागि खाजामा गुणस्तर बढेको र विद्यार्थी बिरामी हुने दर घटेको
- समाजसेवीद्वारा निर्माण गरिएको भवन स्मार्ट हलसहित भएको हुँदा विभिन्न सेमिनार, गोष्ठी र कक्षा सञ्चालनमा सहज भएको

### शैक्षिक व्यवस्थापन

- शिक्षकहरू ICT मैत्री हुँदै गएको
- विज्ञान तथा प्रविधि विषयको प्रयोगात्मक कक्षा सञ्चालन हुँदा विद्यार्थीको सिकाइमा चासो बढेको
- प्रश्नपत्र निर्माण विशिष्टीकरण तालिकाको आधारमा गरी विद्यार्थीको उपलब्धि परीक्षा सञ्चालन गर्ने गरिएको
- इन्टरनेटको सहयोगले श्रव्यदृश्य सामग्रीको प्रयोग गरी पठनपाठन भइरहेको
- वार्षिक कार्ययोजनाअनुसार विद्यालयको कार्यक्रम अगाडि बढेको
- आधुनिक प्रविधिबाट पठनपाठन गराउँदा विद्यार्थीको रुचिअनुकूल भएकोले विद्यार्थीको सिकाइ उपलब्धिमा बृद्धि भएको
- नियमित शैक्षिक सामग्री प्रयोग, शैक्षणिक योजना निर्माण र आधुनिक प्रविधिको प्रयोगबाट प्रयोगात्मक र व्यवहारिक रूपमा सिकाइमा सहजीकरण भएको
- आन्तरिक मूल्याङ्कन नतिजाको विश्लेषणले विद्यार्थीलाई वर्गीकरण गरी विद्यार्थीको स्तर पत्ता लगाई शिक्षण गर्न सहज भई नतिजामा तुलनात्मक सुधार भएको
- आधुनिक प्रविधिबाट पठनपाठन गराउँदा विद्यार्थीको रुचि अनुकूल भएकोले विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि भएको
- अभिभावकहरूसँग निरन्तर भेटघाट तथा छलफलले गर्दा अभिभावकको विद्यालयप्रति चासो बढेको

### सह तथा अतिरिक्त क्रियाकलाप

- सह अतिरिक्त क्रियाकलापमा स्थान हासिल गरेको विद्यार्थीलाई तत्काल पुरस्कारको व्यवस्था गर्दा भाग लिने विद्यार्थीको सङ्ख्या बढेको
- शिक्षक तथा कर्मचारीहरूबिच सुमधुर सम्बन्ध कायम हुनुको साथै एक अर्कामा सहयोगको भावना वृद्धि भएको

- अतिरिक्त क्रियाकलाप व्यवस्थित गरिएकोले खेलकुदलगायतका अतिरिक्त क्रियाकलापमा विद्यार्थीले उत्कृष्ट नतिजा प्राप्त गरेको

**आचारसंहिता र परिपालना**

- विद्यालयमा विद्यार्थी अनुशासित हुँदै गएको
- शिक्षक उपस्थितिमा वृद्धि भएको, विद्यार्थीको कक्षामा नियमितता केही बढेको

## कार्यसम्पादन परीक्षणपश्चात् दिइएका सुझाव कार्यान्वयनमा देखापरेका समस्या

**सूचना तथा सञ्चार प्रविधि र भौतिक व्यवस्थापन**

- परम्परागत शैलीमा अध्यापन गराउँदै आएका शिक्षकहरूलाई ICT मैत्री बनाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा प्रयोग गराउन नसकिएको
- विज्ञान तथा प्रविधि तथा कम्प्युटर विषयको प्रयोगात्मक कक्षामा सबै विद्यार्थीलाई एकै पटक सहभागी गराउन नसकिएको
- पर्याप्त भवन तथा फर्निचरको अभावले विद्यार्थी भर्ना गर्न र उपयुक्त सिकाइ वातावरण सिर्जना गर्न कठिनाइ भएको
- राज्यको लगानी कम भएकोले विद्यालयमा व्यवस्थापन गर्न समस्या भएको (खेलकुद, बिजुली बत्ती, खानेपानी, फर्निचर स्मार्टबोर्ड, ल्यापटप आदि)

**बालबालिकाको सिकाइमा अभिभावकको जिम्मेवारी**

- अभिभावकहरूसँग निरन्तर भेटघाट तथा छलफल गर्दा समय व्यवस्थापन गर्न कठिनाइ भएको

**सह तथा अतिरिक्त क्रियाकलाप**

- फरक रुचि क्षमता भएका विद्यार्थीलाई सह तथा अतिरिक्त क्रियाकलापमा अर्थपूर्ण सहभागिता सुनिश्चित गराउन नसकिएको

**उत्प्रेरणा र प्रोत्साहन तथा आचारसंहिता**

- शिक्षक तथा कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था गर्दा मूल्याङ्कनका आधारहरू तय गर्न कठिन भएको
- विद्यालयमा विद्यार्थीको अनुशासन कायम गर्न कक्षा नेता/अनुशासन फोकल शिक्षकको व्यवस्था हुँदा सम्पूर्ण जिम्मेवारी फोकल शिक्षक र कक्षा नेताले नै लिनुपर्छ भन्ने मानसिकता विकास भएको

**शिक्षक व्यवस्थापन, क्षमता विकास र सिकाइ व्यवस्थापन**

- स्थायी शिक्षक दरबन्दी थप गर्न राज्यको नीतिनियम र व्यवस्थाका कारण दरबन्दी थप गर्न समस्या भएको

- व्यवस्थापन समिति चयन गर्दा र प्र.अ.ले गर्ने कामकाजमा राजनीतिक हस्तक्षेप हुने भएकाले नेतृत्व र व्यवस्थापनलाई सशक्त बनाउन समस्या भएको
- शिक्षकका पेसागत विकासको अवसर अपेक्षाभन्दा कम रहेको
- सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गर्दा सबै प्रकारका विद्यार्थी भर्ना गर्नुपर्ने बाध्यता हुने हुँदा विद्यार्थीको नियमितता, सिकाइ उपलब्धि बढाउन र समुदायलाई सन्तुष्टि पार्न ज्यादै गाह्रो भएको

**समस्या समाधानका लागि अपनाइने उपायहरू (भावी दिशा)**

- भवन अपुग भएकोमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घ सरकारसँग माग गर्ने
- विद्युतीय पुस्तकालय, पुस्तकालय, विज्ञान तथा प्रविधि प्रयोगशाला र ICT ल्याबको व्यवस्थापन, गुणस्तर अभिवृद्धिका लागि गैरसरकारी सङ्घ संस्था, स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई अनुरोध गर्ने
- अभिभावकको अर्थपूर्ण सहभागिता गराउन टोल शिक्षा समिति, उत्प्रेरक तालिम र शिक्षाको महत्त्व र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने
- अतिरिक्त तथा सहक्रियाकलापलाई यसको उद्देश्यबमोजिम नियमित रूपमा सञ्चालन गर्न अतिरिक्त तथा सहक्रियाकलाप योजना तयार गर्न लगाई कार्यान्वयन गर्न लगाउने र अतिरिक्त क्रियाकलापका लागि एक जना शिक्षकलाई संयोजक बनाउने र सहक्रियाकलापका लागि विषयगत शिक्षकलाई सहक्रियाकलापको योजना बनाई कार्यान्वयन गर्न लगाउने र प्रगतिको समीक्षा गर्ने
- स्थायी शिक्षक दरबन्दी थपका लागि पालिकामार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने
- विद्यालयको पूर्ण र पक्की घेरबार बनाउन विद्यालय, स्थानीय तह तथा समुदायको सहभागितामा पहल गर्ने
- नेपाली र अङ्ग्रेजी दुबै माध्यममा पठनपाठन भइरहेको हुँदा कक्षाकोठा र फर्निचरको अभाव रहेकाले सोका लागि पहल विद्यालय व्यवस्थापन, शिक्षक अभिभावकसँग अनुरोध गर्ने
- विद्यार्थीको आवतजावतका लागि आवश्यकताअनुसार यातायातका साधनको व्यवस्थापन गर्ने
- शिक्षकहरूको पेसागत विकासका लागि आधुनिक प्रविधिसम्बन्धी तालिम दिनका लागि स्थानीय गैरसरकारी संस्था, स्थानीय तह र प्रदेश शिक्षा तालिम केन्द्रलाई अनुरोध गर्ने
- स्मार्ट बोर्ड, इन्टरनेट, सि.सि टिभी क्यामेरा र ल्यापटपलगायत सामग्रीका लागि स्थानीय तह, प्रदेश र सङ्घीय सरकार तथा गैरसरकारी सङ्घ संस्थालाई अनुरोध गर्ने
- विद्यार्थी, शिक्षक, विव्यस, शिक्षक अभिभावक सङ्घ र अभिभावकको सहभागितामा हरित विद्यालय बनाउने कार्य तत्काल गर्ने

- अङ्ग्रेजी माध्यमलाई अझ व्यवस्थित गरी सिकाइ उपलब्धि उच्च बनाउनका साथै अभिभावकहरूको विद्यालयप्रतिको आर्कषण बढाउने कार्य गर्ने

  नमुनाका लागि आ.व. २०७६/०७७ मा कार्यसम्पादन हुँदाको विद्यालयको लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको अवस्था र फलोअप कार्यक्रमको समय २०८०/०८१ मा उक्त क्षेत्रमा भएको दङ्गीशरण गाउँपालिकाका केही विद्यालयको प्रगतिको तुलनात्मक अवस्था यहाँ देखाइएको छः

## तालिका १८

*कार्यसम्पादन परीक्षण फलोअप विवरण*

| विद्यालयको नाम | वि.सं. | लगानी-२५ पूर्णाङ्क | प्रक्रिया-३० पूर्णाङ्क | उपलब्धि - ४० पूर्णाङ्क | सेवाग्राही-५ पूर्णाङ्क | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|
| वीरेन्द्र मावि हेकुली | २०७६ | १७.९ | २०.२२ | २३.११ | २ | ६३.२३ | सामान्य |
| | २०८० | २१.२९ | ३१.३ | २९.३३ | ५ | ८६.८६ | मध्यम |
| श्री मावि मधपुर | २०७६ | १२.०४ | १२.१७ | २०.४४ | २ | ४६.६६ | सामान्य |
| | २०८० | १४.८ | १६.५२ | २३.११ | २ | ५६.४३ | सामान्य |
| भानु मावि प्रसडुवा | २०७६ | १३.५८ | १३.२६ | २६.६७ | ३ | ५६.५१ | सामान्य |
| | २०८० | १४.५ | १५ | २३.११ | २ | ५४.६१ | सामान्य |

## कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रममा सरोकारवाला तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका तर्फबाट विद्यालयको लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रमा सुधारका लागि दिइएका सुझावहरू

### शैक्षिक पक्ष

- वार्षिक कार्यतालिका वा कार्यपात्रो, वार्षिक शैक्षणिक योजना, विषयक्षेत्र (थिम) गत तथा एकाइ योजना र दैनिक पाठयोजना अनिवार्य तयार गरी कार्यान्वयन गर्ने
- प्रत्येक शिक्षकलाई विषयगत रूपमा सिकाइ उपलब्धि हासिल गराउनका लागि मूल्य नपर्ने सामग्री, कम मूल्य पर्ने सामग्री र धेरै मूल्य पर्ने सामग्रीको सूची तयार गरी विषयगत समितिको संयोजकलाई पेस गर्न लगाउने र विषयगत समितिका संयोजक र प्रअ तथा विव्यस अध्यक्ष तथा प्रतिनिधिको बैठक बसी कम मूल्य पर्ने र धेरै मूल्य पर्ने सामग्री खरिदको व्यवस्थापन गर्ने
- शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कन, ICT, खोज तथा अनुसन्धानलाई प्रयोग गर्ने

- सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रियता र रुचिपूर्ण बनाई दिगो सिकाइ हासिल गराउन विषयवस्तुको प्रकृतिअनुसार चित्र, चित्रकथा, कथा, घटना, गीत, कविता, खेल, क्रियाकलाप, परियोजना कार्य, समस्या समाधानमा आधारित क्रियाकलाप गराउने
- विद्यार्थी केन्द्रित, Critical, Reflective, Transformative लगायत उपयुक्त pedagogy प्रयोग गरी सिकाइलाई थप सुदृढ बनाउने
- कक्षा १ देखि ३ सम्म Assessment for learning तथा कक्षा ४ देखि १२ सम्म आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० अनुसार विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्ने र प्राप्त उपलब्धिको निरन्तर अभिलेखन गर्दै जाने
- कक्षा ४ देखि १२ सम्म हरेक दिनको सिकाइ क्रियाकलाप, पाठ तथा एकाइ परीक्षण, मासिक तथा त्रैमासिक र वार्षिक परीक्षामा सन् २००१ को ब्लुमको परिमार्जित टेक्सोनोमीअनुसार संज्ञानात्मक आयामअनुसार पठनपाठन गराउने
- आवश्यकताअनुसार विषयगत तथा साझा प्रकृतिका सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि योजना बनाउने र जिम्मेवारी प्रदान गर्ने
- विद्यालयमा असल अभ्यासको अनुभव आदानप्रदान गर्नका लागि हरेक महिनाको मसान्तको दिन वा अन्य कुनै दिन विद्यालयमै पेसागत विकास कार्यशाला सञ्चालन गर्ने र एकले अर्कोबाट सिक्ने सिकाउने सिकाइ वातावरण सिर्जना गर्ने
- स्थानीय तह तथा शिक्षा तालिम केन्द्रबाट हुने शिक्षकको पेसागत क्षमता विकास तालिममा शिक्षकलाई सहभागी गराउने र तालिमपश्चात अनिवार्य रूपमा विद्यालयका सबै शिक्षकलाई तालिमका सिकाइ अनुभव आदानप्रदान गर्न लगाउने र तालिमको प्रयोग कक्षाकोठामा के के गरियो र के परिवर्तन भयो प्रतिविम्बन डायरी तयार गरी विद्यालयको जर्नल तथा ब्रोसरमा प्रकाशन गर्ने व्यवस्था मिलाउने
- विद्यार्थीको पाठ तथा एकाइ, त्रैमासिक तथा वार्षिक नतिजाको विश्लेषण गरी सुधारका लागि कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने
- पाठ्यक्रममा आधारित सिकाइ, सिकाइ क्रियाकलाप र मूल्याङ्कनलाई सशक्त रूपमा कार्यान्वयन गर्ने
- सिकाइ उपलब्धि सुधार योजना तथा शिक्षण सुधार योजना बनाई सोहीअनुसार कार्यान्वयन गर्ने
- कक्षा १ देखि ३ सम्म प्रत्येक विषयको थिमको पठनपाठन पश्चात् तथा कक्षा ४ देखि १२ सम्म महिनाको कम्तीमा एकपटक अभिभावकसँग छलफल तथा अन्तरक्रिया गरी बालबालिकाको सिकाइमा अभिभावकले गर्नुपर्ने भूमिकाको जानकारी गराउने

- प्रत्येक विद्यालयमा वातावरण (इको) क्लब गठन गरी एक विद्यार्थी एक बोट तथा एक विद्यालय एक बगैंचा तयार गरी उक्त बगैंचालाई सिकाइ स्थानका रूपमा प्रयोग गर्ने व्यवस्था गर्ने
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्ने

## भौतिक पक्ष

- अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र मापदण्डअनुसारको भौतिक संरचनाको विकासमा पहल गर्ने
- ICT Lab, Science Lab, Music Lab र इ-पुस्तकालयको विकास र प्रयोगमा जोड दिने
- विद्यालयमा पेसागत विकाससम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने, शिक्षक, विव्यस तथा शिअसं बैठक, अभिभावक बैठक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने

## शिक्षक व्यवस्थापन

- विद्यार्थीको सङ्ख्याअनुसारको स्थायी दरबन्दीको व्यवस्थापन गर्न पहल गर्ने

## सहकार्य र समन्वय

- विद्यालयको आर्थिक, भौतिक, शैक्षिक पक्षमा समुदायको सहभागिता अभिवृद्धि गर्न योजनाबद्ध प्रयास गर्ने र सहयोगको प्रकृतिअनुसार सम्मान गर्ने वातावरण सिर्जना गर्ने
- स्थानीय तहमा क्रियाशील गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी साझेदारीमा आधारित कार्यक्रम गर्ने । जस्तोः स्थानीय पाठ्यक्रममा आधारित स्रोत तथा सन्दर्भ सामग्री विकास, छोटो अवधिको पेसागत विकास तालिम, सामग्रीको निर्माण र व्यवस्थापन आदि ।

## समय व्यवस्थापन तथा सह र अतिरिक्त क्रियाकलाप

- पठनपाठन तथा अन्य सह तथा अतिरिक्त क्रियाकलाप, कार्यमूलक तथा अन्य अनुसन्धान गर्ने र विद्यालयमा उपयुक्त सिकाइ वातावरण सिर्जना गर्ने शिक्षकलाई सम्मान गर्ने र उक्त कार्यमा ठगी गर्ने शिक्षकलाई दण्डसजायको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने
- विद्यालयको प्रार्थनाको समय बिहान ९:४५ देखि ९:५५ सञ्चालन गर्ने र पठनपाठन ठिक १० बजेबाट सुरु गर्ने तथा विषयगत पाठ्यघण्टाअनुसारको दैनिक तथा साप्ताहिक कार्यतालिका बनाई सोहीअनुसार पठनपाठनको व्यवस्था मिलाउने
- विद्यार्थीले शिक्षकले कक्षामा बिताएको समयको जानकारी राख्ने व्यवस्था मिलाउने र विद्यालयमा सबैभन्दा धेरै समय बिताउने शिक्षकलाई प्रोत्साहन र सम्मान गर्ने व्यवस्था मिलाउने
- बिनाकारण विद्यार्थी अनुपस्थित भए अभिभावकलाई तुरुन्त जानकारी दिने व्यवस्था मिलाउने र स्पष्टीकरण लिनेदिने व्यवस्था गर्ने

- कम्तीमा प्रत्येक महिनाको एकपटक विद्यालयका शिक्षक तथा प्रअ र विव्यस तथा शिक्षक अभिभावकसँग त्रिकोणात्मक बैठक गरी विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन गर्नुपर्ने कार्यका बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने

## विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम सञ्चालनमा देखिएका समस्या तथा चुनौतीहरू

- प्रयाप्त बजेटको अभावमा कार्यसम्पादन परीक्षण गरिएका पालिकाका सबै विद्यालयको फलोअप कार्यक्रम सञ्चालन गर्न नसकिएको
- केही विद्यालयको विगतमा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयको कार्यसम्पादन परीक्षण साधन उपलब्ध नहुँदा कार्यसम्पादन परीक्षण हुँदाको अवस्था र वर्तमान अवस्था तुलना गर्न नसकिएको
- वर्तमान अवस्थामा विद्यालयको लगानी, प्रक्रिया र उपलब्धि तथा सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको अवस्था पहिचानको लागि उपलब्ध गराइएको साधन भर्न झन्झट मान्ने गरेको
- केही पालिकामा विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रममा सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउन नसकिएको

## विद्यालयको कार्यसम्पादन फलोअप कार्यक्रममा देखिएका समस्या समाधानका उपायहरू

- छनोट गरिएको पालिकाभित्रका सबै विद्यालयको फलोअप कार्यक्रम सञ्चालन गर्ने गरी बजेट व्यवस्थापन गर्ने
- फलोअप कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन अद्यावधिक गर्ने र सोही मार्गदर्शनअनुसार कार्यक्रम सञ्चालन गर्ने
- विगतमा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयको कार्यसम्पादन परीक्षण साधनको खोजी गर्न लगाई वर्तमान अवस्थामा विद्यालयको लगानी, प्रक्रिया र उपलब्धि तथा सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको अवस्था पहिचानका लागि उपलब्ध गराइएको साधन भर्नका लागि पर्याप्त समय प्रदान गर्ने
- विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रममा गरिने क्रियाकलाप र त्यसको महत्व सम्बन्धमा सरोकारवालाहरूलाई अग्रिम जानकारी गराउने र उक्त कार्यक्रममा समयमा अनिवार्य उपस्थितका लागि अनुरोध गर्ने
- फलोअप कार्यक्रममा सम्पूर्ण सरोकारवालाहरूलाई सुझाव प्रदान गराई विद्यालयको भावी योजना र कार्यदिशाको लागि सुधार योजना बनाई प्रतिबद्धता जाहेर गर्न लगाउने र स्थानीय तहबाट नियमित रूपमा अनुगमन र सुपरिवेक्षण तथा प्राविधिक सहायता प्रदान गर्न अनुरोध गर्ने

### ४.२.३ नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता परीक्षण

विद्यालयको रणनीतिक दिशा निर्माण, शिक्षण तथा सिकाइको नेतृत्व, विद्यालय व्यवस्थापन, पेसागत क्षमता विकास, सरोकारवालाहरूसँगको संलग्नता र सहकार्य, वैयक्तिक गुण तथा सिप, नवप्रवर्तनात्मक तथा असल अभ्यास, सरोकारवालाको सन्तुष्टि जस्ता मुख्य क्षेत्र र ती क्षेत्रअन्तर्गतका सूचकका आधारित रहेर नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता परीक्षण गर्ने र गुणस्तरीय शैक्षिक सेवा प्रवाहमा मदत पुऱ्याउने उद्देश्यले कार्यसम्पादन परीक्षणका लागि मार्गदर्शन र परीक्षण साधन विकास गरिएको छ । नेतृत्व क्षमता परीक्षणका लागि डिजिटल सफ्टवेयरका माध्यमबाट परीक्षण गर्न आवश्यक तथ्याङ्क सङ्कलन गर्ने कार्य कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको तर सो कार्य सम्पन्न गर्न कठिनाइ भएको थियो। आव २०८१।८२ मा सोही कार्य सम्पन्न गर्न हार्डवेयर तथा सफ्टवेयरबाट समेत गर्ने प्रावधान रहेको छ ।

### ४.२.४ स्थानीय तहको शिक्षा सेवा प्रवाहसम्बन्धी सेवाग्राही सन्तुष्टि लेखाजोखा

संवैधानिक व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम स्थानीय तहबाट विद्यालय शिक्षासम्बन्धी सार्वजनिक सेवा प्रवाह हुँदै आएको छ । केन्द्र र प्रदेश सरकारबाट जारी गरिएको कानुन, नीति, नियम, कार्यक्रम र बजेटका अतिरिक्त स्रोत साधनको उपलब्धता, स्थानीय प्राथमिकता र आवश्यकताका आधारमा स्थानीय तहहरूले थप सेवाका क्षेत्रहरूसमेत सिर्जना गरी शैक्षिक सेवा प्रवाह गरिरहेका छन् । शैक्षिक नीति तथा कार्यक्रम र बजेट जुन तहको सरकारबाट निर्धारित गरिए पनि प्रमुख उद्देश्य विद्यालयको शैक्षिक स्तर सुधार गर्ने नै हुन आउँछ।यसरी हालको सङ्घीय शैक्षिक संरचनामा स्थानीय तहको सरकार एकीकृत शैक्षिक सेवा प्रवाह गर्ने प्रमुख सेवाकेन्द्र (हब) का रूपमा रहेको छ ।

सेवाग्राहीहरूको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति उनीहरूको सन्तुष्टिको स्तरबारे नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहितामा अभिवृद्धि भई सार्वजनिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुन सक्ने छ । यस सन्दर्भमा स्थानीय तहको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले सेवाग्राही सन्तुष्टि लेखाजोखा गर्ने प्रयास गरिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु सेवाग्राही सन्तुष्टि लेखाजोखा कार्यको प्रमुख उद्देश्य रहेको छ ।

यसको कार्यान्वयन पश्चात् स्थानीय स्तरको सार्वजनिक शैक्षिक सेवा प्रवाहमा देहायको सुधारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छः

- स्थानीय तहमा एकीकृत शैक्षिक सेवाका सेवाग्राहीको पहिचान हुने
- बदलिँदो परिवेशमा स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान हुने
- सेवाका गुणस्तर र सन्तुष्टिको स्तर पहिचान हुने
- सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने
- स्थानीय तहहरू आफ्नो कार्यप्रति जवाफदेही हुने संयन्त्रको विकास हुने ।

सेवाग्राही सन्तुष्टि लेखाजोखासम्बन्धी केही प्रचलित अभ्यासहरूको पुनरवलोकन गर्ने प्रयास गरिएको छ । स्टानफोर्ड विश्वविद्यालयले सन् २०१७ मा गरेको 'Client Satisfaction Survey' प्रतिवेदनअनुसार सेवाग्राहीको सन्तुष्टि वा असन्तुष्टिको क्षेत्र र सोको कारण पहिचान गर्न, सेवाप्रवाहमा सुधारका निरन्तर प्रयास गर्न, सेवा प्राप्त गर्नका लागि सेवाग्राहीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सेवाग्राही सन्तुष्टि लेखाजोखा गरिन्छ । सेवाग्राहीको सन्तुष्टि मापन गर्नका लागि छ अङ्कीय सन्तुष्टि मापन स्केल (6-point satisfaction scale) प्रयोग गरिएको छ । जस्तैः अति असन्तुष्ट (very dissastified-1), असन्तुष्ट (dissatisfied-2), केही असन्तुष्ट (somewhat dissatisfied-3), केही सन्तुष्ट (somewhat satisfied-4), सन्तुष्ट (satisfied-5), र अति सन्तुष्ट (very satisfied-6)। यसको अतिरिक्त प्रश्नको उत्तर दिन मन लागेको खण्डमा मलाई थाहा छैन (N/A or I don’t know) समेत प्रयोग गर्न सकिन्छ ।

Hayes, B.E. (2008) प्रतिवेदनका अनुसार सेवाग्राही सन्तुष्टि लेखाजोखाको नतिजाका आधारमा संस्थालाई पुरस्कृत गर्ने कार्यमा प्रयोग गरिएको पाइन्छ । सेवा प्रदान गर्ने निकायले सेवा पाउने सेवाग्राही कुन हो भन्ने थाहा पाउनुपर्छ । सेवाग्राही केन्द्रित सेवा प्रवाहका लागि उनीहरूको आवश्यकता र अपेक्षा बुझ्ने र गुनासाहरू सुन्ने गर्नुपर्छ । यसमा सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा तीन चरण अपनाइएको छः

१. सेवाग्राहीको आवश्यकता निर्धारण गर्ने (determining customer requirements)

२. प्रश्नावली तयार गर्ने (developing and evaluating questionnaire)

३. प्रश्नावलीको प्रयोग गर्ने (using questionnaire)

सेवाग्राही सन्तुष्टि लेखाजोखा कार्यमा सेवाग्राहीले प्रत्यक्ष अनुभूति गरेको उल्लेखनीय (मन परेको वा नपरेको) घटना (Critical incidents) समेत सेवाग्राहीसँगको व्यक्तिगत र सामूहिक अन्तर्वार्ताबाट तयार गरिन्छ।

उक्त प्रतिवेदनमा पाँच स्केलको Likert-type फर्मेट प्रयोग गरिएको छ । सेवाग्राहीले प्राप्त गर्ने सेवाको अनुभूतिलाई अवलोकन गर्न सकिने गरी सूचकहरूमा राखी विभिन्न स्केलमा लेखाजोखा

गरिएको छ । जसमा strongly disagree (1), disagree (2), neither agree nor disagree (3), agree (4), strongly agree (5) or Very satisfied (1), dissatisfied (2), neither satisfied nor dissatisfied (3), satisfied (4), very satisfied (5) or Very poor (1), poor (2), neither poor nor good (3), good (4) very good (5) जस्ता स्केलहरू प्रयोग गर्न सकिने उल्लेख छ ।

Minnesota Board of Social Work (2021) ले तयार गरेको Customer satisfaction survey results 2020: Protecting the public प्रतिवेदनअनुसार सेवाको समग्र सन्तुष्टि चार स्केलमा जाँच गर्न सकिन्छः जस्तै extremely satisfied, somewhat satisfied, somewhat dissatisfied, extremely dissatisfied । प्राप्त तथ्याङ्क र विवरणलाई quantitative र qualitative विधि अपनाएर विश्लेषण र प्रस्तुत गर्न सकिन्छ । साथै open ended question समेत सोध्न सकिन्छ । यसै गरी Sigma Software (2021) को Customer satisfaction survey report 2021 प्रतिवेदनका अनुसार सेवा क्षेत्रको विषयअनुसार सन्तुष्टि जाँच गर्न सकिन्छ जस्तैः सञ्चार, गुणस्तर, प्राविधिक सिप, सक्षमता, लेखा व्यवस्थापन आदि ।

साविकको शैक्षिक जनशक्ति विकास केन्द्रबाट सन् २०१० सालमा सञ्चालित Client Satisfaction Survey मा समूह छलफल र खुला अन्तर्वार्तामार्फत प्राथमिक स्रोतबाट सेवाग्राहीहरूको मत, विचार र अनुभव सङ्कलन गरिएको थियो भने सान्दर्भिक साहित्य अध्ययनमार्फत द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । Frequency and Simple percentage का आधारमा तथ्याङ्क विश्लेषण गरिएको थियो । यसका साथै Quality, Quantity, Timeliness र Relevance दृष्टिकोणबाट सेवाग्राहीको सन्तुष्टि मापन गरिएको थियो ।

स्थानीय तहको शिक्षा सेवा प्रवाहसम्बन्धी सेवाग्राही सन्तुष्टि लेखाजोखामा मुख्यतः देहायका चार प्रश्नहरूको उत्तर खोजिएको छ

१. हामी अहिले कहाँ छौं ? (Where are we now? (Service or client profiling; baseline)

२. हाम्रा सेवाग्राहीले हामीलाई कुन अवस्थामा भएको देख्न चाहन्छन् ? (Where do our clients want us to be ? (Desired future state, priorities for future improvement, set standards and targets)

३. हामी त्यो ठाउँमा कसरी पुग्न सक्छौं ? (How will we get there? (Design improvement plan) र

४. हामी यसलाई कसरी कार्य रूपमा उतार्न सक्छौं ? (How do we make it happen ? (Implementation, monitoring and reporting)

   यसै गरी सूचनाको प्रकृतिका आधारमा Normal, Moderate, Excellent; High, Moderate, Average, Low; र Excellent, Good, Average, Poor (rude) स्केल प्रयोग गरी सन्तुष्टिको मापन गरिएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८)' मा स्थानीय तहको स्वमूल्याङ्कनका दश विषयक्षेत्रहरू रहेका छन् । यस कार्यविधिमा मूल्याङ्कनका सूचकहरूलाई तीन तह (समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थिति) मा राखी नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार तयार गरिएको छ।यसै गरी प्रत्येक सूचकलाई विभिन्न चार अवस्थाहरूमा विस्तृतीकरण गरी सोको प्रमाणीकरणका आधारसमेत उल्लेख गरिएको छ ।

बाह्य परीक्षण तथा स्वमूल्याङ्कन प्रयोजनार्थ शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास गरिएको 'विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७८' विद्यालयबाट सम्पादन गरिने कार्यहरूलाई लगानी, प्रक्रिया र उपलब्धिअन्तर्गत राखी विभिन्न विषयक्षेत्र र सूचकमा प्रस्तुत गरी परीक्षण गरिएको छ । स्तर निर्धारणका आधारअनुसार विद्यालयको समग्र स्तरलाई कमजोर, सामान्य, मध्यम र उत्तम गरी चार तहमा प्रस्तुत गरिएको छ ।

## लेखाजोखा साधन कार्यान्वयन प्रक्रिया

यो साधन स्थानीय तहबाट कार्यान्वयन गरिने शैक्षिक कार्यक्रमको सेवा प्रवाहका बारेमा सेवाग्राहीको सन्तुष्टि लेखाजोखा गर्न प्रयोग गरिएको थियो । स्थानीय तहले प्रवाह गर्ने शैक्षिक सेवालाई कार्यसम्पादन सूचकमा परिणत गरी लेखाजोखा साधन तयार गरिएको थियो । सेवाग्राहीले प्राप्त गर्ने सेवाका आधारमा फरक समूहका सेवाग्राहीका लागि फरक किसिमका सूचकहरू प्रयोग गरिएको थियो।साधनको प्रयोग गर्दा निम्नलिखित प्रक्रिया अपनाइएको थियो।

१. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावक गरी पाँच सेवाग्राहीको प्रत्येक समूहबाट सेवाग्राहीहरूको सङ्ख्या छनोट गर्ने विद्यालय छान्दा कम्तीमा १-८ कक्षा सञ्चालन भएको सामुदायिक विद्यालय हुनुपर्ने, विद्यालय छान्दा फरक फरक वडाबाट छान्नुपर्ने, हरेक विद्यालयवाट १ जना विव्यस अध्यक्ष/सदस्य, प्र.अ.,सबै तहको प्रतिनिधित्व हुने गरी ३ जना शिक्षक, ३ जना अभिभावक र माध्यमिक तहमा अध्ययनरत ७ जना विद्यार्थीको छनोट गरी जम्मा १५ जना सेवाग्राहीसँग सन्तुष्टिको लेखाजोखा गर्ने ।

२. विवरण सङ्कलन गर्दा तीन पक्षलाई समेट्नेः

- स्थानीय तहको कार्य विवरणअनुसार कार्यसम्पादन
- सम्पादित कार्यमा सेवाग्राहीको अनुभूति तथा सन्तुष्टि

- सेवा प्रवाह सम्बन्धमा सेवाग्राहीले अनुभूत र अवलोकन गरेका घत लाग्दा/उल्लेखनीय घटनाहरू (critical incidents)

✓ कार्यसम्पादन सूचक र सन्तुष्टिको स्केलमा निर्धारण गरिएको अङ्कभारअनुसार अङ्क प्रदान गर्ने र प्रत्येक सूचकको अन्त्यमा कार्यसम्पादन र सन्तुष्टि स्केलको अङ्क जम्मा गरी गणना गर्ने

✓ कार्यसम्पादन सूचक र सन्तुष्टि स्केलमा प्रदान गरिएको अङ्कको पुष्ट्याइँका आधारहरू जस्तैः घटना र अवस्थाको प्रत्यक्ष अवलोकन, सान्दर्भिक कागजातलगायत विवरण रूजु गर्न सकिने तथ्यगत प्रमाणहरू उल्लेख गर्ने

✓ केन्द्र, प्रदेश वा स्थानीय तहबाट खटिने परीक्षकबाट लेखाजोखा कार्य सम्पन्न गर्ने

३. प्राप्त विवरणलाई अनुसन्धानका उपयुक्त परिमाणात्मक तथा गुणात्मक विधि र साधन प्रयोग अपनाई प्राप्ताङ्कको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरी दिइएको ढाँचाबमोजिम प्रतिवेदन तयार गर्ने

४. तयारी प्रतिवेदन शैक्षिक गुणस्तर परीक्षण केन्द्र र स्थानीय तहको शिक्षा समितिमा प्रस्तुतीकरण र छलफल गरी सुधारको योजना बनाई कार्यान्वयन गर्ने

५. Critical Incident बाट प्राप्त विवरणलाई सूचकका आधारमा प्राप्त प्राप्ताङ्कको नतिजासँग त्रिकोणात्मक सम्बन्ध (Triangulation) स्थापित गर्न र नतिजालाई व्याख्या गर्नका लागि प्रयोग गरिने ।

**चित्र १२**

*सेवाग्राही सन्तुष्टि लेखाजोखा प्रक्रियाको अवधारणा*



## तालिका १९

*सेवाको विषयक्षेत्र, सूचक, पूर्णाङ्क र सेवाग्राही*

| सेवाको क्षेत्र | सेवाग्राही, सूचक सङ्ख्या र पूर्णाङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विव्यस | पूर्णाङ्क | प्रअ | पूर्णाङ्क | शिक्षक | पूर्णाङ्क | विद्यार्थी | पूर्णाङ्क | अभिभावक | पूर्णाङ्क |
| शैक्षिक नीति, योजना कार्यक्रम र बजेट निर्माण | ७ | १४ | ७ | १४ | ३ | ६ | ५ | १० | ५ | १० |
| बजेट निकासा तथा लेखा व्यवस्थापन | १० | २० | १४ | २८ | ६ | १२ | ११ | २२ | ५ | १० |
| शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन | ५ | १० | ६ | १२ | ४ | ८ | २ | ४ | ३ | ६ |
| शिक्षण सिकाइ तथा परीक्षा व्यवस्थापन | ९ | १८ | १० | २० | ८ | १६ | ६ | १२ | २ | ४ |
| अनुगमन, सुपरिवेक्षण र पेसागत सहयोग | ७ | १४ | ८ | १६ | १० | २० | ५ | १० | २ | ४ |
| युवा परिचालन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० | ७ | १४ | ८ | १६ | ७ | १४ | ४ | ८ |
| सञ्चार, समन्वय, सहकार्य र समता/समावेशीकरण | ८ | १६ | ९ | १८ | ४ | ८ | ४ | ८ | ३ | ६ |
| निरन्तर एवम् वैकल्पिक शिक्षा व्यवस्थापन | ६ | १२ | ४ | ८ | - | | - | - | ५ | १० |
| हरित विद्यालय वातावरण एवम् विपत् व्यवस्थापन | ५ | १० | ६ | १२ | ७ | १४ | ६ | १२ | २ | ४ |
| सुशासन र जवाफदेहिता | १४ | २८ | १८ | ३६ | १२ | २४ | ५ | १० | ९ | १८ |
| जम्मा सूचक र पूर्णाङ्क | ७६ | १५२ | ८९ | १७८ | ६२ | १२४ | ५१ | १०२ | ४० | ८० |

## सेवाग्राही सन्तुष्टिको समग्र नतिजा मूल्याङकनका आधार

माथि उल्लेख गरिएका दशओटै सेवाको क्षेत्रलाई १०% भार दिएर सेवाक्षेत्रगत प्राप्ताङ्क निकालिन्छ। सबै सेवाक्षेत्रको प्राप्ताङ्कलाई जोडेर जम्मा १००% मा राखेर तुलनायोग्य बनाई देहायबमोजिम प्राप्ताङ्कको समग्र विश्लेषण र व्याख्या गरिन्छ। प्रत्येक सेवा क्षेत्रको भारित अङ्क निकाल्ने सूत्रः

$$\text{सेवा क्षेत्र १} = \left(\frac{\text{सेवा क्षेत्र १ को प्राप्ताङ्क}}{\text{सेवा क्षेत्र १ को पूर्णाङ्क}}\right) \mathbf{X}१०$$

जम्मा भारित अङ्क (१००%) = (सेवा क्षेत्र १+ सेवा क्षेत्र २ +सेवा क्षेत्र ३ +सेवा क्षेत्र ४ +सेवा क्षेत्र ५ +सेवा क्षेत्र ६ +सेवा क्षेत्र ७ +सेवा क्षेत्र ८+ सेवा क्षेत्र ९+ सेवा क्षेत्र १०)

### तालिका २०

*सेवाग्राही सन्तुष्टिको समग्र स्तर मापन गर्ने सूत्र र आधार (स्केल)*

| क्र.स. | सेवा प्रवाहको स्तर | स्तर निर्धारणको आधार | स्तर निर्धारणको व्याख्या |
|---|---|---|---|
| १ | उत्कृष्ट तथा उदाहरणीय अर्थात् पूर्ण सन्तुष्ट | ९०% देखि माथि १०० सम्म | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू उच्चतम अवस्थामा पूरा भएको र कार्यसम्पादनमा सिर्जनशीलता एवम् नवपर्वतनात्मक कार्यसमेत देखिएको। |
| २ | धेरै सन्तुष्ट | ८०% देखि माथि ९०% भन्दा तल | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू पूरा भएको। |
| ३ | सन्तुष्ट | ६०% देखि माथि ८०% भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू धेरैजसो पूरा हुने गरेको |
| ४ | सामान्य सन्तुष्ट | ४०% देखि माथि ६०% भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू आंशिक रूपमा मात्र पूरा हुने गरेको |
| ५ | पूर्णतया असन्तुष्ट | ४०% प्रतिशत भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू बिरलै मात्र पूरा हुने गरेको |

आ.व. २०७९/०८० मा नै सेवाग्राही सन्तुष्टि लेखाजोखा कार्यक्रम गरिएका १२ जिल्ला (कैलाली, सुर्खेत, रुपन्देही, मकवानपुर, धादिङ, काभ्रेपलान्चोक, लमजुङ, नवलपरासी (सुस्तापूर्व), बारा धनुषा, मोरङ, र इलाम) का ३५ ओटा स्थानीय तहका फरक पालिका पर्ने गरी आर्थिक वर्ष २०८०।०८१ मा पनि स्थानीय तहका सेवाग्राहीहरूसँग सेवाग्राही सन्तुष्टि लेखाजोखा

गरिएको थियो । प्रत्येक पालिकाबाट दुई जना प्रधानाध्यापक, दुई जना व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य गरी ७० जना, २१० जना अभिभावक, २१० जना शिक्षक र ४९० जना विद्यार्थी गरी कुल १०५० जना सेवाग्राहीहरूको सन्तुष्टिको लेखाजोखा गरिएको थियो । यसको प्रतिवेदन आ.व.२०८१/८२ मा तयार गर्ने कार्यक्रम रहेको छ ।

## कार्यक्रमबाट प्राप्त उपलब्धि

- स्थानीय तहमा एकीकृत शैक्षिक सेवाका सेवाग्राहीको पहिचान भयो ।
- बदलिँदो परिवेशमा स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान गरियो ।
- सेवाका गुणस्तर र सन्तुष्टिको स्तर पहिचान गरियो ।
- सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने अपेक्षा गरियो ।
- स्थानीय तहहरू आफ्नो कार्यप्रति जवाफदेही हुने संयन्त्रको विकास हुने अपेक्षा गरियो ।

## ४.२.५ स्थानीय तह शिक्षा शाखा/महाशाखाको कार्यसम्पादन परीक्षण

संवैधानिक व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेबमोजिम स्थानीय तहबाट विद्यालय शिक्षासम्बन्धी सार्वजनिक सेवा प्रवाह हुँदै आएको छ । केन्द्र र प्रदेश सरकारबाट जारी गरिएको कानुन, नीति, नियम, कार्यक्रम र बजेटका अतिरिक्त स्रोत साधनको उपलब्धता, स्थानीय प्राथमिकता र आवश्यकताका आधारमा स्थानीय तहहरूले थप सेवाका क्षेत्रहरूसमेत सिर्जना गरी शैक्षिक सेवा प्रवाह गरिरहेका छन् । शैक्षिक नीति तथा कार्यक्रम र बजेट जुन तहको सरकारबाट निर्धारित गरिए पनि प्रमुख उद्देश्य विद्यालयको शैक्षिक स्तर सुधार गर्ने नै हुन आउँछ । यसरी हालको सङ्घीय शैक्षिक संरचनामा स्थानीय तहको सरकार एकीकृत शैक्षिक सेवा प्रवाह गर्ने प्रमुख सेवाकेन्द्र (हब) का रूपमा रहेको छ ।

सेवाग्राहीहरूको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति कार्यसम्पादनको स्तरबारे नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहितामा अभिवृद्धि भई सार्वजनिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुन सक्ने छ । यस सन्दर्भमा स्थानीय तहको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले स्थानीय तहको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादनको लेखाजोखा गर्ने प्रयास गरिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु कार्यसम्पादन परीक्षण कार्यको प्रमुख उद्देश्य रहेको छ ।

यसको कार्यान्वयनपश्चात् स्थानीय स्तरको सार्वजनिक शैक्षिक सेवा प्रवाहमा देहायको सुधारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छः

- स्थानीय तहमा एकीकृत शैक्षिक सेवाका सेवाग्राहीको पहिचान हुने
- बदलिँदो परिवेशमा स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान हुने
- सेवाका गुणस्तर र सन्तुष्टिको स्तर पहिचान हुने
- सङ्घ, प्रदेश र स्थानीय तहबीच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने
- स्थानीय तहहरू आफ्नो कार्यप्रति (स्व) जवाफदेही हुने संयन्त्रको विकास हुने

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८)' मा स्थानीय तहको स्वमूल्याङ्कनका दस विषयक्षेत्रहरू रहेका छन् । यस कार्यविधिमा मूल्याङ्कनका सूचकहरूलाई तीन तहहरू (समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थिति) मा राखी नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार तयार गरिएको छ । यसै गरी प्रत्येक सूचकलाई विभिन्न चार अवस्थाहरूमा विस्तृतीकरण गरी सोको प्रमाणीकरणका आधारसमेत उल्लेख गरिएको छ ।

यसका साथै बाह्य परीक्षण तथा स्वःमूल्याङ्कन प्रयोजनार्थ शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास गरिएको 'विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७९ विद्यालयबाट सम्पादन गरिने कार्यहरूलाई लगानी, प्रक्रिया र उपलब्धिअन्तर्गत राखी विभिन्न विषयक्षेत्र र सूचकमा प्रस्तुत गरी परीक्षण गरिएको छ। स्तर निर्धारणका आधारअनुसार विद्यालयको समग्र स्तरलाई कमजोर, सामान्य, मध्यम र उत्तम गरी चार तहमा प्रस्तुत गरिएको छ ।

कार्यसम्पादन परीक्षण भन्नाले कुनै पनि संस्था, कार्यक्रम र आयोजनाको मितव्ययिता, प्रभावकारिता र दक्षताको आधारमा लेखाजोखा गर्ने भन्ने बुझिन्छ (Canadian Audit and Accountability Foundation, 2013; International Congress of Supreme Audit Institutions, 2004; Controller and Auditor General of India, 2014 & Muda, I. et al, 2018). मितव्ययिता (economy) भन्नाले कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने लागत सामग्रीहरू (inputs) लाई सकेसम्म न्यूनतम मूल्यमा प्राप्त गर्नु हो । प्रभावकारिता (effectiveness) भन्नाले उपलब्ध साधन स्रोत प्रयोग गरी प्राप्त गरिएको नतिजाबाट अपेक्षित उद्देश्य हासिल गर्न सक्ने क्षमतालाई बुझाउँछ भने दक्षता (efficiency) ले लगानी गरिएको साधन स्रोत (inputs) बाट अधिकतम उत्पादन लिन सक्ने भन्ने जनाउँदछ ।

माथि पुनरवलोकन गरिएको सेवाग्राही सन्तुष्टिसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यासहरूमा धेरै हदसम्म एकरूपताका बुँदाहरू भेट्न सकिन्छ । यसको आधारमा प्रस्तुत साधन निर्माण गर्दा मुख्यतया देहायका पक्षमा ध्यान दिइएको छः

(१) कार्यसम्पादनलाई विषयक्षेत्रहरूमा समूहीकृत गरी मापनीय सूचकहरूमा प्रस्तुत गरिएको

(२) कार्यसम्पादन परीक्षणलाई तीन आधार: मितव्ययिता, दक्षता र प्रभावकारितामा गरिएको

(३) सूचना सङ्कलन गर्नका लागि प्रश्नावली, अन्तरवार्ता, लक्षित समूह छलफल र श्रेणीमापन स्केल मार्फत प्राप्त तथ्याङ्क र विवरणलाई तथ्याङ्क विश्लेषणका सान्दर्भिक परिमाणात्मक र गुणात्मक विधि प्रयोग गरी सूचना र तथ्याङ्कबिच त्रिकोणात्मक सम्बन्ध स्थापित गरी विश्लेषण र व्याख्या गरिएको

यो साधन स्थानीय तहबाट कार्यान्वयन गरिने शैक्षिक कार्यक्रमको सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गर्न प्रयोग गरिएको थियो। स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवालाई कार्यसम्पादन सूचकमा विस्तृतीकरण गरी परीक्षण साधन तयार गरिएको थियो । स्थानीय तहबाट प्राप्त तथ्याङ्क तथा जानकारी स्रोतबाट मूल परीक्षण फाराम भरिसकेपछि सेवाग्राही सन्तुष्टिबाट प्रतिशत अङ्क कार्यसम्पादन परीक्षणमा समावेश गरिएको थियो ।

कार्यसम्पादन सूचकको प्रकृतिअनुसार दुई किसिमले (१) रुजु सूचीको रूपमा अङ्क प्रदान गर्न तयार गरिएका एक भन्दा बढी आधारहरू छनोट गर्ने, र (२) श्रेणी मापन स्केलको रूपमा अङ्क प्रदान गर्न तयार गरिएका आधार मध्ये उपयुक्त कुनै एक आधार मात्र छनोट गर्ने गरी मापन गरिएको थियो ।

## परीक्षण साधन विकास

प्रचलित ऐन र कानुनद्वारा निर्धारित स्थानीय तहबाट प्रदान गरिने सेवालाई निम्नलिखित विषयक्षेत्रमा समूहीकृत गर्दै देहायको तालिकामा दिइएको परीक्षण साधन प्रयोग गरी स्थानीय तहको कार्यसम्पादन परीक्षण गरिएको थियो ।

## तालिका २१

*सेवाको विषयक्षेत्र, सूचक र पूर्णाङ्क विवरण*

| मुख्य सेवा क्षेत्र | सेवा तथा कार्य विवरणको क्षेत्र | सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|---|
| लगानी | कार्यालयको भौतिक संरचना | ५ | १३ |
| | मानव स्रोत व्यवस्थापन र क्षमता विकास | ५ | ९ |
| | स्थानीय सहभागिता र स्रोत परिचालन | ४ | १२ |
| | नीति, योजना तथा कार्यक्रम | ३ | ८ |
| | कानुनी तथा शासकीय क्षमता | २ | ६ |
| | **जम्मा** | **१९** | **४८** |

| मुख्य सेवा क्षेत्र | सेवा तथा कार्य विवरणको क्षेत्र | सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|---|
| प्रक्रिया | कार्ययोजना र कार्यान्वयन | ५ | ११ |
| | बजेट निकासा तथा लेखा व्यवस्थापन | ५ | ११ |
| | शिक्षक तथा कर्मचारी व्यवस्थापन | ८ | ९ |
| | शिक्षण सिकाइ तथा परीक्षा व्यवस्थापन | ४ | ८ |
| | अनुगमन, निरीक्षण तथा पेसागत सहयोग | ५ | १३ |
| | युवा परिचालन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १२ |
| | सञ्चार, समन्वय, सहकार्य र समता/समावेशीकरण | ५ | १२ |
| | निरन्तर एवम् वैकल्पिक शिक्षा व्यवस्थापन | ५ | १३ |
| | वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन | ३ | ९ |
| | सुशासन र जवाफदेहिता | ७ | १७ |
| | **जम्मा** | **५२** | **११५** |
| नतिजा | सेवाग्राही सन्तुष्टि स्तर | - | - |
| | सिकाइ उपलब्धि स्तर | ५ | १६ |
| | सिकाइ पूर्वाधार विकास | ४ | १२ |
| | **जम्मा** | **९** | **२८** |
| | **कुल जम्मा** | **८०** | **१९१** |

## तालिका २२

*मुख्य सेवाको क्षेत्र अनुसार अङ्कभार विभाजन र सूत्र*

| सेवाको मुख्य क्षेत्र | अङ्क भार | भारित प्राप्ताङ्क निकाल्ने सूत्र |
|---|---|---|
| लगानी | ३०% | $\text{क. लगानी} = \left(\frac{\text{लगानीको प्राप्ताङ्क}}{\text{लगानीको पूर्णाङ्क}}\right) \times ३०$ |

| सेवाको मुख्य क्षेत्र | अङ्क भार | भारित प्राप्ताङ्क निकाल्ने सूत्र |
|---|---|---|
| प्रक्रिया | ३०% | $\text{ख. प्रक्रिया} = \left(\frac{\text{प्रक्रियाको प्राप्ताङ्क}}{\text{प्रक्रियाको पूर्णाङ्क}}\right) x३०$ |
| नतिजा + सेवाग्राही सन्तुष्टि (मूल प्रतिवेदनबाट लिने) | ३०%+१०% | $\text{ग. नतिजा} = \left(\frac{\text{नतिजाको प्राप्ताङ्क}}{\text{नतिजाको पूर्णाङ्क}}\right) x४०$ |
| जम्मा अङ्क भार | १०० % | क + ख + ग + घ |

माथि उल्लिखित अङ्कभारबमोजिम प्राप्त हुन आउने अङ्कलाई देहायबमोजिम गणना गरी स्थानीय तहबाट प्रदान गरिने शिक्षा सेवाको समग्र स्तर कायम गरिने छ ।

## तालिका २३

*सेवाको समग्र स्तर मापन गर्ने सूत्र र आधार (स्केल)*

| क्र.स. | सेवा प्रवाहको स्तर | स्तर निर्धारणको आधार | स्तर निर्धारणको व्याख्या |
|---|---|---|---|
| १. | उत्कृष्ट तथा उदाहरणीय | ९०% देखि माथि १०० सम्म | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू उच्चतम अवस्थामा पूरा भएको र कार्यसम्पादनमा सिर्जनशीलता एवम् नवपर्वतनात्मक कार्य समेत देखिएको। |
| २. | धेरै राम्रो | ८०% देखि माथि ९०% भन्दा तल | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू पूरा भएको। |
| ३. | राम्रो | ६०% देखि माथि ८०% भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू धेरैजसो पूरा हुने गरेको। |
| ४. | सामान्य वा सन्तोषजनक | ४०% देखि माथि ६०% भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू आंशिकरूपमा मात्र पूरा हुने गरेको। |
| ५. | कमजोर | ४०% प्रतिशत भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू बिरलै मात्र पूरा हुने गरेको। |

आर्थिक वर्ष २०८०।८१ मा कैलाली, सुर्खेत, रूपन्देही, मकवानपुर, धादिङ, काभ्रेपलान्चोक, लमजुङ, नवलपरासी (सुस्तापूर्व) , बारा, धनुषा, मोरङ र इलाम जिल्ला गरी १२ जिल्लाका ३५

ओटा स्थानीय तहहरूको शैक्षिक सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गरिएको थियो। यसको प्रतिवेदन आ.व.२०८१।८२ मा तयार गर्ने कार्यक्रम रहेको छ।

## परीक्षण साधन कार्यान्वयन प्रक्रिया

स्थानीय तहबाट कार्यान्वयन गरिने शैक्षिक कार्यक्रमको सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गर्न बृहत् छलफलबाट विकास गरिएको साधन प्रयोग गरिएको थियो । स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवालाई कार्यसम्पादन सूचकमा विस्तृतीकरण गरिसकेपछि परीक्षण साधन तयार गरिएको थियो । स्थानीय तहबाट प्राप्त तथ्याङ्क तथा जानकारीको स्रोतबाट मूल परीक्षण फाराम अनलाइन एप्लिकेसनमा भरिसकेपछि सेवाग्राही सन्तुष्टिबाट १० प्रतिशत अङ्क कार्यसम्पादन परीक्षणमा समावेश गरिएको थियो । कार्यसम्पादन सूचकको प्रकृतिअनुसार दुई किसिमले मापन गरिएको थियो ।

१. चेक लिस्टको रूपमा अङ्क प्रदान गर्न तयार गरिएका एक भन्दा बढी आधार छनोट गर्ने।

२. श्रेणीमापन स्केलका रूपमा अङ्क प्रदान गर्न तयार गरिएका आधारहरू मध्ये उपयुक्त कुनै एक आधार मात्र छनोट गर्ने ।

## कार्यक्रमबाट प्राप्त उपलब्धि

- स्थानीय तहमा एकीकृत शैक्षिक सेवाका सेवाग्राहीको पहिचान भएको ।
- बदलिँदो परिवेशमा स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान गरिएको ।
- सेवाका गुणस्तर र सन्तुष्टिको स्तर मापन गरिएको ।
- संघ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने अपेक्षा गरिएको।
- स्थानीय तहहरू आफ्नो कार्यप्रति जवाफदेही हुने संयन्त्रको विकास हुने अपेक्षा गरिएको।

## ४.२.६ विभिन्न गैससबाट सञ्चालित शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण

सामाजिक सङ्घ संस्थाहरूले सामान्यतः दिगो विकासका लक्ष्यको कार्यान्वयनमा र सार्वजानिक जवाफदेहिताका लागि निगरानीकर्ताका रूपमा काम गरिरहेका हुन्छन् । सहभागितामूलक विकासको दृष्टिकोण अपनाउदै, गैर सरकारी संस्थाहरू सरकारी कार्यलाई सघाउन प्रयत्नशील देखिन्छन् । यसर्थ गैरसरकारी संस्थाहरू आफ्नो दाता, सरोकारवालाहरू र उनीहरूले सेवा गर्ने समुदायहरूप्रति आफूले प्रयोग गर्ने स्रोतहरू र हासिल गर्ने नतिजाहरूका लागि जवाफदेही हुन्छन् । गैरसरकारी संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्नाले ती संस्थाहरूलाई आफ्ना

सरोकारवाला समूहहरूप्रति उत्तरदायित्व र पारदर्शिता प्रदर्शन गर्न थप सहयोग गर्छ । कार्यसम्पादन परीक्षणले गैर सरकारी संस्थाहरूलाई आफ्ना शैक्षिक कार्यक्रमहरूमा राम्रोसँग काम गरिरहेको र सुधार आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्न मदत गर्न सक्छ । यसले समुदायमा आफ्ना शैक्षिक कार्यक्रमहरूको प्रभावका सम्बन्धमा बारेमा पनि जानकारी प्रदान गर्छ । जुन भविष्यको कार्यक्रम निर्माण र कार्यान्वयनलाई सूचित गर्न र समान क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूसँग सिकेका पाठहरू आदानप्रदान गर्नका लागि प्रयोग गर्न सकिन्छ। समग्रमा कार्यसम्पादन परीक्षणले गैर सरकारी संस्थाहरूको जवाफदेहिता सुनिश्चित गर्न, कार्यक्रमको प्रभावकारितामा सुधार गर्न, अनुभवबाट सिक्न र कार्यक्रमको विश्वसनीयता कायम गर्न मदत गर्छ ।

## उद्देश्यहरू

विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षणका मुख्य उद्देश्यहरू यसप्रकार थिए :

१. कार्यक्रमको प्रभावकारिता निर्धारण गर्नुः यसमा कार्यक्रमले आफ्ना लक्ष्य र उद्देश्यहरूमा प्रगति गरेको छ कि छैन र अपेक्षित लाभग्राहीहरूका लागि सकारात्मक परिवर्तन गरेको छ कि छैन भनेर मूल्याङ्कन गर्न सहयोग गर्छ ।

२. कार्यक्रमको सबल पक्ष तथा कमजोरीहरू पहिचान गर्नुः यसले कार्यक्रम वा परियोजना निर्माण, कार्यान्वयन र स्रोत विनियोजन आदिका सबल पक्षहरू र सुधार आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्ने कार्य गर्छ ।

३. कार्यक्रमको जवाफदेहिता र पारदर्शिता कायम गर्नुः यसले गैर सरकारी संस्था तथा तिनीहरूका कार्यक्रमहरूको सरोकारवाला समूहप्रतिको उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्न मदत गर्छ ।

४. निर्णय प्रक्रियालाई सूचित गर्नुः कार्यसम्पादन परीक्षणमार्फत प्राप्त जानकारीबाट कार्यक्रम वा परियोजना निर्माण, कार्यान्वयन र स्रोत विनियोजनबारे सूचित हुन र निर्णय गर्न प्रयोग गर्न सकिन्छ । यसले गैर सरकारी संस्थाहरूलाई उनीहरूको प्रभावलाई बढावा दिन र उनीहरूका स्रोतहरू प्रभावकारी र लागत प्रभावकारी रूपमा प्रयोग भए नभएको सुनिश्चित गर्न मदत गर्छ ।

**मार्गदर्शक सिद्धान्तहरूः** विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षणका लागि मार्गदर्शक सिद्धान्तहरू निम्नानुसार तय गरिएका थिए :

**स्वतन्त्रताः** परीक्षण गरिने गैरसरकारी संस्थाका कार्यक्रमसँग आबद्ध नभएको स्वतन्त्र संस्था वा व्यक्तिद्वारा परीक्षण गरिनुपर्छ ।

**वस्तुनिष्ठताः** गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण निष्पक्ष र व्यक्तिगत राय वा पूर्व धारणाभन्दा तथ्य र प्रमाणमा आधारित हुनुपर्छ ।

**पारदर्शिताः** परीक्षणका प्रक्रिया र परिणामहरू पारदर्शी हुनुपर्छ । परीक्षण गरिएको कार्यक्रमको परिणाम यसका लाभग्राहीहरू, दाताहरू, कार्यान्वयन गर्ने साझेदार संस्थाहरू, स्थानीय निकाय र व्यापक जनसाधारणलगायत सबै सरोकारवालाहरूलाई खुला रूपमा सञ्चार गरिनुपर्छ ।

**सहभागिताः** परीक्षण प्रक्रियामा लाभग्राहीहरू, कार्यान्वयन गर्ने संस्था तथा साझेदारहरूबारे स्थानीय निकायहरूसहित सबै सम्बन्धित सरोकारवालाको सहभागिता समावेश हुनुपर्छ । साथै उनीहरूको दृष्टिकोणलाई ध्यान दिइनुपर्छ ।

**वैधताः** निष्कर्षहरूको शुद्धता र विश्वसनीयता सुनिश्चित गर्न वैध विधिहरू र उपयुक्त उपकरणहरू प्रयोग गरी परीक्षण गरिनुपर्छ ।

## परीक्षणका सेवाक्षेत्र तथा सूचक

ओइसिडी ड्याकका विकास परियोजनाको मूल्याङ्कन गर्ने ६ ओटा मापदण्डहरू (सान्दर्भिकता, सुसङ्गतता, प्रभावकारिता, दक्षता, प्रभाव र दिगोपन) लाई ध्यान दिँदै विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गर्न निम्नलिखित छ ओटा क्षेत्रहरू निर्धारण गरिएका थिएः

गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षणका क्षेत्रहरू

## चित्र १३

*शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षणका क्षेत्रहरू*




माथि प्रस्तुत गरिएको छओटा कार्यसम्पादन परीक्षणका क्षेत्रहरूको मूल्याङ्कनका लागि प्रश्नका रूपमा २२ ओटा सूचकहरू निर्माण गरिएका थिए, जुन परीक्षण साधनमा समेटिएका थिए ।

## कार्यसम्पादनको स्तर वर्गीकरण तालिका (स्वमूल्याङ्कन प्रयोजनका लागि)

विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षणका लागि बनाइएका साधनको प्रयोग गरी प्राप्त नतिजालाई विभिन्न श्रेणीहरूमा वर्गीकरण गरिन्छ जसअनुसार ९०% भन्दा बढी प्राप्ताङ्क प्रतिशत ल्याउने कार्यक्रमहरू विशिष्ट (outstanding), ८० भन्दा बढी र ९० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रमहरू उत्कृष्ट (excellent), ७० भन्दा बढी र ८० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रमहरू धेरै राम्रा (very good), ६० भन्दा बढी र ७० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रमहरू राम्रो (good), ५० भन्दा बढी र ६० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रमहरू सामान्य (fair), र ५० प्रतिशत भन्दा कम ल्याउने कार्यक्रमहरू कमजोर (below average) वर्गमा पर्छन् ।

## तालिका २४

*कार्यक्रम कार्यसम्पादन परीक्षणको वर्गीकरण तालिका*

| अङ्क | श्रेणी / वर्ग | रङ कोड | व्याख्या |
|---|---|---|---|
| ९०% र सोभन्दा बढी | विशिष्ट (Outstanding) | | कार्यक्रम या परियोजनाको कार्यसम्पादनको स्तर जुन असाधारण रूपमा राम्रो, सर्वोत्कृष्ट वा उच्च गुणस्तरको छ । यसले उपलब्धि वा कार्यसम्पादनको उच्चतमस्तरको प्रतिनिधित्व गर्छ । |
| ८०%-९०% भन्दा कम | उत्कृष्ट (Excellent) | | यसले कार्यक्रमको उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तर प्रतिनिधित्व गर्छ जुन एकदमै राम्रो (उत्कृष्ट) छ तर असाधारण या विशिष्ट हुनभने सकेको छैन । |
| ७०%-८०% भन्दा कम | धेरै राम्रो (Very Good) | | यसले उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तरलाई प्रतिनिधित्व गर्छ जुन सामान्यत स्वीकार्य गुणस्तरभन्दा माथि छ तर उत्कृष्ट ठहरिन केही मिहिनेत गर्नुपर्ने छ । |
| ६०%-७०% भन्दा कम | राम्रो (Good) | | यसले सामान्यत स्वीकार्य गुणस्तर वा न्यूनतम अपेक्षाहरू सन्तोषजनक रूपमा पूरा गर्ने कार्यसम्पादनको स्तरलाई प्रतिनिधित्व गर्छ । |
| ५०%-६०% भन्दा कम | सामान्य (Fair/Average) | | यसले उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तरलाई प्रतिनिधित्व गर्छ जुन न्यूनतम अपेक्षहरू जसोतसो पूरा गर्न पर्याप्त छ तर खासै सन्तोषजनक भने छैन । |
| ५०% भन्दा कम | कमजोर (Poor/Below Average) | | यसले उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तरको प्रतिनिधित्व गर्छ जुन न्यूनतम अपेक्षाहरू पूरा गर्न सफल छैन |

## कार्यान्वयनको तरिका

गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण विज्ञ परीक्षकहरूद्वारा गराइएको थियो । यस कार्यका लागि छानिएका विज्ञ परीक्षकहरूका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा अभिमुखीकरण तालिम सञ्चालन गरिएको थियो । उक्त तालिम पश्चात् विज्ञ परीक्षकहरूलाई तोकिएको कार्यक्रमको कार्यसम्पादन परीक्षणका लागि सम्बन्धित गैर सरकारी संस्था तथा कार्यक्रम कार्यान्वयन भएको क्षेत्रमा क्षेत्रगत अध्ययनका लागि खटाइएको थियो ।

खटाइएका विज्ञहरूद्वारा सङ्कलन गरी ल्याइएका परीक्षण फारामहरूको रूजु गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा निर्माण गरिएको डेटाबेसमा तथ्याङ्क प्रविष्ट गरी तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने छ । कार्यक्रमगत साथै समष्टिगत प्रतिवेदन तयार गरी शिक्षा क्षेत्रका सरोकारवालाहरूमाझ सार्वजनिक गरिने छ ।

आ व २०८०/०८१ मा निम्न दुईओटा गैरसरकारी संस्थाहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो ।

## तालिका २५

*परीक्षण गरिएका गैरसरकारी संस्थाहरूको शैक्षिक कार्यक्रमको विवरण*

| गैर सरकारी संस्थाको नाम | परीक्षण गरिएको शैक्षिक कार्यक्रम | कार्यक्रम सञ्चालन भएको जिल्ला |
|---|---|---|
| सेभ द चिल्ड्रेन | सहयात्रा दोस्रो | कालिकोट र दैलेख |
| रिड नेपाल | Teacher Traning and Quality Education Program | सोलुखुम्बु र ताप्लेजुङ |

## कार्यक्रमबाट प्राप्त उपलब्धि

१. गैह्र सरकारी संघ संस्थाहरूलाई आफ्ना लक्ष्य र उद्देश्यमा प्रगति हासिल भएको छ कि छैन र अपेक्षित लाभग्राहीहरूका लागि सकारात्मक परिवर्तन गरेको छ कि छैन भनेर मूल्याङ्कन गर्ने अवसर प्राप्त भयो ।

२. यस परीक्षणले कार्यक्रम वा परियोजना निर्माण, कार्यान्वयन र स्रोत विनियोजन आदिका सबल पक्षहरू र सुधारका आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्न सहयोग प्रदान गऱ्यो ।

३. यस परीक्षणले गैरसरकारी संस्था तथा तिनीहरूका कार्यक्रमहरूको सरोकारवाला समूहप्रतिको उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्न मदत गऱ्यो ।

४. कार्यसम्पादन परीक्षणमार्फत प्राप्त जानकारी कार्यक्रम वा परियोजना निर्माण, कार्यान्वयन र स्रोत विनियोजनबारे सूचित हुन र निर्णय गर्न प्रयोग गर्न सकिन्छ । यसले गैर सरकारी संस्थाहरूलाई उनीहरूको प्रभावलाई बढावा दिन र उनीहरूका स्रोतहरू प्रभावकारी र लागत प्रभावकारी रूपमा प्रयोग भए नभएको सुनिश्चित गर्न मदत गर्छ ।

## ४.२.७ सातओटै प्रदेशका शिक्षा तालिम केन्द्रहरूका कार्यक्रमको कार्यसम्पादन परीक्षण

शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार गर्ने तथा शिक्षा पद्धतिको सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकार तथा मातहतका शैक्षिक निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने

उद्देश्यका साथ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो । यस केन्द्रका कार्यक्षेत्रहरू विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण र विभिन्न समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान रहेका छन् ।

सङ्घीय शासकीय संरचनाअनुसार प्रदेश सरकार अन्तरगत रही शिक्षा तालिम केन्द्रमार्फत शिक्षासम्बन्धी विविध तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । शिक्षा तालिम केन्द्रमा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त कार्यक्रमका अतिरिक्त तालिम केन्द्रको आफ्नै सक्रियता र पहलमा अन्य विषयगत संस्थाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ । सार्वजनिक निकायबाट प्रदान गरिने सेवाको सेवाग्राहीहरूको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति कार्यसम्पादनको स्तरबारे नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहितामा अभिवृद्धि भई सार्वनजिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुने देखिन्छ ।

यस सन्दर्भमा शिक्षा तालिम केन्द्रको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले शिक्षा तालिम केन्द्रको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादनको लेखाजोखा गर्ने प्रयास गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा पहिलो पटक २ ओटा शिक्षा तालिम केन्द्रहरू नमुनाका रूपमा कार्यसम्पादन परीक्षण गरी यसको सुरुआत गरिएको थियो । आ.व. २०८०/०८१ मा सबै शिक्षा तालिम केन्द्रहरूको कार्यसम्पादन परीक्षण गरी समष्टिगत प्रतिवेदन पनि सार्वजनिक गर्ने कार्यक्रम रहेको थियो ।

परीक्षण कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउन शिक्षा तालिम केन्द्रहरूको कार्यसम्पादन परीक्षण प्रारूप तयार गरेको र सो प्रारूपमा आधारित भई तयार गरिएको परीक्षण साधनलाई शिक्षा तालिम केन्द्रको कार्यसम्पादन परीक्षण कार्यमा प्रयोग गरिएको थियो । परीक्षण कार्य बाह्य संस्था/व्यक्तिबाट विज्ञ सेवा लिई गरिएको थियो । विज्ञ परीक्षकहरूले सम्बन्धित शिक्षा तालिम केन्द्रको स्थलगत रूपमा कार्यसम्पादन परीक्षण गरी तत्कालै शिक्षा तालिम केन्द्रलाई सुधारसहितको परीक्षण प्रतिवेदन दिने र सोको एकप्रति सम्बन्धित प्रदेश सरकारलाई समेत उपलब्ध गराउने हुँदा उक्त प्रतिवेदनलाई तालिम केन्द्र सुधारका लागि महत्त्वपूर्ण आधारका रूपमा लिन सक्ने अपेक्षा यस केन्द्रले गरेको छ ।

## उद्देश्य र अपेक्षित नतिजा

तथ्य र प्रमाणमा आधारित भई शिक्षा तालिम केन्द्रमा सञ्चालन हुने तालिम कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गरी तालिम केन्द्रहरूको सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान र लेखाजोखा गर्दै प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे शिक्षा पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु कार्यसम्पादन परीक्षण कार्यको प्रमुख उद्देश्य रहेको छ।

यस सन्दर्भमा यो परीक्षण कार्यक्रम कार्यान्वयन पश्चात् शिक्षा तालिम केन्द्रको सार्वजनिक शैक्षिक सेवा प्रवाहमा देहायको सुधारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छः

क) शिक्षा तालिम केन्द्रमा सञ्चालन हुने तालिम कार्यक्रमहरूको कार्यसम्पादनको स्तर पहिचान हुने

ख) बदलिँदो परिवेशमा शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान हुने

ग) सेवाका गुणस्तर र सन्तुष्टिको स्तर पहिचान हुने

घ) सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने

ङ) सेवाप्रवाहमा देखिएका आन्तरिक तथा बाह्य समस्याहरूको पहिचान हुने

च) शिक्षा तालिम केन्द्रहरू आफ्नो कार्यप्रति जवाफदेही हुने संयन्त्रको विकास हुने

## तालिका २६

*परीक्षणमा समावेश गरिएका सेवा क्षेत्रहरू*

| सेवा क्षेत्रहरू | क्रियाकलाप तथा सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|
| **भाग १ः सामान्य व्यवस्थापकीय अवस्था** | | |
| १. भौतिक व्यवस्थापन | | |
| २. कार्यक्रम व्यवस्थापन तथा तयारी | | |
| ३. कार्यक्रम सञ्चालन प्रक्रिया | | |
| ४. अनुगमन निरीक्षण र सहयोग | | |
| ५. अभिलेख व्यवस्थापन तथा डकुमेन्टेसन र रिपोर्टिङ | | |
| ६. जनशक्ति व्यवस्थापन | | |
| ७. समन्वय र सहकार्य | | |
| ८. नेतृत्व र सुशासन | | |
| ९. अनुसन्धान र विकास | | |
| **जम्मा** | | |
| **भाग २ः तालिम कार्यक्रमगत अवस्था** | **कार्यक्रम सङ्ख्या** | **पूर्णाङ्क** |
| १०.शिक्षक तालिम कार्यक्रम (सङ्घीय सरकारबाट प्राप्त) | | |
| ११.शिक्षक तालिम कार्यक्रम (प्रदेश सरकारबाट प्राप्त) | | |
| १२.व्यवस्थापन तालिम कार्यक्रम | | |

| | | |
|---|---|---|
| १३.प्रशिक्षक प्रशिक्षण कार्यक्रम | | |
| १४.विविध व्यवस्थापकीय कार्यहरू | | |
| **जम्मा** | | |
| **भाग ३: सेवाग्राही सन्तुष्टि लेखाजोखा** | **सूचक सङ्ख्या** | **पूर्णाङ्क** |
| शिक्षक | | |
| प्रशिक्षक | | |
| **जम्मा** | | |

## कार्य सम्पादन परीक्षण कार्यान्वयन प्रक्रिया

कार्य सम्पादन सूचकमा आधारित भई तयार गरिएको परीक्षण साधन प्रयोग गरी प्रमाणमा आधारित तथ्याङ्क तथा सूचना सङ्कलन गरियो । प्राप्ताङ्कलाई कार्यक्रमगत र समूहगत रूपमा विश्लेषण गरी कार्यसम्पादनको स्तर निकालिएको थियो । सेवा क्षेत्रगरूपमा अङ्कभार विवरण कार्य सम्पादनको समग्र स्तर निकाल्ने आधार तपसिल बमोजिम रहेको छः

## तालिका २७

*अङ्क भार विवरण*

| मुख्य सेवा क्षेत्र | पूर्णाङ्क | भार | भारित अङ्क निकाल्ने सूत्र |
|---|---|---|---|
| क. सामान्य व्यवस्थापकीय अवस्था | १५९ | ४०% | $क = \frac{\text{क को प्राप्ताङ्क}}{१५९} x ४०$ |
| ख. कार्यक्रमगत अवस्था | १०२ | ४०% | $ख = \frac{\text{ख को प्राप्ताङ्क}}{१०२} x ४०$ |
| ग. सेवाग्राही सन्तुष्टि सर्वेक्षण | १७६ | २०% | $ग = \frac{\text{ग को प्राप्ताङ्क}}{१७६} x २०$ |

## समग्र कार्य सम्पादन स्तर मापनको आधार

$$\text{सेवाको समग्र स्तर} = \frac{\text{जम्मा भारित प्राप्ताङ्क}}{१००} x ३$$

समग्र कार्य सम्पादन परीक्षणलाई देहायको चार स्केलमा राखी लेखाजोखा गरियोः

## तालिका २८

*कार्यसम्पादनको स्तर र व्याख्या*

| सेवा प्रवाहको स्तर | स्तर निर्धारणको आधार | स्तर निर्धारणको व्याख्या |
|---|---|---|
| उत्कृष्ट तथा उदाहरणीय (Excellent and Exemplary) | ३.० | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू उच्चतम अवस्थामा पूरा भएको र कार्यसम्पादनमा सिर्जनशीलता समेत देखिएको (meeting all service standards and expectations with creativity and innovation) |
| सन्तोषजनक (Satisfactory) | २.० देखि २.९ सम्म | तोकिएका सेवा प्रवाहका मापदण्डहरू धेरैजसो पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको (inconsistency in meeting service standards and expectations) |
| असन्तोषजनक (Unsatisfactory) | २ भन्दा कम | तोकिएका सेवा प्रवाहका मापदण्डहरू बिरलै मात्र पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको (seldom meeting service standards and expectations) |

### कार्यसम्पादन परीक्षण कार्य निम्नानुसार गरियो

- सबै शिक्षा तालिम केन्द्रमा एक जना परीक्षक खटाइयो ।
- खटाइएबमोजिम परीक्षकहरूद्वारा शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रम तथा शैक्षिक सेवा प्रवाहको कार्य सम्पादन परीक्षण र सेवाग्राही सन्तुष्टिसमेतको सङ्क्षिप्त लेखाजोखा गरियो ।
- सेवाग्राही सन्तुष्टि लेखाजोखाका लागि एउटै विद्यालय र एउटै विषय नपर्ने गरी पाँच जना सेवाग्राही प्रशिक्षक र दश जना शिक्षक छनोट गरी सन्तुष्टि मापन गरियो।
- कार्य सम्पादन परीक्षण गर्दा कार्यको प्रकृतिअनुसार सुहाउँदो क्रियाकलापहरू जस्तैः छलफल, अवलोकन र अभिलेख अध्ययन गरी प्रमाण र तथ्यका आधारमा अङ्क प्रदान गरियो ।

  शिक्षा तालिम केन्द्रको कार्यसम्पादन परीक्षण कार्यलाई विश्वसनीय तथा व्यवस्थित बनाउन, प्रक्रियामा संलग्न पक्षहरूको कार्यशैलीमा एकरूपता ल्याउन परीक्षणमा संलग्न सबै विज्ञहरूमा एकै खालको देहायअनुसारको परीक्षण प्रक्रियालाई प्रस्तुत गरिएको थियो :

**चित्र १४**

*शिक्षा तालिम केन्द्रको कार्यक्रम कार्यसम्पादन प्रक्रियाको अवधारणा*



### कार्यक्रमबाट प्राप्त उपलब्धि

क) शिक्षा तालिम केन्द्रमा सञ्चालन हुने तालिम कार्यक्रमहरूको कार्यसम्पादनको स्तर पहिचान भयो ।

ख) बदलिँदो परिवेशमा शिक्षा तालिम केन्द्रबाट प्रदान गरीने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान गरियो ।

ग) सेवाका गुणस्तर र सन्तुष्टिको स्तर पहिचान गरियो ।

घ) सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने अपेक्षा गरियो ।

ङ) सेवाप्रवाहमा देखिएका आन्तरिक तथा बाह्य समस्याहरूको पहिचान गरियो ।

च) शिक्षा तालिम केन्द्रहरू आफ्नो कार्यप्रति जवाफदेही हुने संयन्त्रको विकास अपेक्षा गरियो।

### ४.२.८ EGRA, EGMA and CB-EGRA साधन विकास र Item Bank तयारी

प्रारम्भिक कक्षामा पढाइ, लेखाइ र गणितको परीक्षणमा विभिन्न अन्तर्राष्ट्रिय अभ्यास र NASA, EGRA, CB-EGRA जस्ता परीक्षणबाट प्राप्त अनुभवका आधारमा पठन र गणितीय सिपहरू परीक्षण गर्न सकिने उपयुक्त विधि र प्रक्रियालाई थप परिष्कृत गर्दै जानुपर्ने देखिन्छ । प्रारम्भिक कक्षाहरूमा बालबालिकाको पठन र गणितीय सिप परीक्षण गर्नका लागि उपयुक्त प्रक्रिया र साधन विकास र परिमार्जन गर्न एक व्यवस्थित ढाँचा विकास गरी उक्त ढाँचाका आधारमा परीक्षण साधन विकास गर्न अत्यावश्यक देखिएकाले परीक्षण कार्यका विज्ञ, शिक्षक तथा अन्य सम्बन्धित सरोकारवालासँग छलफल तथा कार्यशाला सञ्चालन गरी परीक्षण कार्यढाँचा तयार पारिएको छ ।

प्रारम्भिक कक्षाहरूमा विशेष गरी पठन र गणितीय सिपलाई समावेश गरी राष्ट्रिय शिक्षामा सुधार गर्ने प्रमुख जगका रूपमा लिएकाले प्रारम्भिक कक्षाहरूमा विद्यार्थीको पठन र गणितीय सिपको परीक्षण गर्न आवश्यक देखिएको छ । प्रारम्भिक कक्षाको साक्षरता (पढाइ र गणित) सम्बन्धी परीक्षणका तथ्याङ्कले विद्यार्थीलाई यस्ता सिप सुधार गर्नका लागि आवश्यक पर्ने सहयोगको पहिचान गर्न मदत गर्छ । यसरी विकास गरिएको ढाँचाले साक्षरता, साक्षरता परीक्षणको चक्र, पठन सिप र गणितीय सिपका क्षेत्र र क्रम साथै प्रश्न निर्माण विशिष्टीकरण तालिका र नमुना प्रश्नलाई समेत समेटेको छ । तसर्थ, यसले परीक्षण विधिको अवधारणालाई समेटी प्रारम्भिक कक्षामा पढाइ, लेखाइ तथा गणितीय सिप परीक्षणका लागि सामान्य रूपरेखा प्रदान गरेको छ ।

प्रारम्भिक कक्षाहरूमा पढाइ तथा गणितीय सिपको यसअगि भएको परीक्षणबाट प्राप्त नतिजाका आधारमा गरिएको इन्टरभेन्सनले बालबालिकालाई भविष्यमा सफलता हासिल गर्न मदत गर्ने

कुरा विभिन्न अध्ययनले देखाएका छन् । अध्ययनले प्रारम्भिक गणितीय सिपहरूले पनि प्रारम्भिक कक्षा पठन सिपहरू जत्तिकै विद्यार्थीको भविष्य निर्धारण गर्न सहयोगी हुन्छन् भनी देखाएको छ ।

## नेपालमा पठन तथा गणितीय सिप परीक्षणको आवश्यकता

नेपालको राष्ट्रिय शिक्षा पद्धतिको योजना (NESP, १९७१) ले विद्यालय शिक्षामा नयाँ पाठ्यक्रम ढाँचा लागु गर्दादेखि नै विद्यालय शिक्षामा गणितलाई अनिवार्य विषयका रूपमा उल्लेख गरी पठनपाठन निरन्तर रूपमा गरिँदै आएको छ । त्यस यता गणितमा अपेक्षित नतिजा हासिल गर्नका लागि पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक तालिममा धेरै परिमार्जनसमेत गरिएको छ ।

विभिन्न तहमा धेरै परीक्षण सञ्चालन भएका छन् तर प्राथमिक तहका विद्यार्थीको गणितीय साक्षरताको परीक्षण गर्न राष्ट्रियस्तरको परीक्षण कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । विगतमा विद्यालय तहको परीक्षा (एसएलसी परीक्षा) विद्यालय शिक्षाको अन्त्यमा लिइएको एक मात्र राष्ट्रियस्तरको परीक्षा थियो । एसएलसी परीक्षामा गणित विषयमा बढ्दो अनुत्तीर्ण दर लामो समयसम्म समस्या बनेको थियो । गणितको प्रारम्भिक कक्षा पठन सिप परीक्षणको नतिजाले यस दिशामा उपयोगी जानकारी प्रदान गर्न सक्छ।यसैले पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) वा फरक फरक गरी लिइने EGRA/ CB-EGRA र EGMA ले प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन र गणितीय सिप दुवैको परीक्षण गर्न मदत गर्छ । कक्षा ३ (७ वा ८ वर्ष) का विद्यार्थीको उमेरलाई दृष्टिगत गर्दा विद्यार्थीका लागि लामो समयको परीक्षण उपयुक्त नहुने भएकाले परीक्षणको अवधि पठन सिप र गणितीय सिपका लागि लगभग १ देखि १.५ घण्टासम्मको हुनुपर्छ । वैयक्तिक परीक्षणका हकमा भने बढीमा २० मिनेटको हुनुपर्ने प्रचलन रहेको छ। सोही तथ्यहरूलाई आधार मानेर यस आर्थिक वर्ष २०८०/०८१ मा परीक्षण कार्यढाँचा तयार गरियो साथै परीक्षण कार्यढाँचामा आधारित भएर ४ ओटा प्रदेशहरू (गण्डकी, लुम्बिनी, कोशी र बाग्मती) बाट EGRA/ CB-EGRA र EGMAका परीक्षण साधन विकास गरी Item bank तयार गरिएको छ ।

## EGRA/ CB-EGRA र EGMA जस्ता परीक्षणका उद्देश्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पठन र गणितीय सिपको परीक्षणका लागि आफैंले वा विकास साझेदार संस्थाहरूसँग समन्वय गरी परीक्षणहरू सञ्चालन गर्ने योजना बनाएको छ । यसका लागि कक्षा १ देखि ३ का विद्यार्थीको पठन र गणितीय सिपको परीक्षणका उद्देश्यहरू यसप्रकार रहेका छन्:

- प्रारम्भिक कक्षा पठन र गणितीय सिपमा आधारित हुने भएकाले सोहीबमोजिम पठन र गणितीय दक्षता परीक्षण गर्नु
- शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय वा साझेदार संस्थाले प्रारम्भिक कक्षाका विद्यार्थीको पठन सिप र गणितीय सिप सुधार गर्ने नीतिहरू तर्जुमा गर्नका लागि विद्यार्थीको पठन तथा गणितीय सिपको अवस्था विश्लेषण गर्नु
- विद्यालय, अभिभावक र स्थानीय तहले प्रारम्भिक कक्षाका विद्यार्थीको पठन र गणितीय सिप विकास गर्ने प्रक्रियाहरूको खोजी गरी सहयोग गर्नु
- शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयलाई विद्यार्थीको पठन सिप र गणितीय सिप विकास गर्नका लागि योजना तथा कार्यक्रमहरू निर्माण गर्न सहयोग गर्नु
- प्रारम्भिक कक्षामा पठन सिप तथा गणितीय सिप सिकाउन र मूल्याङ्कन गर्न विद्यालय र शिक्षकको क्षमता विकास गर्नु

पठन सिप र गणितीय सिपसँग सम्बन्धित परीक्षणका नतिजाले राष्ट्रियस्तर, परियोजनास्तर, स्थानीयस्तर र विद्यालयस्तरका कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## परीक्षण प्रक्रिया

EGRA/CB-EGRA र EGMA का परीक्षण सञ्चालन गर्न निम्नानुसारको परीक्षण प्रक्रिया अवलम्बन गर्ने गरी तयार गरिएको थियो।

## चित्र १५

*EGRA/ CB-EGRA, EGMA परीक्षण प्रक्रिया*




प्रश्न प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचामा पठन र गणितीय सिपमा केन्द्रित EGRA, CB-EGRA, EGMA र NARN परीक्षणहरू समावेश गरिएका छन् । यस्ता परीक्षण पाठ्यक्रममा आधारित भएर सञ्चालन गर्नका लागि पाठ्यक्रमले तोकेका सक्षमतामा केन्द्रित सिकाइ उपलब्धिहरू कुन हदसम्म प्राप्त गर्न सकियो भनेर हेर्नका लागि गरिन्छ । पाठ्यक्रमले तोकेका क्षेत्र, विस्तृतीकरण साथै सिकाइ उपलब्धिलाई कुन हदसम्म हाँसिल गर्न सके वा सकेनन् भनेर थाहा पाउन यसप्रकारका परीक्षण गरिँदै आएको छ । पाठ्यक्रमले तोकेका क्षेत्र, विस्तृतीकरणलाई आधार मानी पठन तथा गणितीय सिप परीक्षण साधन निर्माण गरिएको छ ।

## कार्यक्रमबाट प्राप्त उपलब्धि

- प्रारम्भिक कक्षा पठन र गणितीय सिप परीक्षणका लागि परीक्षण मार्गदर्शन र नेपाली र गणित विषयका Item Bank विकास गरियो ।
- विभिन्न साझेदार सङ्घ संस्थाहरूलाई पठन तथा गणितीय सिप परीक्षण गर्न साधन उपलब्ध गराइयो ।
- Item writing कार्यशालामार्फत ४ ओटा प्रदेशका सम्बन्धित विषयका शिक्षक तथा शिक्षा सेवाका कर्मचारीहरूको Item writing सम्बन्धी क्षमता विकासका लागि कार्याशाला सञ्चालन गरियो ।
- शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयलाई विद्यार्थीको पठन सिप र गणितीय सिप विकास गर्नका लागि योजना तथा कार्यक्रमहरू निर्माण गर्न सहयोग गरियो ।
- प्रारम्भिक कक्षामा पठन सिप तथा गणितीय सिप सिकाउन र मूल्याङ्कन गर्न विद्यालय र शिक्षकको क्षमता विकास गर्न सहयोग गरियो ।

## ४.२.९ बागमती र मधेश प्रदेशका शिक्षा विकास निर्देशनालयहरूको शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण

सङ्घीय शासकीय संरचनाअनुसार प्रदेश सरकारअन्तर्गत शिक्षा विकास निर्देशनालयमार्फत शिक्षा सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । शिक्षा विकास निर्देशनालयमा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त कार्यक्रमको अतिरिक्त शिक्षा विकास निर्देशनालयको आफ्नै सक्रियता र पहलमा अन्य विषयगत संस्थाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरू सञ्चालन समेत गर्ने गरिएको छ ।

सार्वजनिक निकायबाट प्रदान गरिने सेवाका सेवाग्राहीहरूको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति कार्यसम्पादनको स्तरबारे नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहितामा अभिवृद्धि भई सार्वनजिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुनसक्ने छ । यसै सन्दर्भमा शिक्षा विकास निर्देशनालयको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने अभिप्रायले शिक्षा विकास निर्देशनालयको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादनको लेखाजोखा गर्ने अभिप्रायले यो परीक्षण मार्गदर्शन र परीक्षण साधन विकास गरिएको छ ।

## उद्देश्य र अपेक्षित नतिजा

उपर्युक्त पृष्ठभूमिमा प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे शिक्षा विकास निर्देशनालयलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु कार्यसम्पादन परीक्षण कार्यको प्रमुख उद्देश्य रहेको छ ।

यसको कार्यान्वयन पश्चात् शिक्षा विकास निर्देशनालयको सार्वजनिक शैक्षिक सेवा प्रवाहमा देहायको सुधारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छः

(क) शिक्षा विकास निर्देशनालयका सेवाग्राहीको पहिचान हुने
(ख) बदलिँदो परिवेशमा शिक्षा विकास निर्देशनालयबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान हुने
(ग) सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने
(घ) सेवाप्रवाहमा देखिएका आन्तरिक तथा बाह्य समस्याहरूको पहिचान हुने
(ङ) शिक्षा विकास निर्देशनालयहरू आफ्नो कार्यप्रति जवाफदेही हुने संयन्त्रको विकास हुने

## परीक्षण साधन विकास प्रक्रिया

शिक्षा विकास निर्देशनालयलाई तोकिएको कार्यविवरण र वार्षिक कार्यक्रमको आधारमा कार्यसम्पादनका मापदण्ड तथा सूचकहरू तयार गरी परीक्षण साधन विकास गरिएको छ। विभिन्न चरणमा विज्ञ समूहबिच छलफल पश्चात् तयार गरिएको मसौदालाई विषय समितिमा प्रस्तुत गरी आवश्यक परिमार्जनसहित स्वीकृत गरिएको थियो । प्रचलित ऐन र कानुनद्वारा निर्धारित शिक्षा विकास निर्देशनालयबाट प्रदान गरिने सेवालाई दुई भागमा वर्गीकरण गरी परीक्षण साधन विकास गरिएको थियो। भाग-१ मा शिक्षा विकास निर्देशनालयको कार्यविवरणका आधारमा सेवा क्षेत्रहरूलाई विभिन्न समूहमा राखिएको थियो। भाग-२ मा शिक्षा विकास निर्देशनालयबाट सञ्चालन र सहजीकरण गर्ने कार्यक्रमहरू राखिएको थियो । यसरी निर्देशनालबाट सम्पादन गरिने कार्यको प्रकृतिअनुसार भाग-१ मा उल्लेखित कार्यक्षेत्रहरू सबै शिक्षा विकास निर्देशनालयमा प्रयोग हुनेछन् र भाग २ को कार्यक्षेत्रहरू शिक्षा विकास निर्देशनालयअनुसार फरक फरक हुनेछन् । यसलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका २९

*शिक्षा विकास निर्देशनालय मधेश प्रदेश (जनकपुरधाम) को सेवाको क्षेत्र*

| सेवा क्षेत्रहरू | सङ्ख्या | सूचकगत जम्मा पूर्णाङ्क |
|---|---|---|
| भाग-१: कार्य विवरणअनुसारको सामान्य कार्यक्षेत्र | ३३ | ९९ |
| भाग-२: कार्यक्रमगत कार्यक्षेत्र | ३३ | १३२ |
| **जम्मा** | | **२३१** |

## तालिका ३०

*शिक्षा विकास निर्देशनालय बागमती प्रदेश (हेटौंडा) को सेवाको क्षेत्र*

| सेवा क्षेत्रहरू | सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|
| भाग-१: कार्य विवरणअनुसारको सामान्य कार्यक्षेत्र | ३४ | १०२ |
| भाग-२: कार्यक्रमगत कार्य क्षेत्र | ४० | १६० |
| **जम्मा** | **७४** | **२६२** |

## परीक्षण साधन कार्यान्वयन प्रक्रिया

यो साधन शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन गरिने विविध पेसागत विकास कार्यक्रमको सेवा प्रवाहको स्तर लेखाजोखा गर्न प्रयोग गरिएको थियो । शिक्षा विकास निर्देशनालयबाट प्रदान गरिने सेवालाई कार्यसम्पादन सूचकमा विस्तृतीकरण गरी परीक्षण साधन तयार गरिएको थियो । कार्यको प्रकृतिअनुसार परीक्षण साधनलाई परिचयात्मक खण्ड र परीक्षण खण्डमा विभाजन गरिएको थियो । परीक्षण खण्डलाई मुख्य दुई भागमा विभाजन गरिएको थियो: (१) कार्यविवरणअनुसारका सामान्य कार्यहरू (२) कार्यक्रमगत कार्यहरू । मुख्य भागअन्तर्गतका क्रियाकलापहरूलाई कार्यसम्पादन सूचकमा विस्तारित गरी अङ्क प्रदान गर्ने आधारका रूपमा विकास गरिएको थियो । प्राप्ताङ्कलाई कार्यक्रमगत र समूहगत रूपमा विश्लेषण गरी कार्यसम्पादनको स्तर निकालिएको थियो ।

सेवा क्षेत्रगत रूपमा अङ्कभार विवरण कार्य सम्पादनको समग्र स्तर निकाल्ने आधार तपसिल बमोजिम रहेको थियो।

## तालिका ३१

*कार्यसम्पादन स्तरको अङ्कभार विवरण*

| मुख्य सेवाक्षेत्र | सूचक | सूचकगत पूर्णाङ्क | जम्मा पूर्णाङ्क | भार | भारित अङ्क निकाल्ने सूत्र |
|---|---|---|---|---|---|
| कार्य विवरणगत सामान्य अवस्था | ३३ | ३ | ९९ | ५०% | $क = \frac{क \text{ को प्राप्ताङ्क}}{क \text{ को पूर्णाङ्क}} x५०$ |
| कार्यक्रमगत अवस्था | ३३ | ४ | १३२ | ५०% | $ख = \frac{ख \text{ को प्राप्ताङ्क}}{ख \text{ को पूर्णाङ्क}} x५०$ |
| **जम्मा भारित प्राप्ताङ्क =** | | | | | |

माथिको जम्मा भारित प्राप्ताङ्कका आधारमा समग्र कार्य सम्पादन परीक्षणलाई देहायको पाँच स्केलमा राखी समग्र स्तर निर्धारण गरियो ।

## तालिका ३२

*कार्यसम्पादन स्तर निर्धारण, आधार र व्याख्या*

| | सेवा प्रवाहको स्तर | स्तर निर्धारणको आधार | स्तर निर्धारणको व्याख्या |
|---|---|---|---|
| १ | उत्कृष्ट तथा उदाहरणीय (Excellent and Exemplary) | ९०% देखि माथि १०० सम्म | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू उच्चतम अवस्थामा पूरा भएको र कार्यसम्पादनमा सिर्जनशीलता एवम् नवप्रर्वतनात्मक कार्यसमेत देखिएको (meeting all service standards and expectations with creativity and innovation) |
| २ | धेरै राम्रो (very good) | ८०% देखि माथि ९०% भन्दा तल | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू उच्चतम अवस्थामा पूरा भएको (meeting all service standards and expectations) |
| ३ | राम्रो (good) | ६०% देखि माथि ८०% भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू धेरैजसो पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको (inconsistency in meeting service standards and expectations) |

| | सेवा प्रवाहको स्तर | स्तर निर्धारणको आधार | स्तर निर्धारणको व्याख्या |
|---|---|---|---|
| ४ | सामान्य वा सन्तोषजनक (Satisfactory) | ४०% देखि माथि ६०% भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू आंशिक रूपमा मात्र पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको (seldom meeting service standards and expectations) |
| ५ | कमजोर (Poor) | ४०% प्रतिशत भन्दा तल | तोकिएका सेवा प्रवाहका मापदण्डहरू बिरलै मात्र पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको। (seldom meeting service standards and expectations) |

नमुनाको रूपमा बागमती र मधेश प्रदेशका शिक्षा विकास निर्देशनालयहरूको शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षणबाट प्राप्त प्रारम्भिक नतिजा तथा परीक्षणको सन्दर्भमा प्राप्त पृष्ठपोषणको आधारमा परीक्षण मार्गदर्शन र साधनमा परिमार्जन तथा अद्यावधिक गरी आ.व.२०८१/८२ मा सात ओटै प्रदेशमा रहेका शिक्षा विकास निर्देशनालयहरूको शैक्षिक कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्यक्रम रहेको छ ।

## कार्यक्रमबाट प्राप्त उपलब्धि

- शिक्षा विकास निर्देशनालयका सेवाग्राहीको पहिचान गरियो ।
- बदलिँदो परिवेशमा शिक्षा विकास निर्देशनालयबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान गरियो ।
- सेवा प्रवाहमा देखिएका आन्तरिक तथा बाह्य समस्याहरूको पहिचान गरियो ।
- शिक्षा विकास निर्देशनालयहरू आफ्नो कार्यप्रति (स्वजवाफदेही हुने संयन्त्रको विकास हुने अपेक्षा गरिएको छ ।
- सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने अपेक्षा गरिएको छ ।

## देखिएका समस्या तथा चुनौती

- कार्यसम्पादन परीक्षणमा खटिने परीक्षकहरू पर्याप्त मात्रामा व्यवस्थापन गर्न कठिन भएको

- सूचीकृत परीक्षकहरूले समेत परीक्षण कार्यमा जानका लागि खासै रूचि नदेखाएकोले कार्यसम्पादन परीक्षण गर्ने विज्ञ परिचालनमा समस्या भएको
- परीक्षण कार्यका लागि पर्याप्त स्रोत साधनको अभाव रहेको
- उपयुक्त समयमा परीक्षण सञ्चालन गर्न नसकिएको (आ.व.को अन्त्यमा परीक्षण गर्दा परीक्षण गरिने निकायबाट पर्याप्त समय पाउन नसकिएको)
- परीक्षण सञ्चालन मार्गदर्शन तथा साधन विकास, TOR निर्माण, तथ्याङ्क सङ्कलन, व्यवस्थापन, विश्लेषण तथा प्रतिवेदन लेखन जस्ता कार्यको प्राविधिक ज्ञान तथा सिपको विकास गर्ने
- कार्यक्रम सञ्चालनको दौरानमा सम्बन्धित सरोकारवाला व्यक्ति तथा निकायबाट पर्याप्त समन्वय र सहयोग प्राप्त गर्न नसकिएको

**समाधानका उपायहरू**

- सार्वजनिक सूचनामार्फत समयमा नै कार्यसम्पादन परीक्षणमा खटिने परीक्षकहरूको पर्याप्त व्यवस्थापन गर्ने
- सूचीकृत परीक्षकहरूलाई समेत परीक्षण कार्यमा जानका लागि उत्प्रेरित गर्ने
- परीक्षण कार्यमा खटिने विज्ञहरूका लागि  स्रोत साधनको व्यवस्था गर्ने
- सम्बन्धित निकायहरूसँग समन्वय गरी उपयुक्त समयमा परीक्षण सञ्चालन गर्ने
- परीक्षण सञ्चालन मार्गदर्शन तथा साधन विकास, TOR निर्माण, तथ्याङ्क सङ्कलन, व्यवस्थापन, विश्लेषण तथा प्रतिवेदन लेखन जस्ता कार्यको प्राविधिक ज्ञान तथा सिप हासिल गर्ने कार्यक्रमहरू नियमित सञ्चालन गर्ने
- कार्यक्रम सञ्चालनको दौरानमा सम्बन्धित सरोकारवाला व्यक्ति तथा निकायबाट प्रर्याप्त समन्वय र सहयोग प्राप्त गर्न वातावरण निर्माण गरिनुपर्ने

## ४.३ प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standard)

कक्षा १ मा बालबालिका विद्यालय शिक्षाका लागि कत्तिको तयार अवस्थामा आउने गर्छन् भन्ने विषयमा केन्द्रित रहेर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले युनिसेफको सहयोगमा सन् २०१७ देखि प्रारम्भिक बालविकास सूचकाङ्क परीक्षण भन्ने अध्ययन वार्षिक रूपमा गर्दै आएकामा, हालसम्मको सुझाव र परीक्षणको उद्देश्यलाई समेटेर आ व २०८०/०८१ मा प्रारम्भिक बाल सिकाइ तथा विकास मापदण्डमा आधारित परीक्षण (ELDS based assessment) प्रतिवेदन तयार गरिएको छ ।  कक्षा १ मा भर्खरै भर्ना भएका विद्यार्थी विकासात्मक तथा शैक्षिक रूपमा कत्तिको तयार छन् भन्ने विषयलाई यस परीक्षणले ४८-६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डलाई आधार मानेर मापन गर्न खोजेको छ ।

सातै प्रदेश समेटिने गरी २९ जिल्लाबाट जनसङ्ख्यामा आधारित Random Sampling विधिबाट २७४ विद्यालयका ३९७८ विद्यार्थीबाट वि.स. २०७९-८० जेठ, असारमा तथ्याङ्क सङ्कलन गरिएको थियो भने आ.व. २०८०।८१ मा प्रतिवेदन तयारीको कार्यक्रम रहेकोमा सोको प्रतिवेदन तयार पारिएको छ । सर्वेक्षणमा, विद्यालयमा रहेको पूर्वप्राथमिक कक्षाको अवस्था, पूर्वाधार, शिक्षण सामग्री, शिक्षकको शैक्षिक योग्यता आदि समेट्ने गरी ६८ प्रश्न र विद्यालय तत्परता परीक्षणका ४८ ओटा प्रश्न समेटिएको थियो । प्रश्नावलीहरू प्रारम्भिक बालविकास विज्ञ, निजी तथा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास शिक्षक आदिको संग्लनतामा विकास तथा परिमार्जन गरिएको हो । विद्यार्थीको स्तर निर्धारण गर्ने प्रक्रियामा समेत यस्तै विज्ञ समूहको संग्लनतामा स्थापित विधि र प्रक्रिया प्रयोग गरिएको थियो ।

## निष्कर्ष

१. समग्र सूचकलाई आधार मानेर हेर्दा ४९.११ प्रतिशत विद्यार्थी विद्यालय शिक्षाका लागि "तयार" रहेको पाइयो भने, ४५.३३ प्रतिशत विद्यार्थी विद्यालय तत्परता सूचकको दोस्रो तह अर्थात "तयार हुँदै" गरेको अवस्थामा पाइयो । त्यसै गरी ५.५६ प्रतिशत विद्यार्थी सङ्घर्षरत अवस्थामा पाइयो ।

**चित्र १६**

*प्रारम्भिक सिकाइ तथा विकासको स्तर*




२. शारीरिक विकासका सूचकाङ्क अरु सूचकाङ्कको तुलनामा राम्रो देखिएको छ । बालबालिका सामाजिक संवेगात्मक सूचकाङ्कमा सबभन्दा कमजोर रहेको देखिएको छ । लैङ्गिक रूपमा बालबालिकाको सिकाइ र विकासमा विद्यालय तत्परताको हिसाबले फरक देखिएन ।

## चित्र १७

*प्रारम्भिक विकासका आयामगत अवस्था*




३. मातृभाषा नेपालीबाहेक अरू भाषा हुँदा, तुलनात्मक रूपमा विकासात्मक रूपमा पछाडि परेको देखियो ।

## चित्र १८

*बालबालिकाले बोल्ने मातृभाषा र विकासको स्तर*




४. सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयहरू यस अध्ययनका क्षेत्रहरूमा अगाडि रहेको देखिन्छ । संस्थागत विद्यालयमा ६७.१७ प्रतिशत विद्यार्थी “तयार” रहेको देखियो भने सामुदायिक विद्यालयमा ३१.९ प्रतिशत विद्यार्थी मात्र “तयार” रहेको पाइयो ।

५. प्रादेशिक क्षेत्रका आधारमा हेर्दा सुदूरपश्चिमका विद्यार्थी सबैभन्दा कम “तयार” छन् भने गण्डकीमा सबैभन्दा बढी “तयार” छन् ।

**चित्र १९**

*विकास स्तरको प्रदेशगत तुलना*




६. शिक्षा ऐन, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनअनुसार चार वर्षका बालबालिकाका लागि एक वर्षको पूर्वप्राथमिक तहको कल्पना गरिए तापनि ४० प्रतिशत पूर्वप्राथमिक विद्यालयमा एकभन्दा बढी तह चलाइएको पाइयो । जसमा, सामुदायिक विद्यालयमा ८३.९ प्रतिशतले एउटा मात्र तह सञ्चालन गरेको पाइयो भने, संस्थागत विद्यालयको हकमा ६.५ प्रतिशतले मात्रै एउटा मात्र पूर्वप्राथमिक तह सञ्चालन गरेको पाइयो । संस्थागततर्फ लगभग ८० प्रतिशतले दुईदेखि चार तह सञ्चालन गरेको देखिन्छ ।

७. औसतमा संस्थागत बालविकास केन्द्रहरूमा ६ जना शिक्षक रहेको पाइयो भने, सामुदायिकतर्फ औसतमा २ जना शिक्षक रहेको पाइयो ।

८. ८७.२९ प्रतिशत बालविकास केन्द्रहरूमा प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड २०६७ अनुसारका सिकाइ क्षेत्रको व्यवस्था नरहेको पाइयो भने, केवल १२.७ प्रतिशत बालविकास केन्द्रहरूमा सिकाइ क्षेत्र पनि भएको पाइयो । तथ्याङ्क विश्लेषणअनुसार सिकाइ क्षेत्र र त्यसमा रहेका सामग्रीको उपलब्धताले बालबालिकाको विकासमा उल्लेख्य प्रभाव पार्ने देखिन्छ ।

९. प्रारम्भिक बालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता १० कक्षा हुनुपर्ने प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड २०६७ अनुसार लगभग सबै शिक्षक सोअनुसार वा सोभन्दा बढी नै शैक्षिक योग्यता रहेको पाइयो । तथ्याङ्किक विश्लेषणअनुसार शिक्षकको योग्यता कक्षा १० सम्म मात्रै हुँदा बालबालिकाको विकासमा उल्लेख्य नकारात्मक सम्बन्ध रहेको देखियो भने, शिक्षकको योग्यता १२ कक्षा हुँदा बालबालिकाको विकास सूचकाङ्कमा उल्लेख्य र सकारात्मक सम्बन्ध रहेको पाइयो ।

१०. प्रारम्भिक बालविकास शिक्षकहरूको सेवापूर्वको तालिमसँग विद्यालय तत्परता सूचकाङ्कहरूको उलेख्य र सकारात्मक सम्बन्ध छ भने, सेवाकालीन तालिमले सूचकाङ्कमा उल्लेख्य प्रभाव पारेको देखिएन ।

## नीतिगत सुझावहरू

- लगभग ५० प्रतिशत बालबालिका विद्यालयका लागि पूर्ण रूपमा तयार भएर आउँदैनन् । "तयार हुँदै" र "संघर्षरत" अवस्थाका बालबालिकालाई शिक्षकले थप सहयोग गर्न नसकेमा बालबालिका पछि पर्दै जान्छन् । तसर्थ यस्ता बालबालिकाको पहिचान गरी कक्षा १ देखि नै बालबालिकालाई सहयोग गर्ने सिप, सहयोग तथा उत्प्रेरणा कक्षा १ का शिक्षकलाई विभिन्न माध्यमबाट सुनिश्चित गर्न जरुरी छ । साथै प्रारम्भिक बालविकासका शिक्षकले पनि पूर्व प्राथमिक कक्षामा नै प्रारम्भिक बालविकास तथा सिकाइ मापदण्डअनुसार बालबालिकाको सिकाइ तथा विकास सुनिश्चित गर्ने सिप, सहयोग तथा उत्प्रेरणा पाउने नीतिगत वातावरण बनाउन आवश्यक छ ।
- प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड २०६७ अनुसारका सिकाइ क्षेत्रको उपलब्धताले विद्यार्थीको उपलब्धि राम्रो हुने पाइएकोले, पूर्वप्राथमिक कक्षाहरूमा त्यस्ता सामग्रीसहितका सिकाइ क्षेत्र बनाउन आवश्यक सहजीकरण तथा बजेट व्यवस्थापन गर्नुपर्छ ।
- थोरै मात्र प्रारम्भिक बालविकास शिक्षकको शैक्षिक योग्यता १० कक्षा मात्र भएको र न्यूनतम योग्यता १२ कक्षा कायम गर्दा विद्यार्थीको सिकाइमा पनि सकारात्मक असर पर्ने हुँदा, न्यूनतम योग्यता १२ कक्षा बनाउनुपर्छ । साथै शिक्षक भर्नाको क्रममा प्रारम्भिक बालविकास सम्बन्धी तालिम तथा विश्वविद्यालयमा पढेका शिक्षकलाई प्राथमिकता दिनुपर्छ ।
- शिक्षकहरूको सेवाकालीन तालिमले उल्लेख्य प्रभाव नपारेको हुँदा यसमा थप अनुसन्धान गर्नुका साथै सेवाकालीन तालिमको पुनरवलोकन, अनुगमन तथा सुपरिवेक्षणमा जोड र शिक्षकको उत्प्रेरणामा जोड दिन जरुरी छ ।
- मातृभाषाले सिकाइमा सकारात्मक प्रभाव पार्ने हुँदा बालबालिकालाई मातृभाषामा सिकाइ सहजीकरण गर्न शिक्षकलाई उत्प्रेरित गर्नुपर्छ ।

## चुनौतीहरू

- साना बालबालिका विद्यालयमा धेरै अनुपस्थित हुने हुँदा अपेक्षित बालबालिकाको सङ्ख्याभन्दा कमको मात्र परीक्षण गर्नु परेको

- नेपालमा हाल एक तिहाइभन्दा बढी बालबालिका साना विद्यालयमा पढ्छन्। यस अध्ययनमा औसतमा बालबालिकाको विद्यालय तत्परताका बारेमा खोतलिए तापनि साना विद्यालयको अवस्था उजागर गर्न नसकिएको

**समाधानका उपायहरू**

- परीक्षण गर्ने बालबालिकाको नमुना सङ्ख्या बढाएर परीक्षणको गुणस्तर कायम गरिएको छ । अझ यस नमुना सङ्ख्यालाई बढाएर परीक्षणको गुणस्तर बढाउनुपर्ने देखिन्छ ।
- आउँदा दिनमा साना विद्यालयको पनि अवस्था बुझिने परीक्षण गर्नुपर्ने देखिन्छ ।
- आर्थिक वर्षको अन्त्यमा गर्नुपर्ने परीक्षण भएको हुँदा, गर्न सकिने कार्यहरू दोस्रो, तेस्रो त्रैमासिकमा नै सक्ने गरी कार्य योजना तयार गर्नुपर्ने देखिन्छ ।

## ४.४ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन हस्तान्तरण

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office-ERO) बाट वार्षिक रूपमा सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA) तथा कार्यसम्पादन परीक्षण (Performance Audit-PA) अध्ययनका प्राप्ति एवम् सिफारिस सारांश र सिफारिस कार्यान्वयनका ठोस सुझावसमेत समेटिएको अर्थिक वर्ष २०७९।०८० को कार्यसम्पादनको आधारमा तयार गरिएको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदनलाई मिति २०८० कार्तिक १६ गतेका दिन शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्री माननीय श्री अशोककुमार राई र शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि राज्य मन्त्री माननीय श्री प्रमिला कुमारीलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रका महानिर्देशक श्री चन्द्रकान्त भुसालबाट सार्वजनिक समारोहका बिच हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो । वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुअगाडि प्रतिवेदनमा समेटिएका विषयवस्तुको सङक्षिप्त प्रस्तुति केन्द्रका महानिर्देशक श्री चन्द्रकान्त भुसालबाट भएको थियो । उक्त अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयका सचिव श्री सुरेश अधिकारी, माननीय राज्यमन्त्री प्रमिला कुमारी र माननीय मन्त्री श्री अशोककुमार राईज्यूले केन्द्रलाई महत्त्वपूर्ण सुझाव तथा निर्देशनसमेत दिनुभएको थियो ।

### कार्यक्रमका मुख्य उपलब्धि

- वार्षिक प्रतिवेदन तयारी र माननीय शिक्षा, विज्ञान तथा प्रविधि तथा मन्त्रीज्यू समक्ष प्रतिवेदन हस्तान्तरण भई नीतिगत तहमा केन्द्रद्वारा सम्पादित मुख्यमुख्य क्रियाकलाप र प्रगतिको जानकारी हुनुका साथै नीतिगत सुधारका लागि आधार तयार भएको
- प्रतिवेदनका माध्यमबाट शिक्षाका सरोकारवालाहरूलाई केन्द्रले सम्पादन गरेका अध्ययन तथा परीक्षणहरूका बारेमा जानकारी प्राप्त भएको

- यसबाट सरोकारवालाहरूलाई शिक्षाको गुणस्तर सुधारका उपाय पहिचान गर्न सहयोग पुग्नुका साथै केन्द्रले आगामी आर्थिक वर्षहरूमा सम्पादन गर्ने कार्यका लागि पृष्ठपोषणसमेत प्राप्त भएको

## ४.५ प्रदेश स्तरीय प्रबोधीकरण गोष्ठी सञ्चालन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गरेका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit) तथा विद्यालय स्तरीकरण, प्रारम्भिक बालविकास केन्द्र, स्थानीय तह एवम् शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA), प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण (ELDS), कक्षा ३ का बालबालिकाहरूको पढाइ तथा गणितीय सिप परीक्षण (NARN), स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS), शिक्षा तालिम केन्द्र र गैरसरकारी संस्थाहरूको कार्यक्रमको प्रभावकारिता परीक्षणलगायतका कार्यहरूका प्रतिवेदनमा उल्लिखित प्राप्ति र सिफारिसका सम्बन्धमा सरोकारवालालाई जानकारी दिने उद्देश्यले प्रदेशस्तरमा प्रबोधीकरण गोष्ठी सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०८०।८१ मा कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको दाङ, बागमती प्रदेशको काभ्रेपलान्चोक, मधेश प्रदेशको धनुषा र सुदुरपश्चिम प्रदेशको धनगढीमा एक दिवसीय प्रबोधीकरण गोष्ठी सम्पन्न गरिएको छ । प्रबोधीकरण गोष्ठीमा प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री, सचिव, निर्देशक तथा अन्य कर्मचारी; जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र अन्य कर्मचारी, शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयका सचिव र सहसचिव; शैक्षिक गुणस्तर परीक्षण केन्द्रका महानिर्देशक, निर्देशक तथा अन्य कर्मचारीहरू, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख; विद्यालयका व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, स्थानीय सञ्चारकर्मी तथा पत्राकारलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका तर्फबाट हालसम्मको परीक्षणका प्राप्ति एवम् सिफारिसलाई समेटी प्रस्तुतीकरण गरिएको थियो भने सहभागीहरूले छलफलमा भाग लिई विभिन्न जिज्ञासा राखेका थिए ।

### प्रदेशस्तरीय प्रबोधीकरण गोष्ठीका उपलव्धि

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको प्रबोधीकरण गोष्ठीबाट देहायका उपलब्धि हासिल भएका छन् :

- शैक्षिक गुणस्तर परीक्षण केन्द्र र यसले सम्पादन गर्ने कार्यहरूका सम्बन्धमा प्रदेशस्तरमा सुसूचित हुनु

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पन्न भएका विभिन्न परीक्षणका प्रतिवेदन तथा नतिजा र सिफारिसका सम्बन्धमा सम्बन्धित प्रदेशभित्रका प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालयलगायत सरोकारवाला निकायहरूलाई अवगत भई शैक्षिक गुणस्तर सुधारका लागि सञ्चालन गर्नुपर्ने कार्यहरू गर्नका लागि सकरात्मक दबाब सिर्जना हुनु
- परीक्षणका प्रतिवेदन, नतिजा र सिफारिसका विषयमा प्रचारप्रसार भई कार्यान्वयनका लागि सम्बन्धित निकाय तथा तहलाई दवाव सिर्जना हुनु
- केन्द्रले आफ्नो कार्यसम्पादनमा आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा सरोकारवालाबाट पृष्ठपोषण प्राप्त हुनु
- शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालय र स्थानीय सञ्चारकर्मीहरू बिचमा समन्वय र सहकार्यमा अभिवृद्धि भई विश्वासको वातावरण सिर्जना हुनु,

## प्रदेशस्तरीय प्रबोधीकरण गोष्ठीमा व्यक्त धारणा एवम् प्रतिक्रिया

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तहमा सञ्चालन गरेको प्रबोधीकरण गोष्ठीमा सहभागीहरूले व्यक्त गर्नुभएका धारणाहरू यसप्रकार रहेका छन्:

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका परीक्षणहरूको प्रतिवेदनका नतिजा तथा सिफारिसहरूले हाम्रो शैक्षिक अवस्थाको यथार्थ देखाएको र खस्किएको शैक्षिक गुणस्तरलाई उकास्नका लागि रणनीति तयार गरी अगाडि बढ्नुपर्ने
- प्रदेश सामाजिक विकास मन्त्रालयले शिक्षा क्षेत्रको भौतिक तथा शैक्षिक विकासका लागि कार्यक्रम तथा बजेट विनियोजन गर्दै आएको र आगामी दिनमा शिक्षा क्षेत्रको विकासका लागि थप कार्यक्रम तथा बजेट व्यवस्था गर्दै जाने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले स्थानीय तह तथा विद्यालयहरूलाई मापनसम्बन्धी विषयमा प्राविधिक सहायता उपलव्ध गराउनुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका परीक्षण तथा सोको प्रतिवेदन विद्यालय तहसम्म प्रबोधीकरण गरी कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने, यसबाट परीक्षणलाई सुधारसँग आबद्ध गराउन सकिने

- विद्यालयको शैक्षिक अवस्था सुधारका लागि तहगत सरकार तथा शासकीय साझेदारहरू एकीकृत र ऐक्यबद्ध भएर अगाडि बढ्नुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले समयक्रम, क्षेत्र, विभिन्न सन्दर्भको तुलनात्मक अध्ययन गर्नुपर्ने, यसबाट सुधारका लागि तुलनात्मक अवस्था यकिन भई सुधारका लागि सन्दर्भगत जानकारी प्राप्त हुने
- परीक्षणका क्रममा गरिने पृष्ठभूमि अध्ययनलाई समसामयिक बनाइनुपर्ने, सिकाइमा प्रभाव पार्ने प्रमुख पक्ष/चरहरूको यकिन भई सघन अध्ययन गरिनुपर्ने

## ४.६ सञ्चार संस्थासँग सहकार्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यसम्पादनलाई स्वतन्त्र तवरबाट अनुगमन गरी लेखाजोखा गर्ने र भावी दिनका लागि सुझाव तथा पृष्ठपोषण प्राप्त गर्न तथा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (Performance Audit) का प्रतिवेदन तथा सिफारिसहरूको सचेतनाका लागि सञ्चारकर्मीहरूसँगको सहकार्यमा नमुनाका रूपमा विभिन्न जिल्लाहरूमा स्थलगत अनुगमन गरी प्रतिवेदन लिने कार्य पनि सम्पन्न भएका छन् । केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र कार्यसम्पादन परीक्षण (PA) का प्रतिवेदनहरू एवम् सान्दर्भिक सिफारिसको प्रचार प्रसार एवम् सचेतना प्रयोजनका लागि भिन्न भिन्न सञ्चार संस्थासँग आबद्ध सञ्चारकर्मीसँग सहकार्य तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । नमुनाका रूपमा पाल्पा, मोरङ, सप्तरी, दोलखा, गोरखा, गुल्मी, मकवानपुर, तेह्रथुम, तनहुँ, दैलेख, कास्की, चितवन, बारा र रसुवा जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालयहरूमा तेस्रो पक्षको रूपमा स्वतन्त्र तवरले सम्बन्धित स्थानमा गई केन्द्रले सम्पादन गरेका कार्यहरूको विषय तथा केन्द्रका प्रतिवेदन तथा सिफारिसका विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन गर्नका लागि सम्झौताबमोजिम १४ जना सञ्चारकर्मी खटाइएकोमा तोकिएको अनुगमन गरी सोको प्रतिवेदन प्राप्त भएका थिए । केन्द्रबाट विगतमा गरिएका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र कार्यसम्पादन परीक्षण (PA) लगायतका प्रतिवेदनमा औंल्याइएका सुझावको कार्यान्वयन अवस्था सम्बन्धमा जानकारी लिई यस केन्द्रमा प्रतिवेदन पेस गर्ने र सुझावका सन्दर्भमा सरोकारवालाबिच प्रचार प्रसार गरी विद्यालय शिक्षाको समग्र गुणस्तर सुधारमा सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

### कार्यक्रमका अपेक्षित उपलब्धिहरू

- सञ्चार संस्थाहरूको सहकार्यमा केन्द्रबाट सञ्चालित कार्यक्रमहरूको प्रचारप्रसार हुने र कार्यक्रमको कार्यान्वयनको प्रभाकारिताका सन्दर्भमा पृष्ठपोषण प्राप्त हुने
- केन्द्रका कार्यक्रमहरूमा सरोकारवालाहरूलाई सुसूचित भई पारदर्शिता कायम हुने

- केन्द्रका कार्यक्रमलाई थप प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझावहरू प्राप्त हुने
- केन्द्रका गतिविधिहरूलाई सरोकारवाला समक्ष पुर्‍याउन सहज भएको र केन्द्रको कार्यसम्पादन सहजीकरण हुने

**सञ्चारकर्मीहरूको स्थलगत अनुगमन तथा सहजीकरणबाट प्राप्त प्रतिवेदनका सङ्क्षिप्त समस्याहरू**

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण गरी प्रकाशित प्रतिवदेन तथा नतिजा र सिफारिसका विषय स्थानीय तह, विद्यालय र शिक्षकलाई आवश्यक मात्रामा जानकारी गराउन नसक्नु,
- माध्यमिक विद्यालयहरूको मात्र कार्यसम्पादन परीक्षण गर्दा तल्ला तहका विद्यालयहरूको अवस्था लेखाजोखा नहुँदा शैक्षिक सुधारमा प्रभावकारिता नआउनु,
- विज्ञका रूपमा खटिएका कर्मचारीहरूले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको मापदण्ड अनुरूप प्रभावकारी रूपमा कार्यसम्पादनमा ध्यान दिनुपर्ने देखिएको
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परीक्षणमा विद्यालयको मात्र सहभागिताले स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ लगायतको धारणा प्राप्त हुन नसकेको
- कार्यसम्पादन परीक्षण कुन बेला गर्ने भन्ने बारेमा ध्यान दिनुपर्ने आवश्यकता छ भने यसबाट प्राप्त हुने नतिजा उपयोग सम्बन्धमा ध्यान दिनुपर्ने देखिएको
- कार्यसम्पादन परीक्षणको सूचकप्रति अधिकांश विद्यालयको चित्त बुझाइ छैन । कक्षाकोठाको अभाव, खेलमैदानको अभाव, समुदायको योगदान लगायतका सम्बन्धमा धेरै विद्यालय चुकेका पाइन्छ । अधिकांश विद्यालयमा समुदायको योगदान शून्य प्राय: छ । यस्तो अवस्थामा त्यस्ता विद्यालयको पठनपाठन राम्रो वा स्तरीय भए पनि कार्यसम्पादन परीक्षणको फेहरिस्तमा निकै तल सूचीकृत हुनुपर्ने अवस्था छ । धेरै विद्यालयको भौतिक पूर्वाधार राम्रो भए पनि जग्गाधनी प्रमाण पुर्जा नहुँदा कम अङ्क ल्याउनुपर्ने अवस्था छ । तसर्थ विद्यालय कार्यसम्पादन परीक्षणको साधनलाई अद्यावधिक र परिमार्जन गर्नुपर्ने देखिएको
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार पारेका सिफारिस वा प्रतिवेदनको छपाइप्रति सम्बन्धित विद्यालयमा पुग्ने गरेका छैनन् । अझै पनि छपाइ प्रति नै अध्ययन गर्ने बानी धेरैको भएकाले प्रतिवेदनहरूको Hardcopy नै सम्बन्धित सरोकारवालालाई वितरण गर्नुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रका बारेमा Grassroot Level का सरोकारवालालाई विभिन्न माध्यमबाट जानकारी गराउनु पर्ने आवश्यकता रहेको

## सञ्चारसंस्थाबाट प्राप्त सुझावहरू

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण गरी प्रकाशित प्रतिवदेनमा उल्लिखित नतिजा र सिफारिसका विषय स्थानीय तह, विद्यालय र शिक्षक एवम् सरोकारवालसम्म पुऱ्याउने प्रबन्ध गर्नुपर्ने र यसका विषयमा व्यापक सचेतना फैलाउनुपर्ने
- माध्यमिक लगायत सबै तहका विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्नुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट परीक्षणमा खटाउने विज्ञहरूको हालको व्यवस्था संशोधन गरी स्थानीयस्तर कै विज्ञ तथा शिक्षाविद् खटाउने व्यवस्था गरिनुपर्ने
- परीक्षणमा विद्यालयको मात्र नभई स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको समेत सहभागिता रहुनुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन र सिफारिसपछि नतिजाका सम्बन्धमा सम्बन्धित जिल्लामा गई जिल्ला वा स्थानीय तह स्तरमा प्रबोधीकरण वा अभिमुखीकरण वा सार्वजनीकरण गर्नुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशन गरेका प्रतिवेदनमा भएका प्राप्ति, सुझाब र सिफारिसलाई विद्यालय सुधारसँग सम्बन्धित गराउनुपर्ने
- खटिएका विज्ञलाई उत्तरदायी र जिम्मेवार बनाउनुपर्ने
- स्थानीय तह र प्रदेशहरूले विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यार्थीको उपलब्धि परीक्षणको नतिजाका आधारमा विद्यालय सुधारका कार्यक्रम विकास गर्नुपर्ने
- विद्यालयको कार्य सम्पादनसँग स्थानीय तहको शिक्षाका कामको कार्यसम्पादन जोडनुपर्ने

## ४.७ जर्नल, ब्रुसियर र बुलेटिन प्रकाशन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय, उद्देश्य एवम् कार्यजिम्मेवारी र मुख्य गतिविधिहरूलाई समेटी सरोकारवालालाई सङक्षिप्त रूपमा जानकारी गराउने उद्देश्यले ब्रुसियर तयार गरिएको छ । त्यसैगरी केन्द्रले आर्थिक वर्ष २०८०।८१ मा सम्पादिन कार्यहरूको सङक्षिप्तमा समेट्ने गरी वार्षिक बुलेटिन तयार गरी अनलाइन प्रकाशनमा ल्याएको छ । शैक्षिक गुणस्तर परीक्षणसँग सम्बन्धित अनुसन्धानमा आधारित खोजमूलक लेखरचनामार्फत विज्ञ लेखकहरूको प्रतिभा, अनुभव एवम् विचारलाई समेटेर विभिन्न लेखकका लेखरचना समावेश भएको जर्नल अनलाइन प्रकाशन गरिएको छ ।

# परिच्छेद ५

# वित्तीय अवस्था

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नेपाल सरकारको मात्र स्रोत रहेको साधारण बजेट, विद्यालय शिक्षा क्षेत्र योजनाको बजेट र युनिसेफको अनुदान सहयोगमा सञ्चालित सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यस केन्द्रलाई बजेट उपशीर्षक नम्बर ३५००३०११ बाट साधारण खर्चको कार्यक्रम तथा बजेट, बजेट उपशीर्षक नम्बर ३५००११०१ बाट विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यक्रम तथा बजेट तथा बजेट उपशीर्षक नम्बर ३५०००१०२ बाट सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमको कार्यक्रम तथा बजेट विनियोजन हुँदै आएको छ ।

## ५.१ वार्षिक बजेट विनियोजनको अवस्था र प्रगति

आर्थिक वर्ष २०८०।८१ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अवस्था र सोको कार्यान्वयन प्रगति अवस्था यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका ३३**

*केन्द्रको आ.व. २०८०।८१ को कार्यक्रम तथा बजेट र खर्चको अवस्था*

**(रू. हजारमा)**

| क्र. स. | आयोजना/ कार्यक्रमको नाम | बजेट उपशीर्षक | बजेटको प्रकार | वार्षिक बजेट | वार्षिक खर्च | भौतिक प्रगति (प्रतिशत) | वित्तीय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र- (साधारण) | ३५००३०११ | चालु | २९६०० | २८६०० | ९८% | ९६.६३% | नेपाल सरकार |
| २ | विद्यालय शिक्षा क्षेत्र योजना | ३५००११०१ | चालु | ७८१०० | ४३४०० | ८२.८९ % | ६५.५५ % | |
| | | | पुँजीगत | १३४० | ६०० | ७५% | ४०.६७ % | |
| | | जम्मा | | ७९४४३ | ४४००० | ८२.८८ % | ६५.१४ % | |
| ३ | सबैकालागि शिक्षा शिशु विकास कार्यक्रम | ३५०००१०२ | चालु | ५००० | ३०५ | १०% | ६.०९५% | UNICEF |

आर्थिक वर्ष २०८०।८१ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि ब.उ.शी.न. ३५००३०११ मा नेपाल सरकारको स्रोतबाट विनियोजित रकम रु. २ करोड ९६ लाख मध्ये रकम रु. २ करोड ८६ लाख खर्च भई भौतिक प्रगति ९८ प्रतिशत र वित्तीय प्रगति पनि ९६.६३ प्रतिशत भएको थियो । त्यसैगरी विद्यालय शिक्षा क्षेत्र योजनाको ब.उ.शी.न. ३५००११०१ मा चालु तर्फ रकम रु. ७ करोड ८१ लाख र पुँजीगततर्फ रकम रु. १३ लाख ४० हजार विनियोजन भएकोमा चालुतर्फ रकम रु. ४ करोड ३४ लाख र पुँजीगततर्फ रकम रु. ६ लाख खर्च भई चालुतर्फको भौतिक प्रगति ८२.८८ प्रतिशत र वित्तीय प्रगति ६५.५५ प्रतिशत रहेको छ भने पुँजीगततर्फको भौतिक प्रगति ७५ प्रतिशत र वित्तीय प्रगति ४०.६७ प्रतिशत रहेको छ । UNICEF को अनुदान सहयोगमा सञ्चालित सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमका लागि ब.उ.शी.न. ३५०००१०२ मा रकम रु. ५० लाख विनियोजन भएको र उक्त रकममध्ये रकम रु. ३ लाख ५ हजार खर्च भई भौतिक प्रगति १० प्रतिशत र वित्तीय प्रगति ६.०९ प्रतिशत भएको छ । समयमै बजेट प्राप्त हुन नसक्दा बजेट खर्च हुन नसकी प्रगति न्यून हुन गएको छ ।

## ५.२ लेखापरीक्षण तथा बेरूजुको अवस्था

### तालिका ३४

*लेखापरीक्षण तथा बेरूजुको अवस्था*

| क्र.स. | आर्थिक वर्ष | नियमित तथा प्रमाण पेस गर्नुपर्ने | असुल गर्नुपर्ने | पेस्की | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७९।८० | १,८४,०३८।- | ०.० | ०.० | १,८४,०३८।- | |
| जम्मा | | १,८४,०३८।- | ०.० | ०.० | १,८४,०३८।- | |

आर्थिक वर्ष २०७९।८० मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कार्यसम्पादनको क्रममा महालेखा परीक्षकको कार्यालयले असुलउपर गर्नुपर्ने र पेस्की बेरुजु शून्य रहेको एवम् नियमित तथा प्रमाण पेस गर्नुपर्ने बेरुजु रकम रु. १ लाख ८४ हजार ३८ रुपियाँ औंल्याएको थियो । नियमित तथा प्रमाण पेस गर्नुपर्ने बेरुजु फछ्यौटका लागि आवश्यक प्रमाण तथा तथ्यसहित फाइल पेस गर्ने कार्य प्रक्रियामा रहेको छ । त्यसैगरी आर्थिक वर्ष २०८०।८१ को लेखा परीक्षण कार्य भइसकेको छैन ।

# परिच्छेद ६

# समस्या, चुनौती र अवसर

## ६.१ समस्या

### (क) कानुनी समस्या

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले ऐनको दफा ७ख. मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ। त्यसैगरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने व्यवस्था छ । ऐनको प्रावधानअनुसार हालसम्म पनि प्रमुख शिक्षा परीक्षक नियुक्ति हुन नसकेको विषय एकातिर छ भने अर्कोतिर प्रमुख शिक्षा परीक्षकको योग्यता नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा काम गरेको हुनुपर्ने व्यवस्था छ र शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ एवम् केन्द्रको स्वीकृत सङ्गठन संरचनाअनुसार निजामती सेवाअन्तर्गत नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई नेपाल सरकारले केन्द्रको कार्यकारी निर्देशक (महानिर्देशक) रहने प्रावधान रहेको छ । यसले केन्द्रको महानिर्देशक र प्रमुख परीक्षकबिचको योग्यता एउटै हुँदा कार्यसम्पादनमा बाधा आउन सक्ने देखिन्छ। त्यसैगरी ऐनको दफा ७ ख. को उपदफा (६) मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने भन्ने व्यवस्था भए पनि हालसम्म शिक्षा नियमावलीमा सो विषय समावेश भएको छैन।

### (ख) संरचनागत समस्या

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा नेपाल सरकारले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीमा काम गरेका व्यक्तिलाई प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने, शिक्षा विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयले शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई महानिर्देशकका रूपमा खटाउने व्यवस्था रहेको छ । अन्य कर्मचारीमा शिक्षा सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका ४ जना निर्देशक, गणित, विज्ञान, नेपाली र अङ्ग्रेजी विषयका एक एक जना गरी ४ जना प्राविधिक अधिकृत, ८ जना निरीक्षण समूहका शाखा अधिकृत, तथ्याङ्क अधिकृत एक जना, लेखा अधिकृत एक जना र नेपाल शिक्षा, नेपाल प्रशासन सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरू रहने सङ्गठन संरचना रहेको छ । आर्थिक प्रशासनलाई नियमित र व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि लेखा अधिकृतको सहयोगीका रूपमा काम गर्नका लागि लेखापालको दरवन्दी अभाव देखिन्छ । प्रमुख शिक्षा परीक्षक, रा.प. प्रथम श्रेणीको कार्यालय प्रमुख हुने विभागीय कार्यालयमा खरिद तथा जिन्सी व्यवस्थापन कर्मचारी

प्रशासनलगायत कार्यका लागि नेपाल प्रशासन सेवाका शाखा अधिकृतको दरवन्दी अभाव देखिन्छ।

त्यसैगरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण, शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता परीक्षण, शैक्षिक मुद्दाहरूको अनुसन्धान र विकास गर्ने जस्ता कार्यहरू गरिनु पर्ने यस केन्द्रमा विज्ञान, गणित, नेपाली र अङ्ग्रेजी विषयको एक एक जना प्राविधिक अधिकृत रहे पनि यो पर्याप्त देखिंदैन । परीक्षण र मूल्याङ्कनसँग सम्बन्धित विज्ञ, बालविकाससँग सम्बन्धित विज्ञ, डाटा वेस र अनुसन्धानसँग सम्बन्धित विज्ञजस्ता यस केन्द्रका लागि आवश्यक पूर्णकालीन विज्ञ रहने व्यवस्था छैन । उपलव्ध जनशक्तिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा नियमित रूपमा क्षमता विकास गर्ने अवसर छैन । परीक्षण तथा मूल्याङ्कन, अनुसन्धान तथा विकास र प्रतिवेदन लेखनका लागि सक्षम जनशक्ति तयार गर्ने योजनाको अभाव रहेको छ । छिटो छिटो हुने सरूवा तथा पदस्थापन, सही व्यक्तिको पदस्थापन नहुँदा जनशक्ति व्यवस्थापमा स्थायित्व हुन सकेको छैन। यसले गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनमा गुणस्तरीयता, नियमितता, प्रभावकारिता र संस्थागत गर्ने विषयमा समस्या देखिएको छ।

### (ग) समन्वय र सहकार्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय; शिक्षा तथा मानव स्रोत विकास केन्द्र; पठ्यक्रम विकास केन्द्र; राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश सरकारअन्तर्गतको सामाजिक विकास मन्त्रालय, स्थानीय तह, विद्यालय, शिक्षाका विभिन्न सङ्घ संस्थासँग समन्वय र सहकार्य गरी आफ्नो कार्यसम्पादन गर्नुपर्ने अवस्था छ । विभिन्न परीक्षणका आधारमा प्राप्त नतिजाको विश्लेषण गरी सिफारिस गरिएका विषयहरू शैक्षिक गुणस्तर अभिवृद्धिका लागि केन्द्र आफूले कार्यान्वयन गर्नेभन्दा पनि विषय उजागर गरी सम्बन्धित तहका सरकार तथा निकायहरूले गर्नुपर्ने हुन्छ । यसका लागि तहगत सरकार एवम् सरकारका निकायहरूसँग लम्बीय तथा क्षितिजीय (Horizontal & Vertical) समन्वय कायम गरी प्रतिवेदनका सिफारिसका विषयहरू नीति तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा समस्या देखिएको छ ।

## ६.२ चुनौती

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय र शैक्षिक निकायको कार्यसम्पादन परीक्षण, स्थानीय तहमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण गरी शैक्षिक अवस्थाको

लेखाजोखा गर्ने गर्छ । परीक्षणबाट प्राप्त नतिजाको वस्तुगत रूपमा विश्लेषण गरी गुणस्तरीय शिक्षाका लागि शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गरी सिफारिस गर्ने गर्छ । तर सिफारिस कार्यान्वयन गर्न सम्बन्धित निकायलाई कानुनी रूपमा बाध्यकारी व्यवस्था नभएकाले हालसम्मको अवस्था हेर्दा केन्द्रले परीक्षण गरी सुधारको सिफारिस गर्ने र अन्य निकायले सिफारिस कार्यान्वयन नगर्ने अवस्था देखिएको छ। यस सम्बन्धमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक सुधारका लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्ने विषय चुनौतीपूर्ण रहेको छ । मुख्य चुनौतीलाई निम्नानुसार प्रस्तुत गरिएको छः

क. आर्थिक प्रशासनको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, औचित्य र सान्दर्भिकता जस्ता विषयको परीक्षण गरी प्रतिवेदन पेस गर्न महालेखा परीक्षकको कार्यालय स्वतन्त्र र स्वायत्त भए जस्तै गरी शिक्षा प्रशासनको गुणस्तरीयता, सान्दर्भिकता, विश्वसनीयता, वैधता, पारदर्शिता, प्रभावकारिता जस्ता विषयको परीक्षण गरी प्रतिवेदन पेस गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई स्वतन्त्र र स्वायत्त बनाउने कार्य चुनौतीपूर्ण देखिएको छ । त्यसैगरी महालेखा परीक्षकको प्रतिवेदन संसदमा पेस भई सम्बन्धित विषयगत समितिमा छलफल हुने र उक्त समितिले प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक दबाब दिने गर्छ । तर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण गरी सार्वजनिक गरेको प्रतिवेदन संसदमा पेस गर्ने र विषयगत समितिमा छलफल हुने कुनै कानुन प्रावधान नभएकाले संसदमा छलफल गरी कार्यान्वयनका लागि निर्देशन दिने बलियो आधार बनाउने विषय चुनौतीपूर्ण रहेको छ ।

ख. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणका क्षेत्रमा विभिन्न अन्तर्राष्ट्रिय परीक्षणहरूले प्रयोग गर्दै आइरहेका विधि र प्रविधिहरूको प्रयोग गर्ने गरेको छ । यो विधि र प्रविधिमा अभ्यस्त जनशक्तिको देशभित्र अत्यन्तै अभाव छ । त्यसैले शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा यस कार्यमा संलग्न प्राविधिकहरूको साथसाथै विश्वविद्यालय तथा अनुसन्धान केन्द्रका जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी यसका कार्यहरूलाई दिगोपन दिने र थप परिष्कृत बनाउनु एउटा जल्दोबल्दो चुनौती हो ।

ग. शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा र देशभित्र बजारमा रहेका जनशक्तिको क्षमता अभावका कारण शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सङ्कलन गरेका तथ्याङ्क तथा सूचनाहरूबाट आम सरोकारवालाहरूले प्रयोग गर्न मिल्ने दस्ताबेजहरू शैक्षिक प्रतिवेदन, जर्नलहरू आदि पर्याप्त मात्रामा प्रकाशन र निर्माण गर्न सकिएको छैन । त्यसैले तथ्याङ्क र सूचनाहरू अझै प्रयोगयोग्य बनाउनु अर्को चुनौती हो ।

घ. त्यस्तै शिक्षा क्षेत्रका अभ्यासकर्ताहरूको सहभागितामा केन्द्रका नतिजाहरूको विश्लेषण गर्दै यसले देखाउन खोजेका मुख्य मुख्य कुराहरू के के हुन् ? यसको सुधारका लागि के के गर्न सकिन्छ ? सुधारका लागि कसले के के गर्ने ? भन्ने सन्दर्भमा अध्ययनपश्चातको Intervention Plan विकास गरी कार्यान्वयनमा ल्याउनु चुनौतीपूर्ण देखिएको छ ।

## ६.३ अवसर

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय र शैक्षिक निकाय तथा कार्यक्रमको कार्यसम्पादन परीक्षण र लघु अनुसन्धान र विकासका कार्यहरू सम्पादन गर्दै आएको छ । यस केन्द्रको कार्यसम्पादनका लागि देखिएका अवसरहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

क. नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा राखेको छ । त्यसैगरी संविधानको धारा ५१ को राज्यका नीतिहरूअन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने विषय उल्लेख छ । संवैधानिक व्यवस्थाअनुरूप नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन शिक्षासम्बन्धी नीति तथा कार्यक्रममा निरन्तर सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ जसले गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आफ्नो कार्यसम्पादनलाई थप सशक्त बनाउन बल पुगेको छ ।

ख. शिक्षा ऐन, २०२८ को आठौं संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कार्यसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ । त्यसैगरी ऐनको दफा ७ ख को उपदफा (६) मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने भन्ने व्यवस्था रहेको छ । यसले शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई कानुनी आधार दिएको छ ।

ग. शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ मन्त्रालयबाट जारी भई कार्यान्वयनमा रहेको छ जसले गर्दा केन्द्रका कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउने आधार दिएको छ ।

घ. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, प्रधानाध्यापकको नेतृत्व परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण, विद्यालय र शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण लगायतका कार्य गर्नका लागि अलग अलग मार्गदर्शन (Guideline) र साधनहरू विकास भई कार्यान्वयनमा रहेको छ । यसले कार्यसम्पादनलाई व्यवस्थित, प्रभावकारी र नियमित बनाउन मदत गरेको छ ।

ङ. विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) र विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना र यसको कार्य जिम्मेवारीका विषयमा स्पष्ट रूपमा व्याख्या गरेको छ । तसर्थ शिक्षासम्बन्धी हरेक योजनाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यजिम्मेवारीलाई समेट्दा यसको महत्त्व बढ्न गई कार्यसम्पादनमा सहजता आएको छ ।

च. शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन हुने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायको कार्यसम्पादन परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबलिकाको सिकाइ र विकासस्तर परीक्षण जस्ता मुख्य जिम्मेवारी सम्पादन गर्नका लागि आवश्यक सामग्री तथा साधन विकास र प्राविधिक सहायताका लागि विश्वबैंङ्क, युएसएआइडी, युनिसेफ, युनेस्को, वर्ल्ड एजुकेसन, ब्रिटिस काउन्सिल जस्ता विभिन्न विकास साझेदार संस्थाहरूबाट सहयोग प्राप्त हुँदै आएको छ । यसबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्रको थप गुणस्तरीय कार्यसम्पादनमा बल पुगेको छ ।

छ. सङ्घ, प्रदेश र स्थानीय सरकार गुणस्तरीय शिक्षा प्रदान गर्न कटिबद्ध रहेका छन् । नागरिक समाज, विकास साझेदार राजनीतिक दल लगायत सबै सरोकारवालामा गुणस्तरीय शिक्षाका लागि सचेतना बढेको छ । यसले गर्दा विद्यार्थीको सिकाइ उपलब्धि र शैक्षिक संस्थाको परीक्षण गरी सुधारका क्षेत्र पहिचान गर्न माग बढेको अवस्था छ । यो शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि अवसरको विषय हो ।

ज. शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कामकारबाहीका सम्बन्धमा विस्तारै स्थानीय तहसम्म प्रचारप्रसार तथा सचेतना हुँदै गई परीक्षणको आवश्यकता र औचित्य क्रमश: स्थापित हुँदै गएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनमा सरोकारवालाको चासो र चिन्ता बढ्दै गएको छ । विभिन्न स्थानीय तहबाट विद्यार्थी उपलब्धिको परीक्षण गरिदिन र प्राविधिक सहायता अपलब्ध गराइदिन अनुरोध हुँदैं आएको अवस्था छ ।

झ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेका स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारअन्तर्गत विद्यार्थी उपलब्धिको परीक्षण गर्ने विषय समेटिएकाले स्थानीय सरकारलाई सो सम्बन्धमा चासो बढ्नु पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि अवसर हो ।

# परिच्छेद ७

# भावी कार्यदिशा

## (क) ऐन, कानुन, नियमावली तथा निर्देशिकामा समयानुकूल सुधार गर्ने

सङ्घीय शिक्षा ऐनमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुख शिक्षा परीक्षकको योग्यता कम्तीमा पनि शिक्षा सेवाको विशिष्ट श्रेणीको पदमा काम गरेको व्यक्ति हुनुपर्ने व्यवस्था व्यवस्था गरिनुपर्छ । प्रमुख शिक्षा परीक्षक नियुक्तिलाई अनिवार्य गरिनुपर्छ । शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परीक्षणबाट प्राप्त तथ्याङ्कको वस्तुगत विश्लेषण गरी सोको आधारमा सिफारिससहितको प्रतिवेदन नेपाल सरकारमार्फत संसदमा पेस भई छलफल हुने र सम्बन्धित निकायले कार्यान्वयन गर्ने स्पष्ट कानुन व्यवस्था गरिनुपर्छ । त्यसैगरी शिक्षा नियमावलीमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने काम, कर्तव्य र अधिकार; महानिर्देशकको काम, कर्तव्य र अधिकार एवम् विषयगत समितिमा रहने पदाधिकारीको योग्यता र सो समितिको काम, कर्तव्य र अधिकार स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ मा समसामयिक संशोधन गरी स्तरीकृत परीक्षण मूल्य, सिद्धान्त, परीक्षण प्रक्रिया, परीक्षणपश्चातको तथ्याङ्क विश्लेषण एवम् नतिजा प्रकाशन समयसीमा, परीक्षणमा संलग्न विज्ञ, कर्मचारी र विषयगत समितिको आचार संहिता, खर्च गर्ने आधार तथा मापदण्ड लगायतका विषयमा स्पष्ट व्यवस्था गर्नु जरूरी देखिन्छ।

## (ख) परीक्षणका मार्गदर्शन र साधन समयानुकूल बनाउने

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालयहरूको कार्यसम्पादन परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण, शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता परीक्षण, शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि लेखाजोखा, प्रधानाध्यापकको नेतृत्व परीक्षणलगायत परीक्षणका लागि विकास गरिएका मार्गदर्शन र साधनलाई समयसापेक्ष र अध्यावधिक गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आफ्नो कार्यसम्पादनलाई वस्तुगत, वैज्ञानिक, आधुनिक र वैध बनाउनु आवश्यक हुन्छ ।

## (ग) संरचनाको पुनसंरचना गर्ने

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनका विषयलाई गुणस्तरीयता नियमितता, प्रभावकारिता र संस्थागत गर्न आवश्यकताअनुसार परीक्षण तथा मूल्याङ्कनसँग सम्बन्धित विज्ञ, बालविकाससँग सम्बन्धित विज्ञ, अनुसन्धान र प्रतिवेदनसँग सम्बन्धित विज्ञ, डाटा वेस व्यस्थापनसँग सम्बन्धित विज्ञसहित कम्तीमा पनि एक विषयमा २ जनासम्म विषयगत विज्ञहरूको

दरबन्दी सिर्जना गरिनुपर्छ । उपलव्ध जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको नियमित क्षमता विकासका अवसरहरूको व्यवस्था गरिनुपर्छ । मुख्य विषयका विषयगत पाठ्यक्रम, परीक्षण तथा मूल्याङ्कन, अनुसन्धान तथा विकास र प्रतिवेदन लेखनसँग सम्बन्धित विज्ञ जनशक्ति समूह तयारीको योजना निर्माण गरी सोअनुरूप कार्यान्वयन गरिनुपर्छ ।

त्यसैगरी दैनिक प्रशासनिक कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि लेखापाल, नेपाल प्रशासन सेवाका शाखा अधिकृतलगायत विभागीय कार्यालयका लागि पदसोपान अनुरूपका दरबन्दी संरचनामा पुनरवलोकन गरिनुपर्छ । प्रभावकारी कार्यसम्पादनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयको समन्वयमा जनशक्ति व्यवस्थापनलाई स्थायित्व र प्रभावकारी बनाउनु आवश्यक छ ।

## (घ) समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने

शैक्षिक कार्यक्रम, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण र शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण एवम् लेखाजोखा गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सुधार गर्नुपर्ने क्षेत्रमा गरिएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि तहगत सरकार एवम् सरकारका निकायहरूसँग Horizontal र Vertical समन्वय कायम गर्नु आवश्यक छ । यसका लागि तहगत सरकार एवम् सरकारका निकायहरूसँग निरन्तर सम्पर्क गर्ने र सञ्चार मध्यम एवम् सञ्चारकर्मी समेतबाट सचेतना अभियान सञ्चालन गर्नु जरूरी देखिन्छ ।

## (ङ) अन्य

- सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यमा NASA चक्रको प्रभावकारी कार्यान्वयनको वातावरण सिर्जना गर्ने
- उपयुक्त भौतिक तथा मानव संसाधन क्षमता विकासको योजना तर्जुमा गरी केन्द्रको विद्यमान अवस्थामा यथोचित पुनर्संरचना गर्ने
- परीक्षण एवम् मूल्याङ्कनका क्षेत्रमा समय समयको तालिम प्राप्त सम्बन्धित कक्षामा अध्यापन गर्ने विषय शिक्षक तथा उच्च तहको विज्ञता भएका परिमार्जनकर्ता (Moderator) सहितको रोस्टर तयार पारी परीक्षण साधन विकास गर्ने गराउने
- विद्यालय शिक्षा क्षेत्र योजनासँग तालमेल मिलाउने गरी परीक्षण तालिका विकास गरी कार्यान्वयनमा ल्याउने
- उत्तरपुस्तिकाको परीक्षणका लागि वस्तुगत मार्गदर्शन तथा उत्तरकुञ्जिका विकास गर्नुका साथै तथ्याङ्क प्रविष्टि, सफाइ एवम् विश्लेषणका लागि केन्द्रमा एउटा प्रभावकारी एकाइको प्रबन्ध गर्ने

- आवश्यकताअनुसार परीक्षण तथ्याङ्क विश्लेषणमा प्रश्न विश्लेषण विधि (Item Response Theory/IRT) र परम्परागत परीक्षण विधि (Classical Test Theory/CTT) दुवैको प्रयोग गरी परीक्षण सञ्चालन भएको ६ महिनाभन्दा ढिला नहुने गरी प्रतिवेदनहरू सार्वजनिक गर्ने
- प्रतिवेदनको प्रयोगलाई बढावा दिन बहुप्रतिवेदन प्रणाली प्रयोग गर्नु उचित हुन्छ। विषयगत प्रतिवेदन (Thematic Report) केन्द्रका तर्फबाट तयार पार्ने एवम् यदि कुनै संस्थाले केन्द्रको तथ्याङ्कबाट विषयगत प्रतिवेदन (Thematic Report) तयार पार्न चाहेमा केही कानुनी प्रावधानसहित उपलब्ध गराउने
- प्रदेश तहलाई नासा कार्यान्वयनको अभियानमा सहभागी गराउन केन्द्रका तर्फबाट कोरा तथ्याङ्क (Raw Data) शुद्धीकरण गरी प्रदेशको सम्बन्धित मन्त्रालयलाई हस्तान्तरण गर्ने। त्यसका आधारमा प्रदेशले वार्षिक रूपमा प्रदेशस्तरीय विस्तृत प्रतिवेदन तयार पारी तदनुरूप सुधार कार्यक्रम कार्यान्वयनको प्रबन्ध गर्ने
- नासाका नतिजाहरूलाई विश्वव्यापी सक्षमता (Global Proficiency) सँग जोड्नु तथा अन्य अन्तर्राष्ट्रिय बृहत् दायराका परीक्षण (Large scale assessments) सँग तुलना गर्नुका साथै दिगो विकास लक्ष्य (SDG-4) सूचकमा आधारित विश्वव्यापी प्रतिवेदन प्रणालीलाई कडाइका साथ प्रयोग गर्ने
- केन्द्रलाई शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालयको प्रत्यक्ष प्रभाव र नियमनबाट स्वतन्त्र राखी स्वायत्त तथा स्वतन्त्र निकायका रूपमा विकास एवम् सबलीकरण गर्ने
- केन्द्रलाई पर्याप्त पूर्वाधार र सूचना प्रविधिसहित सुसज्जित गर्ने
- केन्द्रसँग परीक्षण र मूल्याङ्कनका सम्बन्धमा यथोचित योग्यता र तालिम भएका पदाधिकारीहरू नियुक्त गर्न मिल्ने गरी स्थायी दरबन्दी सिर्जना गर्ने
- केन्द्रका सम्बन्धित प्रतिनिधिहरूलाई मूल्याङ्कनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाबाट आह्वान गरिने क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरूमा सहभागिताको अवसर प्रदान गर्ने
- सामयिक रूपमा गरिने राष्ट्रिय परीक्षणका नतिजाहरू विद्यालय तहसम्म प्रवोधीकरण गरी विद्यालयहरूलाई सिकाइ सुधार योजना बनाउन र विद्यार्थी सिकाइ उपलब्धि बढाउने क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्ने
- राष्ट्रिय परीक्षण प्रणालीलाई सुदृढीकरण गर्नका लागि अन्तर्राष्ट्रिय परीक्षण साधनका कतिपय साधनहरूलाई Calibrate गर्ने एवम् IRT Modelling प्रयोग गरी तुलना गर्ने

# सन्दर्भ सामग्री

शैक्षिक गुणस्तर परीक्षण केन्द्र. (वि.सं २०७७). शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएका उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण र अध्ययन अनुसन्धानका प्रतिवेदनहरूको एकीकृत सारांश प्रतिवेदन, २०७७ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र. (वि.सं २०७७क). शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन २०७६/२०७७ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र. (वि.सं २०८०). शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन २०७९/८० ।

Huw Davies, Sandra Nutley and Isabel Walter (2010). Using Evidence: How Social Research could be Better Used to Improve Public Service Performance. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (2010). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp 199-232). Cambridge University Press.

Nuno Crato (ed.). (2021). Improving a Country's Education: PISA 2018 Results in 10 Countries. Springer.

Robert J. Marzano. (2003). What Works in Schools: Translating Research into Action. ASCD

Steve Martin (2010). Knowledge from Inspection: External oversight and information to improve performance. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (2010). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp 16-32). Cambridge University Press.

Steven Van De Walle and Wouter Van Dooren. (2010). How is information used to improve performance in the public sector? Exploring the Dynamics of Performance Information. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (2010). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp 33-54). Cambridge University Press.

## अनुसूची-१
## शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठन संरचना

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

**महानिर्देशक**
**रा.प.प्रथम (शि./शि.प्र.)-१**

**विषय समितिहरू**

**परीक्षण समितिहरू**

**योजना, अनुगमन तथा प्रशासन इकाइ**

निर्देशक रा.प.द्वि. (शि./शि.प्र.) -१
शाखा अधिकृत रा.प.तृ. (शि./शि.प्र./नि.) -२
लेखा अधिकृत रा.प.तृ. (प्र./लेखा) -१
ना.सु.रा.प.अनं.प्र. (प्र.सा.प्र.) -२
प्रा.स. रा.प.अनं. प्र. (शि./शि.प्र./नि.) -२
क.अपरेटर रा.प.अनं. (वि.) -२
हलुका सवारी चालक श्रेणीविहीन -२
कास श्रेणीविहीन -४

**विद्यार्थी उपलब्धि परीक्षण इकाइ**

निर्देशक रा.प.द्वि. (शि.प्र. तथा मू./शै.प. तथा मू.) -१
प्राविधिक अधिकृत (शि.प्र.),नेपाली -१
प्राविधिक अधिकृत (शि.प्र.), गणित -१
प्राविधिक अधिकृत (शि.प्र.), विज्ञान -१
प्राविधिक अधिकृत (शि.प्र.), अंग्रेजी -१
शाखा अधिकृत रा.प.तृ. (शि./शि.प्र./नि.) -२
तथ्याङ्क अधिकृत (आ.यो. तथा न./त.) -१

**कार्यसम्पादन परीक्षण इकाइ**

निर्देशक रा.प.द्वि. (शि./शि.प्र.) -१
शाखा अधिकृत (शि./शि.प्र./नि.) -२

**अनुसन्धान तथा विकास इकाइ**

निर्देशक रा.प.द्वि. (शि./शि.प्र.) -१
शाखा अधिकृत (शि./शि.प्र./नि.) -२

## अनुसूची-२

## शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषयगत समितिहरूको विवरण

### नेपाली विषय समिति

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | डा. रमेशप्रसाद भट्टराई | प्राध्यापक | |
| २. | सदस्य | | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर। |
| ३. | सदस्य | नारायणप्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर। |
| ४. | सदस्य | डा. राजेन्द्र खनाल | उपप्राध्यापक | त्रि. वि. कीर्तिपुर |
| ५. | सदस्य | महेन्द्र न्यौपाने | उपप्राध्यापक | त्रि. वि. कीर्तिपुर |
| ६. | सदस्य | निराकुमारी श्रेष्ठ | माध्यमिक शिक्षक | श्री गम्भिर समुद्र सेतु मा.वि. ललितपुर |
| ७. | सदस्य | विष्णु अधिकारी | माध्यमिक शिक्षक | सैनिक आवासीय मा.वि. भक्तपुर |
| ८. | सदस्य | | प्राविधिक अधिकृत | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर |
| ९. | सदस्य | | पाठ्यक्रम अधिकृत | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर |
| १०. | सदस्य सचिव | | प्राविधिक अधिकृत | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर। |

### २) गणित विषय समिति

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा वेदराज आचार्य | प्राध्यापक | त्रि. वि. कीर्तिपुर, काठमाडौं |
| २. | सदस्य | | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर। |
| ३. | सदस्य | डा.विनोदप्रसाद पन्त | उपप्राध्यापक | काठमाडौं विश्वविद्यालय धुलिखेल |

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| ४. | सदस्य | ज्ञानेन्द्र वन | विज्ञ | |
| ५. | सदस्य | नारायणप्रसाद झा | माध्यमिक शिक्षक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ६. | सदस्य | नवीन पौडेल | माध्यमिक शिक्षक | बुढानीलकण्ठ स्कुल काठमाडौं |
| ७. | सदस्य | अनिलकुमार झा | माध्यमिक शिक्षक | जनविकास मा.वि. बल्खु |
| ८. | सदस्य | डा.श्यामप्रसाद आचार्य | पाठ्यक्रम अधिकृत | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ९. | सदस्य | | प्राविधिक अधिकृत | शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर |
| १० | सदस्य सचिव | रितु श्रेष्ठ | प्राविधिक अधिकृत | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर। |

## अङ्ग्रेजी विषय समिति

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा.बालमुकुन्द भण्डारी | प्राध्यापक | |
| २. | सदस्य | | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी,भक्तपुर |
| ३. | सदस्य | नारायणप्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी,भक्तपुर |
| ४. | सदस्य | डा. कमलराज देवकोटा | उपप्राध्यापक | शिक्षा शास्त्र केन्द्रीय विभाग,त्रिवि,कीर्तिपुर, काठमाडौं |
| ५. | सदस्य | डा. धनपति सुवेदी | उपप्राध्यापक | काठमाडौं विश्वविद्यालय,धुलिखेल काभ्रेपलान्चोक |
| ६. | सदस्य | सुजना लामिछाने | माध्यमिक शिक्षक | पदमोदय स्कुल पुतलीसडक |
| ७. | सदस्य | स्वस्ती लम्साल | शिक्षक | पाठशाला फाउन्डेसन |
| ८. | सदस्य | विनोदराज भट्ट | प्राविधिक अधिकृत | शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी |
| ९. | सदस्य | नवीन खड्का | पाठ्यक्रम अधिकृत | पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी |
| १०. | सदस्य सचिव | | शाखा अधिकृत | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी,भक्तपुर |

## विज्ञान तथा प्रविधि विषय समिति

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | गेम प्रसाद गुरुङ | प्राध्यापक | त्रि.वि. कीर्तिपुर, काठमाडौं |
| २. | सदस्य | | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | नारायणप्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ४. | सदस्य | डा. प्रतिमा ताम्राकार | सहप्राध्यापक | सानोठिमी क्याम्पस सानोठिमी |
| ५. | सदस्य | नेत्रप्रसाद अर्याल | उपप्राध्यापक | ताहाचल क्याम्पस काठमाडौं |
| ६. | सदस्य | कृष्णप्रसाद पाण्डे | शिक्षक | लिटल एन्जेल्स स्कुल |
| ७. | सदस्य | ध्रुवप्रसाद गौतम | शिक्षक | शिवपुरी मा वि |
| ८. | सदस्य | लवदेव भट्ट | पाठ्यक्रम अधिकृत | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| ९. | सदस्य | | प्राविधिक अधिकृत | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर |
| १०. | सदस्य सचिव | | प्राविधिक अधिकृत | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

## कार्यसम्पादन परीक्षण विषय समिति

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा. हेमराज ढकाल | प्राध्यापक, | त्रि.विद्यालय, कीर्तिपुर, काठमाडौं |
| २. | सदस्य | | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | प्रा.डा. बासुप्रसाद सुवेदी | प्राध्यापक | काठमाडौं विश्वविद्यालय, धुलिखेल |
| ४. | सदस्य | | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ५. | सदस्य | डा. कुलप्रसाद खनाल | उपप्राध्यापक, | काठमाडौं विश्वविद्यालय, धुलिखेल |
| ६. | सदस्य | प्रा.डा. रेवतकुमार ढकाल | उपप्राध्यापक, | काठमाडौं विश्वविद्यालय, धुलिखेल |

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| ७. | सदस्य | डा. जानुका नेपाल | प्रधानाध्यापक | निलवाराही माध्यमिक विद्यालय, कालिमाटी, काठमाडौं |
| ८. | सदस्य | रञ्जना बजगाईं | प्रधानाध्यापक | एसओएस स्कुल, सानोठिमी, भक्तपुर |
| ९. | सदस्य | मुकुन्द शर्मा | प्रधानाध्यापक | लिटिल एन्जेल्स विद्यालय, हात्तिवन, ललितपुर |
| १०. | सदस्य सचिव | | शाखा अधिकृत | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

**द्रष्टव्य** : अनुसन्धान तथा विकास इकाइसँग सम्बन्धित अनुसन्धान सर्वेक्षण तथा कार्यसम्पादन परीक्षण कार्य भएमा कार्यसम्पादन परीक्षण इकाइका निर्देशक सदस्य र शाखा अधिकृत सदस्य सचिवको सट्टा समितिमा अनुसन्धान तथा विकास इकाइबाट सदस्य र सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर